वर्ष : १३, अंक : ३९, काठमाडौं, २०७४ माघ ५ गते शुक्रबार 19 January 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## विशेष सम्पादकीय

# गजेन्द्रनारायणको पथ र मधेशको राजनीति

'गजेन्द्र नारायण सिंहले जीवन पर्यन्त जुन एजेण्डाका लागि, मधेशी र जनजातिको अधिकारका लागि लडाईं लडे, ती एजेण्डालाई पूरा गराउनु र उनको सपनालाई साकार बनाउनु नै उनीप्रतिको सच्चा श्रद्धाञ्जलि हुनेछ' नेपालमा मधेश आन्दोलनका प्रणेता, सशक्त अगुवा तथा नेपाल सद्भावना पार्टीका संस्थापक अध्यक्ष गजेन्द्र नारायण सिंहको विषयमा मधेशी दलका नेताहरूले यसैगरी उनको मुक्तकंठले प्रशंसा गर्छन् र आफू उनको अनुयायी भएको पनि बताउँछन् तर व्यवहारमा उनीहरू स्वर्गीय सिंहको आदर्श र सिद्धान्तलाई अवलम्बन गरेको पाइदैन । यहि यर्थाथ चित्रण हो मधेशको राजनीतिको । स्वर्गीय सिंहलाई आदर्श व्यक्तित्व ठान्ने तर उनको पदचिन्हलाई वेवास्ता गरी राजनीतिक पसल थाप्नेहरूको कमी छैन यहाँ । सिंहको निधन भएको झन्डै डेढ दशक भयो र उनको नाम राखेर करिब एक दर्जन संस्था पनि खोलिए तर सिंहको स्मरणका लागि र योगदानको चर्चा गर्नका लागि माघ १० गते उनको स्मृति दिवस नै कुर्नु पर्छ । अन्य दिनमा न त उनको चर्चा हुन्छ न त उनको योगदानलाई सही अर्थमा कदर नै गरिन्छ । स्व. सिंहले स्थापना गरेका नेपाल सदभावना पार्टीबाट थुप्रैले राजनीतिक यात्रा सुरू गरे पनि अहिले उनीहरूले सिंहलाई बिर्सेर व्यक्तिगत फाइदाका लागि राजनीतिक जोड घटाउमा व्यस्त छन् । स्व. सिंहले जीवनपर्यन्त मधेश र मधेशीका लागि वकालत गरे र अधिकारका लागि संघर्ष गरिरहे । तर उनले मधेशको आक्रोश उत्सर्गमा पुगेको अनुभव गर्न सकेनन् । उनको निधनपश्चात मधेशले तीनवटा आन्दोलन गरिसकेको छ तर अहिले पनि मधेशी जनता पूर्ण अधिकारसम्पन्न भइसकेको छैन । संविधानका अन्तर्वस्तुमा असहमति जनाउँदै संविधान जारी हुनभन्दाअघिदेखि सुरू भएको मधेश आन्दोलनको अवतरण कसरी भयो, मधेशले नै बुझेको छैन ।

वास्तवमा मधेश आन्दोलन कहिले पनि नटुंगिने यात्रा हो र संविधान निर्माणपश्चात् मधेश आन्दोलन विसर्जन मात्र भएको हो भन्ने एकथरिको विश्लेषण हो । व्यक्ति, समुदाय र समाजको लामो र कठिन संघर्षमा थकान महसुस भएपछि अल्पकालीन विश्राम भएको मात्र हो । मधेश आन्दोलनले दुईवटा कुरा स्थापित गरेको छ-आम मधेशीले काठमाडौंको पहाडे राज्यले ऐतिहासिक कालदेखि आफूमाथि गरेको अपमान बुझ्यो । र दोस्रो, पुरानो नेतृत्वको व्यापक आलोचनासँगै मधेशमा नयाँ नेतृत्वको खोजी भएको छ । तर नयाँ नेतृत्व देखिएको छैन । कारण, मधेशका अहिलेका नेतृत्वले स्व.सिंहको पदचिन्हमा सहि ढंगले चल्न नसक्दा बाटो बिराएको जस्तो छ र परिणमस्वरूप, मधेशले ३/३ पटक आन्दोलन गरिसक्दा पनि अझै अधिकारको लागि संघर्ष गर्नु नेतृत्व वर्गको कमजोरी नै हो ।

आन्दोलनलाई सहि दिशा दिन नसक्नु, सहि रूपमा नेतृत्व दिन नसक्नु, आन्दोलनको मर्मलाई समय सापेक्ष बुझ्न नसक्नु, आन्दोलनलाई सत्ताका लागि प्रयोग गर्नु जस्ता कारणले मधेशले बाटो बिराएको हो । मधेश बेगरको नेपाल कसैको पनि कल्पना होइन । नेपालको एकता मधेश आन्दोलनसँग जोडिएको छ । इतिहास र मौलिकतालाई मधेश आन्दोलनले पनि बुझ्नुपर्छ । मधेश आन्दोलन २००७ सालअघि पनि थियो । राणाशासन हटाउने आन्दोलनमा मधेश पनि थियो । छुट्टै आन्दोलन भन्दा पनि नेपालमा हुने गरेका क्रान्ति र आन्दोलनमा मधेश सहभागी थियो । र अहिले मधेशमा चेतना जागृत भयो । उसले आफ्नो पहिचान दह्रोसँग स्थापना गरेको छ ।

सोह्र बुँदे सहमतिसँगै औपचारिक रूपमै सुरू भएको 'इगो' र दाउपेच केन्द्रित मधेश राजनीतिका कारण पछिल्लो समय मुलुकमा कायम आपसी सद्भाव, मेलमिलाप, भाइचारामा दरार आएको हो कि जस्तो पनि देखिएको छ । हिजो एकात्मक केन्द्रिकृत शासन व्यवस्थामा देशका विभिन्न क्षेत्र, वर्ग, समुदाय, जातजाति पिछडिन पुगेको यथार्थ एक ढंगले नस्विकारिएको वा बहसमा नआएको होइन । यी समस्याकै बीचबाट आज राज्य पुनर्संरचनाको विषयले स्थान पाएको हो । तर, यसलाई तार्किक निष्कर्षमा पुऱ्याउन भने खासगरी ठूला राजनीतिक दलहरू चुकेको देखिन्छ ।

# 'मधेशी-थारूबीच सहकार्यको विकल्प छैन'




काठमाडौं । राज्यको मूलधारबाट वञ्चितिकरणमा पारिएका थारू समुदायले अधिकार प्राप्तिका लागि मधेशीसँग सहकार्य गर्नुको विकल्प नरहेको एक कार्यक्रमका वक्ताहरूले बताएका छन् । 'संविधानमा थारू पहिचान (तर्क, ज्ञान र सत्ताको विमर्श' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । थारू अधिकारकर्मी तथा अभियन्ताहरूले संविधानमा थारूको अवस्थाबारे बहस गरेका छन् ।

संयुक्त राष्ट्रिय थारू सभा र प्रभुनारायण चौधरी स्मृति प्रतिष्ठानले शनिबार मधेश मिडिया हाउसमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा थारू अभियन्ताहरूले संविधानमा भएका र समावेश गर्नुपर्ने मुद्दाहरूबारे प्रकाश पारेका थिए ।

थारू आयोग बन्नु सकारात्मक भएपनि त्यसले थारू समुदायका हरेक समस्या समाधान हुने अवस्था नरहेको कार्यक्रमका वक्ताहरूले बताएका छन् । थारूले आफ्नो अधिकार संवैधानिकरूपमै सुनिश्चितताका लागि मधेशी, आदिवासी जनजातिलगायतसँग सहकार्य गर्नुको विकल्प नरहेको जिकिर गरेका छन् । कार्यक्रममा अधिवक्ता शान्ति मोदी थारूले एक कार्यपत्र प्रस्तुत गर्दै थारू पहिचानका बारे तर्कहरू राखेकी थिइन् ।

उनले मधेश विद्रोह भइरहेको समयमा थारूलाई काउन्टर पार्टको रूपमा उभ्याउँदा त्यसले मधेशी विद्रोहलाई कमजोर बनाएको निष्कर्ष निकालेकी हुन् ।

प्रभुनारायण चौधरी प्रतिष्ठानका अध्यक्ष विद्यानन्द लेखीको सभापतित्वमा सम्पन्न कार्यक्रममा थारू समुदायका बुद्धिजीवी, कानून व्यवसायी, पत्रकार, युवा विद्यार्थी लगायतले तर्क तथा सुझावहरू प्रस्तुत गरेका थिए ।

## यसभित्र...

स्मृतिमा शेषः मधेशका बलिदानी दिवस : उपेन्द्र झा आलेख पृष्ठ २ मा)

मधेशबिना राजनीति अगाडि बढ्न सक्दैन : विजयप्रसाद मिश्र (अन्तर्वार्ता पृष्ठ ३ मा)

यसरी भयो जानकी मन्दिरको गुठीमा ब्रह्मलुट : खोज पत्रकारिता केन्द्रको रिपोर्ट पृष्ठ ४ मा

सच्चा राजनेता गज्जुबाबु : श्रीमननारायण मिश्रको आलेख पृष्ठ ५ मा

सुनैनाको एकल चित्रकला प्रदर्शनी पृष्ठ ८ मा

# मधेश आन्दोलनको ११ वर्ष : के पाए, के गुमाए ?

**मधेशवाणी डेस्क**

काठमाडौं । २०६२/२०६३को दोस्रो जनआन्दोलन विश्राम नलिदै २०६३कै माघमा मधेशमा सुरू भएको पहिलो आन्दोलन माघ ३ गते ११ वर्ष पुरा गरेको छ । मधेश जनताले सदियौंदेखि आफूहरू राज्यको उत्पीडनमा परी आफ्नो अधिकार सुनिश्चित नहुन्जेल आन्दोलन नरोक्ने भन्दै आन्दोलन चर्काएका थिए । करिब तीस दिनभन्दा बढी समय मधेशमा आन्दोलन चल्यो । आन्दोलनमा ३५ जनाभन्दा बढि मधेशी युवाहरूले बलिदान दिएका थिए ।

सुरूमा राज्यले त्यति चासो नदेखाएको मधेश आन्दोलनले व्यापक रूप लिन थालेपछि राज्यको ध्यान मधेशतर्फ गयो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दुई/दुई पटक सम्बोधन गरेपछि मात्र आन्दोलन रोकिएको थियो । कुनै पनि राजनीतिक दलको आह्वान बिना भएको त्यो आन्दोलन मधेश आन्दोलनको पहिलो इतिहास हो । मधेश आन्दोलन राष्ट्रिय पहिचान, सामाजिक न्याय, स्वाभिमान र राज्यका विभिन्न तहमा उचित अवसर प्राप्तिका लागि मधेश जनताले स्वतस्फूर्त रूपमा गरेको आन्दोलन थियो ।

मधेश आन्दोलनले नै अन्तरिम संविधानमा संघीयता शब्दलाई स्थापित गराएको हो भने राज्यको हरेक तहमा समावेशी प्रवेश हुने अवसर पनि मधेश आन्दोलनकै उपलब्धि हो ।

२०६३ माघ १ गते नेपालमा अन्तरिम संविधान जारी भएपछि, खासगरी मधेशका मुद्दाहरू संविधानमा व्यवस्था नगरिएको भन्दै मधेशी जनअधिकार फोरमका नाममा नेताहरूले काठमाडौंमा संविधान जलाए र सरकारले उनीहरूलाई गिरफ्तार गरी




मुद्दा चलायो । लगत्तै त्यसको विरूद्धमा फोरमले मधेश बन्दको घोषणा गऱ्यो । त्यसले मधेशमा आन्दोलनलाई उत्प्रेरणा दिने काम गरेको थियो । आन्दोलनमा तत्कालीन भूमिका फोरमको भए पनि

माथिल्लो ओहोदामा तान्नासाथ त्यहाँको चुनौती स्वत: समाप्त हुने मानिन्थ्यो । तर राष्ट्रिय दलहरूले राष्ट्रियता, समावेशी तथा संघीय गणतन्त्रको नेपाली मोडेललाई बदलिएको राजनीतिक समीकरण अनुसार

## मतादेशको अपमान भयो

सम्पादकीय पृष्ठ २ मा

त्यसमा फोरमको नेतृत्व थिएन । २०६३ साल पछि पनि दुई पटक मधेशमा आन्दोलन भए । तर त्यस पछि पनि मधेश स्थिर हुन सकेको छैन । २००८ सालबाट मधेशका नाममा राजनीति सुरू गरेका बेदानन्द झा हुन् या अहिलेका मधेश केन्द्रित राजनीतिक दलका नेताहरू, सबैले मधेशलाई सत्तामा जाने भऱ्याङको रूपमा मात्र उपयोग गरेका छन ।

**मधेश राजनीतिको उदय**

पहिलो संविधानसभा निर्वाचनको पूर्व सन्ध्यामा भएको मधेश आन्दोलनभन्दा अघि कुनै राजनीतिक दलले मधेशमाथि विमर्श गर्नुपर्ने आवश्यकता देखेका थिएनन् । त्यसबेलासम्म मधेश राजनीतिको सानो सरोकार समूहलाई

सन्तुलित नबनाउँदा मधेश आन्दोलन भयो र त्यसले मधेशको राजनीतिक नक्सालाई नै फेरिदियो ।

पहिलो संविधानसभा हरेक हिसाबले माओवादीमय र मधेशमय रह्यो । ती दुवै शक्तिले आफूलाई नयाँ र अग्रगामी शक्ति दाबी गरिरहँदा अन्य दल भने प्रतिरक्षामा रहे । मधेशी नेतृत्वको सैद्धान्तिक अवसरवाद तथा असाधारण सांगठनिक विघटनले व्यक्तित्व पनि स्खलन भइरहँदा मधेशको राजनीतिक तस्वीर उज्याल देखिएको छैन ।

केन्द्रमा मधेश

केन्द्रीकृत राज्यसत्ताद्वारा गरिएको विभेदबाट सीमान्तकृत बनेका मधेशीको अधिकारको सुनिश्चित गर्ने दायित्व मधेशी दलमा छ । तर, मधेशी नेतृत्वको

असैद्धान्तिक सत्ता साझेदारीले सबै मुद्दाहरूलाई विवादित, कमजोर तथा अवस्तुवादी बनाइदिएको छ ।

सरकार बनाउने र गिराउने खेलको माहिर मधेशी दलहरूले विगतमा मधेश आन्दोनको नाममा गरेका सम्झौता र सहमितप्रति संवेदनशीलता र उत्तरदायित्व नदेखाएको प्रतीत हुन्छ ।

मधेश आन्दोलन र त्यसले निर्माण गरेको नेतृत्वलाई फकाएर र छक्याएर तात्कालीन राजनीतिक गाँठो फुकाउनेबाहेक त्यस्ता सम्झैताहरूको कुनै व्यावहारिक प्रयोजन देखिएन । मुख्य दलहरूले मधेशका महत्वाकांक्षी नेताहरूको व्यक्तिगत स्वार्थको सम्बोधन गरिदिने तर मधेशीको अधिकारलाई वास्ता नगर्ने रणनीति अख्तियार गरे । मधेशी अभिजात वर्गीय नेतृत्वले पनि आफ्नो स्वार्थ पूरा भएपछि मधेशीको अधिकारको वास्ता नगर्दा मुख्य दलहरूलाई सजिलो हुने नै भयो । यी सबै हुनुमा मधेशी नेताहरूको सत्तासीन सोच र प्रवृतिकै कारणले हो ।

मधेश आन्दोलन २०६३ पछि मधेशी पार्टीहरूले एमाले, कांग्रेस तथा एमाओवादीको प्रभावलाई घटाइदिएका थिए ।

अरू दलहरूको चाहना चाहिं मधेशमा गुमेको साखको पुन: प्राप्ति गर्नुबाहेक अन्य देखिन्न । खासगरी कांग्रेस र एमालेको तर मधेशमा अपनाउनुपर्ने चुनावी रणनीति उनीहरूका लागि अझै बुझ्न सक्नु पहेली भइरहेको छ । संघीय लोकतान्त्रिक गणतन्त्रमा मधेशले खोजेको आफ्नो राष्ट्रियता र सम्मानको भोकलाई नबुझी मधेशको नेतृत्व गर्न जो-कसैलाई पनि सम्भव देखिंदैन ।

मधेशले गरेको तीन-तीन पटकको

बाँकी पृष्ठ ८ मा

## मधेशीमाथि ट्राफिक प्रहरीको ज्यादती



काठमाडौं । कालो वर्ण भएको मान्छे काठमाडौंमा ज्यादतीको शिकार हुनु सामान्य घटना हुँदै गएको छ । कालो वर्णका मान्छे सबै मधेशी हुन् र उनीहरूलाई हेप्नुमा राज्यकै संयन्त्र लागेको उदाहरणहरू प्रशस्त पाउन थालेको छ ।

हालै राजधानीको नयाँ बानेश्वरमा भारतीय नम्बर प्लेटको गाडी चढेर आएका एक मधेशी नागरिकलाई त्यहाँ उपस्थित ट्राफिक प्रहरीले कुन हदसम्म अपहेलना र ज्यादती गरे, अनुमान गर्न सकिदैन । राज्यले जनताको सेवा गर्न पठाएका प्रतिनिधिले नै जनताविरूद्ध जाइलागे पछि जनताले आफ्नो राज्यको उपस्थिति कहाँ खोज्न जाने । नयाँ वानेश्वरमा बीआर०६पीसी८७३७ नम्बरको भारतीय गाडी चढेर आएका

बाँकी पृष्ठ ८ मा

## फाँसीलाई स्वीकार गर्ने योद्धाको जीवनीमा नाटक




काठमाडौं । गणतान्त्रिक आन्दोलनका प्रथम शहीद दुर्गानन्द झाको जीवनीमा आधारित मैथिली नाटक 'काशीदेवी' प्रदर्शन भइरहेको छ । दुर्गानन्द झाले कलिलो उमेरदेखि नै नेपालमा गणतन्त्र हुनुपर्छ भन्ने बुलन्द आवाजका साथ संघर्ष गरेका थिए । उनले गणतन्त्र प्राप्तिका लागि तत्कालीन राजा महेन्द्रले दिएको फाँसीको सजायलाई हाँसी-हाँसी स्वीकार गरेका थिए । गणतान्त्रिक योद्धा दुर्गानन्द झाको जिवन संघर्षमा आधारित मैथिली नाटक 'काशीदेवी' काठमाण्डौ स्थित सर्वनाम थियेटरमा प्रदर्शनमा रहेको छ । तत्कालिन पञ्चायती शासन विरूद्ध उनी संघर्ष गरेका थिए ।

गणतान्त्रिक आन्दोलनका योद्धा दुर्गानन्द २०१७ साल पुष १ गतेको कदम पछि पञ्चायती व्यवस्था विरूद्ध २०१८ माघ ९ गते जनकपुरमा राजा महेन्द्र चढेको गाडीमा बम प्रहार गरेका थिए । पञ्चायती सरकारले

बाँकी पृष्ठ ८ मा

समय-सन्दर्भ

संगीता रेग्मी



# मधेश आन्दोलनका आयामहरू

**आन्दोलनका नाममा शहीदका सपनालाई बेचेर सत्तारोहण गर्ने मानसिकता अहिले पनि मधेशी नेताहरूमा छ भने यो ठूलो भूल हुनेछ ।**

*'एक जुगमा एक दिन एक चोटी आउँछ, उलट-पुलट उथल-पुथल हेरफेर ल्याउँछ'* कवि गोपालप्रसाद रिमालको गीतका यी हरफ २०६२/०६३ को जनआन्दोलनको समयमा जति चर्चित थियो मधेशको कोणबाट हेर्दा अपवाद रहेको छ । २०६२/६३ को जनआन्दोलनमा सहभागी मधेशी जनताले अर्को आन्दोलन गर्न अर्को जुग कुरेनन् । २०६२/०६३ को उन्नाइस दिने दोस्रो जनआन्दोलनको वर्ष दिन नपुग्दै मधेशी जनताले अर्को आन्दोलन गरे ।

२०६३ को अन्तरिम संविधानमा असन्तुष्टि जनाउँदै मधेशी जनता आन्दोलनमा होमिए । राज्य संयन्त्रमा सम्मान सहभागिता, पहिचान र समानुपातिक निर्वाचन प्रणालीको मागसहित मधेश आन्दोलन भयो ।

२०६३ साल माघ ३ गतेबाट सुरू भएको मधेश आन्दोलन ११ औं वर्षमा प्रवेश गरेको छ । कुनै राजनीतिक दलको सहभागिता वा नेतृत्वमा नभई अन्तरिम संविधान जारी भएसँगै सिरहाको लहानबाट सुरु भएको पहिलो मधेश आन्दोलनले क्रमश: दोस्रो र तेस्रो चरण पार गरेको छ । सबै आन्दोलनहरूमा गरी सयौंले शहादत प्राप्त गरे भने हजारौं अंगभंग भए ।

यद्यपी पहिलो मधेश आन्दोलन कुनै राजनीतिक दलको नेतृत्वमा भएको थिएन । स्वस्फूर्त रूपमा भएको आन्दोलनको नेतृत्वदायी भूमिकामा न त कुनै दल थियो, न त कोही नेता नै ।

पहिलो मधेश आन्दोलन मधेश विद्रोहको रूप लिनुको पछाडि तात्कालीन माओवादीको गोली कारण बन्यो । जसले मधेशको भावना भड्काउन मद्दत गऱ्यो । २०६३ पछि २०७२ अर्थात ९ वर्षमा तीन पटकसम्म भएको मधेश आन्दोलन, मधेशी नेताहरूको शब्दमा, अहिले पनि जारी छ ।

**आन्दोलनको विविधता**

२०६३ माघ १ गते जारी भएको अन्तरिम संविधानमा संघीयताबारे उल्लेख नगरिएको विरोधमा तत्कालीन एनजिओको रूमा रहेको उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरमले यसैलाई मुद्दा बनाएर त्यसको भोलीपल्ट काठमाडौंको माइतिघर मण्डलामा अन्तरिम संविधानका केही प्रति जलाए । तत्कालीन गिरिजाप्रसाद कोइरालाले सरकारले उपेन्द्र यादव सहित २८ जनालाई गिरफ्तार गरेर सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाए पछि मधेशका विभिन्न ठाउँमा विरोध प्रदर्शन भइरहँदा माघ ५ गते लहानमा मधेशी युवा रमेश महतो माओवादी कार्यकर्ताको गोलीबाट मारिएपछि मधेशभरी विद्रोहको आगो दन्कियो । लहानबाट फैलिएको विद्रोह मधेशभरी फैलिएपछि तत्कालीन प्रधानमन्त्री कोइरालाले माघ १७ गते अर्थात १२ दिनपछि देशबासीको नाममा सम्बोधन गर्दै गर्दा मधेश आन्दोलनलाई वार्ताबाट समाधान गर्ने बताए ।

तर, त्यो सम्बोधन संघीयताबारे चर्चा नै नगरेकाले मधेशीले स्वीकारेनन् । आन्दोलन रोकिएन । जसका कारण प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला माघ २४ गते पुन: दोस्रो सम्बोधन गर्न बाध्य भए । यो सम्बोधनमा कोइरालाले संघीय राज्य प्रणाली र निर्वाचन क्षेत्र निर्धारण सम्बन्धी विषयमा अन्तरिम संविधान संशोधन गर्न आवश्यक व्यवस्था मिलाउने प्रतिवद्धता जनाए । माघ २४ गते अर्थात १९ दिन पछि २०६४ फागुन १६ गते ८ बुँदे सम्झौता भएपछि मात्र आन्दोलन रोकिएको थियो ।

आठ बुँदे सम्झौतामध्ये कति कार्यान्वयन भयो, कति भएन त्यो खोजीको विषय बन्न सक्छ तर आठ बुँदे सम्झौतापछि मधेशवादी दल सरकारमा आउजाउ गर्न थाले र त्यसक्रममा विभिन्न टुक्रामा विभाजित पनि भए ।

पहिलो मधेश विद्रोहको उपलब्धी भनेको मधेशी समुदायलाई संवैधानिक पहिचान दिनु नै हो । जसअनुसार अन्तरिम संविधानको पहिलो संशोधनले मधेश र मधेशीलाई संवैधानिक मान्यता प्राप्त भयो । त्यपछि मात्र समावेशी प्रतिनिधित्वको बाटो खुल्ला भयो ।

उपेन्द्र यादव नेतृत्वको तात्कालीन फोरम र राज्यबीच २०६३ मा भएको सम्झौताबमोजिम जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गरियो । संविधानसभाको प्रत्यक्ष निर्वाचनका लागि छुट्याएको २४० सिट मध्ये ११८ सिट तराई मधेशमा परे । समानुपातिक निर्वाचनमा पनि उस्तै पद्दति अपनाइयो । जसले मधेशको सिट बढायो । ६०१ सदस्यीय संविधानसभामा सबै दलबाट गरी मधेशी समुदायको २१० अर्थात ३४ प्रतिशत भन्दा बढीको प्रतिनिधित्व सम्भव भयो ।

यस्तै, पहिलो मधेश आन्दोलनको अर्को सफलता भनेको संघीयताको स्थापना हो । जुन मधेश आन्दोलनकै कारण तत्काल संविधानमा सुनिश्चित भएको हो ।

पहिलो मधेश आन्दोलन सरकार पक्षसँग केही सहमतिगरि रोकिएसँगै कांग्रेस, एमाले र माओवादी पार्टी भित्र यस विषयमा सवालहरू उठ्न थाले । त्यससँगै उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरम, राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टी र महन्थ ठाकुर नेतृत्वको तराई-मधेश लोकतान्त्रिक पार्टीले संयुक्त मधेशी मोर्चा गरी फागुन १ गतेदेखी दोस्रो मधेश आन्दोलन सुरू गऱ्यो । त्यो आन्दोलनले २०६४ चैत्र २८ गते पूर्व निर्धारित पहिलो संविधानसभा निर्वाचन नै अवरूद्ध हुने खतरा देखेपछि फागुन १६ गते तीन मधेशी पार्टीसँग सरकारले ८ बुँदे ऐतिहासिक सम्झौतापत्रमा हस्ताक्षर गर्न तयार भयो । दोस्रो मधेश आन्दोलनको ठिक अघि सद्भावना पार्टी र फोरम नेपालबीच लोकतान्त्रिक मधेशी मोर्चा गठन भएको थियो र हतार हतारमा गठन भएको तराइ मधेश लोकतान्त्रिक पार्टी पनि पछि त्यस मोर्चामा सहभागि भएपछि त्यसको नाममा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा गठन भयो र सोही मोर्चाको माध्यमबाट २०६४ साल फागुनको पहिलो साताबाट आन्दोलन शुरू भयो । आन्दोलनले तुरून्तै आफ्नो पिकअप लिए किनभने आन्दोलन स्थगित भए पनि फोरम नेपालले मधेशका जिल्लामा कुनै न कुनै रूपमा त्यसलाई जिवितै राखेका थिए ।

आन्दोलन अघि फोरम नेपालको २२ बुँदा र तमलोपाको ११ बुँदा माग प्रति तात्कालीन सरकारले कुनै चासो नदेखाए पछि तीन दलले संयुक्त रूपमा आन्दोलनको घोषणा गऱ्यो । १६ दिनसम्म चलेको दोस्रो मधेश आन्दोलनमाथि पनि सरकारको चरम दमन भयो र १० जनाले सहादत प्राप्त गरे ।

आन्दोलन अन्तिम चरणमा पुगिरहेको अवस्थामा राजेन्द्र महतो र महन्थ ठाकुर सरकारसँग गोप्य रूपमा वार्ता गरी आन्दोलनलाई तुहाउने प्रयास भयो ।

बालुवाटारमा मोर्चा र सरकारबीचमा फागुन १६ गते वार्ता भयो । र आठ बुँदे सम्झौता पनि भयो । सो वार्ता पछि आन्दोलनका सबै कार्यक्रमहरू फिर्ता लिई संविधानसभाको चुनावमा भाग लिने सहमति भयो । सहमति अनुसार तीनै मधेशी दल पहिलो सविधानसभामा भाग लिए । त्यसक्रममा फोरम नेपालमा विजयकुमार गच्छदार, शरतसिंह भण्डारीलगायत थुप्रै नेताहरू प्रवेश गरेका थिए र

बाँकी पृष्ठ २ मा



## सम्पादकीय



# मतादेशको अपमान भयो

मधेश आन्दोलनलाई अपमानित गर्दै मतादेशको मानमर्दन गरेका मधेशकेन्द्रित दलका नेतृत्वहरूले मधेशी जनता, शहीद, आन्दोलक र सहधर्मीसँग पुन: राजनीतिक बेइमानी गरेका छन् । मधेश आन्दोलनमा शून्य सहभागिता रहेका पात्रहरूबीच अवसर बाँड्नु, राम्राभन्दा पनि हाम्रालाई चयन गर्नु, सच्चा कार्यकर्ता र त्यागी पात्रहरूलाई लत्याउँदै भागवण्डाका आधारमा आफन्त, ग्राहक र साहुहरूलाई नियुक्ति दिएर मधेश आन्दोलनलाई बदनाम गर्ने / गराउने पात्रहरूका रूपमा इतिहासका पानाहरूमा तिम्रा कुकर्मको खण्डहरूलाई लेखिने मात्र होइन शहीदको रगत बिक्री वितरण गरे वापत कलंकितसमेत हुनु पर्ला । मधेशका नयाँ पुस्ताले तिमि अवसरवादीहरूलाई राजनीतिक कुकर्मीको रूपमा घृणा गर्नेछ ।

## सातको सात बात



अब विकास लागि राजनीति गर्ने अवसर आएको छ । नेपाली जनताले सोही प्रयोजनको लागि बाम गठबन्धनलाई दुई तिहाईको हाराहारीमा जनमत दिएको हो । मुल्कलाई आर्थिक रूपमा सबल र सक्षमबनाउने लक्ष्यका साथ नेकपामाओवादी र नेकपाएमालेबीच पार्टी एकीकरण हुनलागेको छ । **पुष्पकमलदाहाल, अध्यक्ष, माओवादी केन्द्र**



अब बन्ने बामपन्थी सरकारले संविधानलाई परिमार्जन र परिष्कृत गर्दै लैजानुपर्छ । संविधान परिवर्तनशील दस्तावेज हो । नेपालका राजनीतिक दलहरूमा अब पुस्तान्तरणको आवश्यकता रहेको छ । **झलकनाथ खनाल, वरिष्ठ नेता, नेकपा एमाले**



मधेशको समस्या देशको समस्या बन्नुपर्दछ र त्यसलाई वाम गठबन्धनले हल गर्न सक्छ भन्ने देखेर नै मैले जोखिम उठाएँ । नेकपा एमालेसँग दुईबुँदे सम्झौता गरेँ । वाम गठबन्धनको एउटा अभिन्न अंग भएँ । यो एउटा प्रयोग हो । **हृदयेश त्रिपाठी, सांसद**



पार्टी एकता हुन्छ, त्यसमा कुनै समस्या वा द्विविधा छैन । दुई अलग-अलग धारमा हिँडेको छुट्टै विचार, छुट्टै राजनीति र छुट्टाछुट्टै संगठन भएको पार्टीलाई मिलाउन केही समय भने लाग्न सक्छ । जनादेशले दुई पार्टी मिल्न भनेको छ, अब एमाले र माओवादी केन्द्र मिल्नैपर्छ । **कृष्णबहादुर महरा, नेता, माओवादी केन्द्र**



राष्ट्रियसभा सदस्यको लागि आकांक्षी जो-जो भएपनि त्यस विषयमा पार्टीभित्र कुनै छलफल भएको छैन । प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा राजपासँग सहकार्य भएकोले राष्ट्रियसभामा पनि हुनसक्छ तर औपचारिक छलफल भएको छैन । **राजेन्द्र श्रेष्ठ, सहअध्यक्ष, संघीय समाजवादी फोरम नेपाल**



हामीले वर्तमान संविधानमा खोटैखोट छन्, तिनलाई सच्याउनुपर्छ भन्दै आएका छौं । अहिले अघि बढ्ने क्रममा यसभित्रका खोट एकपछि अर्को प्रष्ट रूपमा देखिँदैछन् । आगामी दिनमा शपथपछि नयाँ सरकार निर्माण गरी ती खोटलाई पनि सच्याउँदै अघि बढ्नुपर्ने हुन्छ । **मनिष सुमन, महासचिव, राष्ट्रिय जनता पार्टी नेपाल**



नेपालको प्रविधि, पूर्वाधार, जलविद्युत् व्यापार लगायतका क्षेत्रमा सहकार्य गर्न भारत तयार छ । नेपालको विकास र समृद्धि नै भारतको मुख्य उद्देश्य रहेको छ । हामी भौगोलिक हिसाबले पनि नजिक रहेका छौं । हाम्रो सांस्कृति पनि उस्तै रहेको हुनाले भारत नेपालको अभिन्न मित्र हो । **मन्जीवसिंह पुरी, नेपालका लागि भारतीय राजदूत**

# स्मृतिमा शेष: मधेशका बलिदानी दिवस

## “खस” महिमा र मधेश आन्दोलन : भाग ३९७



❖ उपेन्द्र झा

राज्य र मधेशबीचको चर्को अन्तर्विरोधको पहाडलाई यति सजिलो हटाउन सकिन्न । मधेशीहरू आत्मसमर्पणबाहेक नेपाली शासकहरूको लागि स्वीकृत छैन । मधेश आफ्नो अधिकारका लागि सचेत भइसकेको छ । यस्तो अवस्थामा अन्तर्विरोधको छिनोफानो बिना क्रान्ति सम्भव नदेखिएकोले पनि मधेशको बाटो निर्दिष्ट छ । विगतको मधेश आन्दोलनमा राज्यद्वारा गरिएको बर्बर दमनको दृश्यले पनि पुष्टि गर्दछ ।

आज मधेशको ११औं बलिदानी दिवसको अवसरमा ज्ञात अज्ञात सबै शहीदहरूप्रति म हार्दिक श्रद्धाँजली अर्पण गर्न चाहन्छु । औपनिवेशिक मुक्ति, समानता, पहिचान र संघीयताका लागि शहीदहरूले जसरी ईमान्दारी, तथा निस्वार्थ भावले शहादत दिए, मधेश एक पटक सोही मार्गमा अग्रसर होस् भन्ने कामना गर्दछु । अधिकार नपाउञ्जेल बलिदानी दिवस मधेशका मुक्तिकामी जनताको लागि प्रेरणा स्रोत बनोस् ।

पटक पटकको आन्दोलनमा बलिदान दिने मधेशी वीर सपूतको संख्या सयकडौं पुगेको छ । अधिकार आन्दोलनको बलि रहेको दीपशिखा निभ्न नदिई मधेशका वीर सपूतहरूले आफ्नो रगतको तेल हालेर प्रज्वलित गरि रहे । एक दशकसम्म आन्दोलनको क्रम भंग भएन र शहादत दिने युवाहरू प्राणोत्सर्ग गरेर आन्दोलनलाई उत्कर्षमा नै राखे । औपनिवेशिक दासताबाट मुक्तिको चाहना राख्ने मधेशका युवाहरूमा देखिएको बलिदानी उन्मादले राज्य थर थर काम्न बाध्य भएको थियो । मधेश अब मुक्त हुन बेर छैन भन्ने विश्वासका साथ अधिकार आन्दोलन सतत् उर्जावान बन्दै गएको थियो । जति ईमान्दारीपूर्वक युवाहरूले बलिदान दिए, मधेशका राजनीतिक अगुवाहरू त्यतिकै अनुपातमा नैतिकहीनताको दलदलमा धँस्दै गए । मुक्ति आन्दोलनको बागडोर विस्तारै छुट्दै गयो र मधेश आन्दोलन आत्मसमर्पणमा गएर टुँगियो ।

हामी ११औं बलिदानी दिवस मनाई रहेका छौं । यो भनेर कि शहीदहरूले देखेको सपना अनुसार आज हामी संघीयताको अभ्यास गरि रहेका छौं । हामी प्रान्तीय सरकार बनाउन गई रहेका छौं । यो मधेशका वीर शहीदहरूको देन हो । तर समग्र मधेशलाई एक प्रदेश नदिई ६ प्रदेशमा बाँडिएकाले शहीदहरूको सपना “समग्र मधेश एक प्रदेश” कहाँ गयो ? ८ जिल्लामा सिमित गरेको मधेश, के आन्दोलनको उपलब्धि हो ? मधेशको लागि पासोको रूपमा दिएको संघीयताले मधेशलाई सिध्याउँदैन ? मधेशको लागि **कालो संविधान** भनेर नाकाबन्दीसम्मको आन्दोलन गरेर ५ दर्जनभन्दा बढि युवाहरूलाई शहीद बनाउने राजनीतिक जुवाडेहरूले ०७४ असोज ३ गतेको **कालो दिवस** किन मनाएन ? प्रत्येक शहीद ५० लाख दिने आश्वासन दिएर शहीद बन्न उत्साहित गर्ने खेलाडीहरूले आफ्नो प्रतिष्ठा बढाउन निर्दोष युवाहरूलाई किन मारेका छन् ? ८ जिल्लाबाहेकको मधेशको अवस्था के छ ? बाँकी मधेशप्रति दुई पार्टीको अवधारणा के छ ? बाँकी जिल्ला मधेशको राजनीतिक दलहरूसंग आबद्ध रहन् सक्ला ? यी यावत् प्रश्न आत्मसमर्पणबाट उठेका छन् ।

व्यक्तिगत स्वार्थका कारण आन्दोलनको हरेक कडीलाई छोड्दै स्थानिय चुनावको पूर्वसंध्यामा संविधान संशोधनको अन्तिम कडीलाई पनि छोड्दै संघीय समाजवादी फोरमले बिना शर्त स्थानिय चुनावमा भाग लिए भने राष्ट्रिय जनता पार्टी मधेशको लागि केही कसरत देखाएर यिनले पनि संविधान संशोधनको अन्तिम कडीलाई छोड्दै प्रदेश नं. २ को स्थानिय चुनावमा बिना शर्त भाग लिए । नदेखिएका, मात्र अनुभूत हुने प्रलोभनबिना यो कार्य सम्भव भएको छैन । कालो संविधानलाई साष्टाङ स्वीकार गर्ने त्यसै कहाँ हुन्छ ? दुवै पार्टी **कालो संविधान** अगाडि आत्मसमर्पण गरेका कारण असोजको **कालो दिवस** नमनाएको मधेशले शर्मनाक अवस्था भोग्नु पर्‍यो ।

आज मधेशका राजनीतिक दलहरू बहादुरीका साथ पछाडि हटेर प्रादेशिक सरकार बनाउन उन्मादित छन् । जितेर आएकाले उन्माद त त्यसै चढ्ने नै भयो । सरकार बनाउन केही प्राविधिक बिलम्ब रहेकोले आज सबै नेतागणहरू हरेक ठाउँमा श्रद्धाँजली सभालाई कपट, जाल, फरेवलाई बडो ईमान्दारी साथ पस्किदो होला । शहीदको सपना पूरा गराउन अहोरात्र खटेर यो उपलब्धि लिएको भनेर फेरि एकपल्ट निर्लज्जताको नमूना पेश गर्दो होला । गोहीको आँसू झार्दो होला ।

आज ८ जिल्लामा संकुचित मधेशको अवस्थाबारे छलफल, बहस आदि सबै बन्द भएको छ । यो नदिए वा त्यो नदिए भीषण आन्दोलन गर्ने चेतावनी भने दिन छोडेको छैन । आन्दोलनबाट सबै मुद्दा सम्बोधन गराउने राजनीतिक अठोट अब कुनै दलमा रहेन । मधेशको मुद्दालाई आफ्नो स्वार्थका लागि वार्गेनिङको रूपमा प्रयोग गर्नेबाहेक मधेशको मुद्दा पूरा होस् भन्ने चाहना भने राजनीतिक दलहरूमा छैन । यथास्थितिमा आएपछि पार्टी चलाउने, जिताउने, सरकार बनाउने, केन्द्र सरकारसंग दलाली गर्ने आदि क्रमबद्ध व्यवहारबाहेक अरू केही रहेन । आज जहाँ शहीदको परिवार अभाव, बेरोजगार, आफन्तको अभाव, नैराश्यता, असन्तुष्टताका आँसू झार्दै छन् नेताजीहरू आफ्नो पराक्रमको बखान गर्दै ताली पिटाउँदै छन् ।

समग्र मधेश विखण्डित अवस्थामा छन् । समग्र मधेशको एकता टुटेको छ । समग्र मधेशको विखण्डन भएपछि रूपन्देही, कपिलवस्तु, नवलपरासी, बाँके आदि मधेशी बाहुल्य जिल्लाहरू प्रदेश नं. ५ मा गैर मधेशी समुदायसंग तालमेल मिलाउने अभ्यासमा लागेका छन् । त्यस्तै बर्दिया, दाङ, कैलाली, कञ्चनपुर अरूसंग सम्बन्ध बनाउन बाध्य भएका छन् । थरूहट प्रदेश नदिएर थारू आन्दोलनको अपमान गरिएको छ । मधेश मुद्दाको अवसानसंगै मधेशी नेताहरूको पलायन पनि तीव्र रूपमा बढेको छ । मधेशलाई विभाजन गरि ७ प्रदेशको अवधारणा मधेशलाई मान्य थिएन, आन्दोलन कसरी सेलायो ? मधेश विरोधी भनिएको कालो संविधान मधेशका राजनीतिक दलहरूका लागि स्वीकार थिएन, कसरी मान्य भयो ? असोज ३ गते **“कालो दिवस”** मनाउन मधेशलाई बाध्य पारिएको अवस्थामा यसपालीको कालो दिवस किन मनाईएन ? मधेशमा दुई प्रदेशको सीमाँकनको अडान कहाँ गयो ? राजपा र संसफोले प्रदेश नं.२ को प्रदेश सरकार बनाएपछि जनताका यी यावत् प्रश्न बिना उत्तर त्यसै समाप्त हुन्छन् ? ८ जिल्लाको मधेश प्रदेश लिएर सन्तुष्ट भएका राजपा तथा संसफो जस्तै मधेश पनि सन्तुष्ट हुन्छ ? के मधेशले समग्र मधेशको भावना र एकताको खोजी गर्दैन ? के यही दुई दल मधेशको भाग्य विधाताको रूपमा स्थापित रहने छन् वा विकल्पका शक्ति जन्मिने छन् ? यी दुई पार्टीले यथास्थितिवादलाई स्वीकार गरेपनि मधेश भने यसरी संकुचित पारिएको अवस्थामा रहन सक्दैन । न थारूले अपहरित अधिकारबिना बाँच्न सक्दछन् । थारूहरूले पनि राज्यको षडयन्त्रलाई बुझि सकेका छन् । पहिले मधेशीमाथि त्यसपछि थारूमाथि षडयन्त्र गरेर नियन्त्रण गर्न खोज्ने राज्यको दाउलाई सबैले बुझि सकेका छन् । चुनाव गराएर आन्दोलनलाई समाप्त पार्ने दाउ राजनीतिक दलहरूसंग चलला, अधिकारका लागि होमिएका आम मधेशी र थारू यसरी संकुचित पारिएको अवस्थामा रहन सक्दैन । केन्द्र र प्रदेशमा स्थिर सरकार दिन गरिएको प्रयास ठोस रूपमा आउनुभन्दा पहिले कहीं असन्तुष्टताको आँधी नआवोस् ।

मधेशले राज्यलाई भेदभावको विरूद्ध चुनौती दिएको छ । चुनौती दिन अनेक क्षेत्रीय पार्टीको जन्म भयो । मधेशी नामबाट पार्टीको नाम राख्न फैशन नै चल्यो । केही दिनको अभ्यासपछि तथा क्षेत्रीय पार्टीको हैसियतमा रहन् हीनताबोध अनुभूत हुन थालेपछि पार्टीहरूले मधेशी नाम छाड्न थाले । मधेशका राजनीतिक दलका अगुवाहरू त्यसपछि राष्ट्रिय अध्यक्ष भनेर क्षेत्रीयताको नालाबाट निस्केर मूल प्रवाहमा आएको देखाउन थाल्यो । गजेन्द्र नारायण सिंहको पालामा जन्मिएको नेपाल सद्भावना पार्टीलाई नेपालका शासकहरूले कहिल्यै राष्ट्रिय पार्टीको रूपमा देखेन । राष्ट्रिय अध्यक्ष लेख्दा पनि राष्ट्रिय मूलधारको राजनीतिमा अटाउन सकेन । नेपाल सद्भावना पार्टी क्षेत्रीय पार्टीकै रूपमा पहिचान बनायो । यो नजिर हुँदा पनि मधेशका राजनीतिक अगुवाहरूको धृष्टतालाई के भन्ने ?

राज्य र मधेशबीचको चर्को अन्तर्विरोधको पहाडलाई यति सजिलो हटाउन सकिन्न । मधेशीहरू आत्मसमर्पणबाहेक नेपाली शासकहरूको लागि स्वीकृत छैन । मधेश आफ्नो अधिकारका लागि सचेत भइसकेको छ । यस्तो अवस्थामा अन्तर्विरोधको छिनोफानो बिना क्रान्ति सम्भव नदेखिएकोले पनि मधेशको बाटो निर्दिष्ट छ । विगतको मधेश आन्दोलनमा राज्यद्वारा गरिएको बर्बर दमनको दृश्यले पनि पुष्टि गर्दछ ।

मधेशमा अवशेषको रूपमा रहेको अवसरवाद, यथास्थितिवाद, चाकडी, चापलुसीको कडा नियन्त्रणमा आएको मधेश आन्दोलनले आफ्नो क्रान्तिकारी छवि गुमाई सकेको छ । पुनश्च यो धारलाई तिख्खर बनाउन आन्दोलनलाई अवसरवादको चंगुलबाट बाहिर निकाल्न जरूरी छ । यथास्थितिको राजनीतिमा मधेशको मौलिक अस्तित्व बाँच्न सक्दैन । मधेशको मौलिकताको रक्षा हेतु पनि मधेश आन्दोलनलाई अधिकारमुखी बनाउन पुनर्संगठित पार्न आवश्यक छ ।

सयकडौं मधेशका वीर सपूतहरूले दिएको शहादतलाई चलनमा मात्र प्रयोग नगरि ईमान्दारीपूर्वक शहादतका कारणलाई मनन गरि मधेश आन्दोलनको अधुरा कामलाई पूरा गर्ने संकल्प लिन आवश्यक छ । आन्तरिक औपनिवेशकि गुलामीबाट मुक्ति पाउन, अधिकार आन्दोलनलाई अग्रदिशा दिन, आजको बलिदानी दिवसलाई सबैका लागि प्रेरणा स्रोत बनोस् । यही नै शहीदहरूप्रति सच्चा श्रद्धाँजली हुनेछ ।

***क्रमश:***

janukjha24@gmail.com

## मधेश आन्दोलनका...

त्यस्ता नेताहरूलाई प्रवेश गराउने काम जेपी गुप्ताले गरेका थिए । सविधानसभामा भाग लिएपछि फोरम नेपाल चौथो शक्तिको रूपमा आयो । प्रचण्डको नेतृत्वमा बनेको सरकारमा फोरम नेपाल सहभागि भयो । कट्वाल प्रकरणपछि नौ महिना नबित्दै सो सरकार ढलेको थियो । अनि अर्को सरकार बनाउने खेल शुरू भयो । त्यसमा उपेन्द्र यादव परिवर्तनकारी शक्ति माओवादीको नेतृत्वमा सरकार बन्नुपर्छ भने पक्षमा थिए भने सोही पार्टीका संसदीय दलका नेता विजयकुमार गच्छदारले एमालेका नेता माधवकुमार नेपाललाई प्रधानमन्त्री बनाउनुपर्छ भने पक्षमा लागेका थिए । उपेन्द्र यादवले यो कुरा नमानेपछि विजयकुमार गच्छदारले माधवकुमार नेपाललाई प्रधानमन्त्री बनाउनका लागि २०६६ साउन १६ गते फोरम नेपाल विभाजन गरी आफ्नै नेतृत्वमा मधेशी जनअधिकार फोरम लोकतान्त्रिक पार्टी गठन गरे ।

पछि माधव नेपालको सरकार ढलेपछि झलनाथ खनालको नेतृत्वमा सरकार गठन भएको थियो त्यो सरकारमा उपेन्द्र यादव पुन: सरकारमा गएका थिए । तर, झलनाथ खनालको सरकार पनि धेरै चल्न सकेन । त्यसपछि बाबुराम नेतृत्वमा सरकार गठन हुने कुरा शुरू भएको थियो । सरकारसँग भएको आठ बुँदे तथा २२ बुँदे सम्झौता कार्यान्वयनमा सरकारले ढिलासुस्ती गरिरहेको कारण फोरम नेपालले मधेशको माग पुरा नहुन्जेल कुनै पनि सरकारमा नजाने निर्णय गर्‍यो ।

यो निर्णयका कारण जयप्रकाश गुप्ताले बाबुराम भट्टराईलाई प्रधानमन्त्री बनाउनका लागि फोरम नेपाललाई विभाजन गरी आफ्नै नेतृत्वमा मधेशी जनअधिकार फोरम गणतान्त्रिक गठन गरे । र चारबुँदे सम्झौता गरेर फोरम नेपालबाहेक सबै दलहरू सरकारमा सहभागि भए । सरकारमा गएर उनीहरू यसरी मस्त भए कि मधेशको सबै मुद्दाहरू बिर्सिए ।

प्रकारान्तरमा हरेक सरकार निर्माणको पृष्ठभूमिमा मधेशी पार्टीहरू टुक्रि रह्यो । पार्टी फोर्ने र कम्तिमा एउटै भए पनि मन्त्रीको पद हात पार्ने मधेशी नेताहरूको चरित्र बन्यो । सत्तासुखमा रूमलिएका नेताहरूको दुई पटकको मधेश आन्दोलनको उपलब्धीलाई नजरअन्दाज गर्दै मधेशी दलहरू सत्तालोलुपमा फसे । परिणामत: फोरम चार टुक्रा, सद्भावना तीन टुक्रा र तमलोपा दुई टुक्रामा विभाजित भए । व्यवस्थापिका संसद्बाट मधेशी जनतालाई न्यायोचित बजेट र विकासका कार्यक्रम विनियोजन गर्न लगाउने, समावेशी विधयेक पास गराउने र सेनामा मधेशी युवाको समानुपातिक प्रतिनिधित्वका लागि पहल गर्ने जस्ता मुद्दाप्रति मधेशी नेताहरू विस्तारै विस्तारै उदासीन हुँदै गए ।

२००८ सालबाट मधेशका नाममा राजनीति सुरू गरेका बेदानन्द झा हुन् या अहिलेका मधेश केन्द्रित राजनीतिक दलका नेताहरू, सबैले मधेशलाई सत्तामा जाने भर्‍याङको रूपमा मात्र उपयोग गर्दै आए, जुन अहिले मधेशी दलहरूको परम्परा नै बनिसकेको छ ।

आमूल परिवर्तनकामी एकीकृत माओवादीका साथै राज्य पुर्नसंरचना र पहिचानसहितको संघीयता चाहने मधेशी र जनजाति शक्तिहरूको अकर्मण्यता, पदलोलुपत्ता र अनुभवहीनताका कारण नै पहिलो संविधानसभा विघटन भयो । पहिलो संविधानसभा विघटन भएपछि प्रमुख चार राजनीतिक दलहरूको सहमतिमा तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा चुनावी प्रयोजनका लागि सरकार गठन भयो ।

२०७० साल मंसिरमा भएको दोस्रो संविधानसभाको निर्वाचन पछि ४ राजनीतिक पक्षले १६ बुँदे सम्झौता गरेसँगै संविधान निर्माणको प्रक्रियाले गति लियो र अन्तत: २०७२ असोज ३ गते तीन राजनीतिक शक्तिले मधेशको माग र मुद्दालाई अलग्याउँदै एकपक्षीय रूपमा संविधान जारी भएको घोषणा गरे ।

मधेशी दलले प्रारम्भमै संविधानको मस्यौदामा असन्तुष्टि जनाए पनि त्यसलाई बेवास्ता गर्दै ठूला राजनीतिक दलहरू अगाडि बढि रहे र २०७२ असोज ३ गते संविधानसभाबाट राष्ट्रपति डा. रामवरण यादवले संविधान घोषणा गरे । संविधान जारी भएको दिनलाई मधेशी जनताले कालो दिवसको रूपमा मनाउँदै तेस्रो मधेश आन्दोलन सुरू भयो । उता भारतले पनि नेपालको संविधानले सबै वर्ग र समूदायलाई समेट्न नसक्केको भन्दै असन्तुष्टि जनायो भने मधेशी दलका कार्यकर्ताहरूले सीमा नाकामा धर्ना दिएको नाममा भारतबाट हुने सम्पूर्ण आयात निर्यात ठप्प भयो ।

संविधानप्रति असन्तुष्टि जनाउँदै मधेश आन्दोलन एक वर्षभन्दा बढी समयसम्म लम्बियो तर राज्य पक्षबाट त्यसलाई सम्बोधन गर्न सार्थक प्रयास भएन ।

तर, त्यसैबीचमा सरकारले स्थानीय निर्वाचनको घोषणा गर्‍यो । आन्दोलनमै रहेका मधेशी दलहरूबीच निर्वाचनमा सहभागी हुने वा नहुनेमा ठूलो मतन्तार देखियो । उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरमले लोकतन्त्रको मूल्य र मान्यता अनुरूप निर्वाचनमा सहभागी हुनु पर्ने मत राख्यो भने अन्य मधेशी दलहरूले आन्दोलनमार्फत संविधान संशोधन गराई छाड्ने अडान लिई पहिलो चरण र दोस्रो चरणको स्थानीय तहको चुनावमा भाग लिएनन् । पार्टी भित्रबाट नै दबाब सिर्जना हुन थाले पछि र आन्दोलनको एक घटक संघीय फोरम निर्वाचनमा सहभागी भएसँगै मधेश केन्द्रित ६ वटा दल मिलेर बनेको राजपा नेपाललाई तेस्रो चरणमा हुने प्रदेश नम्बर २ को निर्वाचनमा सहभागी हुन दबाब बढ्यो । संविधानमा असन्तुष्टि जनाउँदै लामो समयदेखि आन्दोलन गर्दै आएका दलहरू कुनै सम्झौता वा उपलब्धीबिना संविधान कार्यान्यवन गर्नका निमित्त भईरहेको स्थानीय तह निर्वाचनमा सहभागी हुँदा कतै तेस्रो चरणको मधेश आन्दोलनमा ६० जनाभन्दा बढीले दिएको शहादत खेर त गएन भन्ने अहम् सवाल अहिले पनि निरूत्तर छ ।

प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा राजपा र फोरम गठबन्धनको बिना शर्त प्रवेशले संविधान संशोधनको उनीहरूको माग र सार्थकता कहाँ छ भन्ने अर्को अहम सवाललाई बहसमा ल्याइ दिएको छ ।

यद्यपी निर्वाचनमार्फत ती दुवै दल प्रदेश नम्बर दुईमा सिमित भएका छन् तर कुनै एक दलले एकलौटी सरकार बनाउने मतादेश पाएका छैनन ।

विभिन्न चरणमा राष्ट्रिय पहिचान, सामाजिक न्याय, स्वाभिमान, समावेशी प्रतिनिधित्व, संविधान संशोधन, नागरिकता, भाषालगायतका विषय लिएर आन्दोलनमा रहे मधेशी जनताले ती अधिकार पाए भन्ने ठाउँ अहिले पनि छैन तीन पटकसम्म मधेश आन्दोलन गरेर पनि । मधेशी दलहरूले जुन-जुन विषय उठाएर आन्दोलन गरे, सयौं मधेशी जनताको ज्यान गयो, हजारौं अंगभंग भए, के ती जनतालाई अधिकार दिलाउन मधेश केन्द्रित दलहरू सफल भए ?

माघ ५ गतेको दिन मधेश आन्दोलनको उद्गमस्थल लहान हरेक वर्ष झैं यसपाली पनि मधेश बलिदानी दिवसको तयारीमा व्यस्त छ । मधेश आन्दोलनका पहिलो सहिद रमेश महतोसहित पाँच जना सहिदहरूको प्रतिमालाई स्मरण गरिने छ । तर शहीदका सपना, योगदान र बलिदानलाई भजाएर राजनीतिक कहिलेसम्म गरिरहने ?

वास्तवमा वर्तमान सन्दर्भमा मधेश आन्दोलन दिशाहीन जस्तै भएको छ । गन्तव्यको टुङ्गो नहुँदा अन्योल यात्रामा भौतारिन बाध्य छ । आन्दोलनका नाममा शहीदका सपनालाई बेचेर सत्तारोहण गर्ने मानसिकता अहिले पनि मधेशी नेताहरूमा छ भने यो ठूलो भूल हुनेछ ।

नयाँ संविधानले दलित, जनजाति, मुस्लीम, थारू समुदाय र महिलालगायतका अधिकारलाई सुनिश्चित गरेको छ । तर मधेशको जायज मागलाई भने खासै छुन सकेको छैन । यो आवाजलाई दबाएर जारी गरिएको संविधानले देशको स्थायी शान्ति र समृद्धि होला भन्नेमा विश्वस्त हुन सकिँदैन । यसतर्फ ठूला राजनीतिक दलको ध्यान जान आवश्यक छ । यद्यपी मधेशी दलहरू पनि जिम्मेवारीपूर्वक अब सहमतिमा आएर यो महान् अवसरबाट बाहिर जानहुन्न । यसका लागि गलत ट्र्याकमा जान थालेको मधेशलाई परिणाममुखी बनाउन अब सहि तवरले अघि बढ्नु सक्नुपर्छ ।

# मधेशबिना राजनीति अगाडि बढ्न सक्दैन

**पाटन संयुक्त क्याम्पसका उपप्राध्यापक तथा मधेश मामिलाका जानकार विजयप्रसाद मिश्र मधेश आन्दोलनलाई धेरै नजिकबाट नियाल्नेमध्येका एक हुन्। उनले पहिलो मधेश आन्दोलनदेखि तेस्रो मधेश आन्दोलनसम्मका सम्पूर्ण आयामहरूलाई सूक्ष्म ढंगले विश्लेषण गर्दै आएका छन्। समाजशास्त्र तथा सञ्चार प्रविधिमा स्नातकोत्तर गरेका मिश्र पत्रकारिता पनि गरेका हुन्। २०५४ सालमा मधेशी जनअधिकार फोरम नेपाल गठनदेखि राजतन्त्रको अन्त्य भएसम्मको अवधिलाई समेटेर उनले विद्यावारिधि गरिरहेका छन्। मधेश आन्दोलनले एक दशक पूरा गरेको सन्दर्भमा मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंशः**



**विजयप्रसाद मिश्र**
**मधेश मामिलाका जानकार**

**० पछिल्लो एक दशकको मधेश आन्दोलनलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

– अन्तरिम संविधानमा संघीयता शब्द नराखिएको र जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण नगरिएको भन्ने मुख्य एजेण्डा लिएर २०६३ साल माघदेखि मधेश आन्दोलन सुरू भएको हो। त्यो आन्दोलनले एक दशक पार गरेको छ।१० वर्षमा हेर्दा यो आन्दोलन मुख्य गरेर राजनीतिक एजेण्डामा सफल भएको म ठान्दछु। नेपालको संविधानमा संघीयता राख्न लगाउने काम मधेश आन्दोलनले नै गरेको हो भन्नेमा कुनै शंका छैन। मधेश आन्दोलन नै यस्तो आन्दोलन हो जसले नेपालको संविधानमा संघीयता राख्न बाध्य बनायो। यो मधेश आन्दोलनको राजनीतिक रूपमा ठूलो उपलब्धी हो। नेपालमा मधेशीहरू पनि बस्छन् भन्ने कुरा अन्तर्राष्ट्रिय जगतमा स्थापित गर्न पनि यो आन्दोलन सफल भयो। मधेशी शब्दले राष्ट्रिय, अन्तर्राष्ट्रिय पहिचान प्राप्त गर्‍यो। मधेशी समुदायका मानिसहरूलाई पहाडी वा अन्य समुदायका मानिसहरूले जुन किसिमको नकारात्मक व्यवहार पहिले गर्दथे, त्यस्ता व्यवहारमा क्रमशः परिवर्तन हुँदैसम्मानित व्यवहार गर्न थाले र मधेशी समुदाय आफैं पनि मधेशी हुनुमा गौरव गर्न थाले। यसले गर्दा सामाजिक रूपमा पनि मधेशी शब्दले स्थापित हुने अवसर पायो र राजनीतिक रूपमा पनि मधेश आन्दोलनले स्थापित हुने अवसर पायो।

तर, मधेश आन्दोलनले आर्थिक विकास र समृद्धिमा कुनै काम गर्न सकेको छैन। एउटा आन्दोलनले चाहना गरेको धेरै कुराहरू मध्ये राजनीतिक मुद्दा स्थापित गर्न सफल भए पनि आर्थिक, सामाजिक मुद्दामा असफल भएको छ।

सरकारमा मधेश केन्द्रित दलका नेताहरू पटक पटक मन्त्री भए, राष्ट्रपति, उपराष्ट्रपति पनि मधेशी समुदायकै भए। सरकारमा पुगे पनि सत्तामा अहिलेसम्म मधेश केन्द्रित दलका नेताहरू पुग्न सकेका छैनन। मधेश आन्दोलनले पूर्णता पाउन अझ केही कामहरू गर्न बाँकी नै छ जस्तो लाग्छ।

**० कस्तो काम बाँकी रहेको देख्नुभएको छ ?**

– हामी जनसंख्याको आधारमा सबै क्षेत्रमा मधेशी समुदायलाई समानुपातिक ढंगले प्रतिनिधित्व हुन दिनुपर्छ भन्छौं तर सहभागीतामूलक ढंगले शासन सञ्चालन गर्ने कुरामा मधेशीहरूको संख्या सरकारमा भए पनि निर्णायक ठाउँमा छैन। निर्णय गर्ने स्थितिमा उनीहरूलाई पाखा लगाउने अहिलेको नीति छ। संख्यात्मक रूपमा मात्र मधेशीलाई नदेखाई मधेशी समुदायका विचारहरूलाई उनीहरूले राखेका तर्कहरूलाई बहसमा ल्याउने र त्यसलाई सम्मानित ढंगले अगाडि बढाउनुपर्छ भनेर जस्तो किसिमको भावनाहरू पैदा हुनुपर्ने हो तर अन्य राजनीतिक पार्टीहरूमा यस्तो भईरहेको अवस्था छैन। जब अप्ठ्यारो पर्छ तब मात्र मधेश केन्द्रित पार्टीहरूसँग ठूला दलहरूले साँठगाँठ गरेर अगाडि बढ्छन्। जब ठूला पार्टीहरू शक्तिमा आउँछन् त्यसपछि फेरि मधेशी पाटीहरूप्रति दृष्टिकोण नराम्रो राख्छन्, यसले गर्दा मधेशी पार्टीहरूबाट उठ्ने आवाजहरू बहसमा आउन सकेको छैन। नेपाल कृषि प्रदान देश हो। कृषिको लागि फाँटहरू मधेशमा नै रहेको छ। मधेशी समुदायका मानिसहरू नै कृषिमा पोख्त पनि छन् तर आर्थिक उपार्जनको राम्रो स्रोत भएको मधेश आफैं आर्थिक रूपमा जर्जर अवस्थामा पुगेको छ। यो विषयमा विश्लेषण गरेर अब मधेशको आथिक समृद्धिको लागि एउटा प्याकेज बनाएर राज्यले मधेश केन्द्रित दलहरूसँग मिलेर केही काम गर्नुपर्छ। मधेशी दलितहरूको अवस्था कति दयनीय छ, मधेशमा पछाडि परेका समुदायलाई मूलप्रवाहमा ल्याउनका लागि र आर्थिक समृद्धिका लागि राज्यले कानुनतः होईन, व्यवहारतः संविधानमा दिएका अधिकारलाई लागू गरेर अगाडि बढ्नुपर्छ। मधेशी र पहाडी समुदायबीच बढेको दुरी घटाउन हामीले मधेशी जनतालाई पहाडको र पहाडी जनतालाई मधेशको जीवनशैलीको बारेमा जानकारी गराउनुपर्छ। केही काठमाडौंमा बस्ने सत्तामा हालीमुहाली भएका खस-आर्य, जनजाति र केही मधेशी समुदायहरूले भ्रम सिर्जना गरेका छन्। जसले गर्दा समाजमा अहिले पनि मधेश र पहाडको बीचमा अन्तरद्वन्द्व रहेको छ।

**० मधेश आन्दोलन पछि मधेशमा आधारभूत परिवर्तन भएको महसुस गर्ने ठाउँ देख्नुहुन्छ ?**

– धेरै परिवर्तनहरू भएको देखेको छु। पहिले सरकारी जागिरमा जाँदाखेरी कोटा प्रणाली त थिएन अहिले जाति अनुसार कोटा प्रणाली रहेको छ। यसले गर्दा सबै मानिसहरूले त्यसमा केही मात्रमा भए पनि अवसर त प्राप्त गरेका छन् नि ! समावेशी ढंगले हरेक क्षेत्रमा प्रतिनिधित्व हुँदै गएको देख्न सकिन्छ। यसलाई हामीले मधेश आन्दोलनको देन हो भन्न सक्छौं। यदि मधेश आन्दोलन नभई दिएको भए, मधेश आन्दोलनका कारण नै सत्तामा बस्ने मानिसहरूले महत्वपूर्ण निणर्यहरू गर्छन् त्यतिबेला सोच्ने गर्दछन्। यो निणर्यले मधेश अशान्त त हुँदैन, मधेशलाई साम्य पार्नको लागि भए पनि मधेशलाई केही अधिकार दिनुपर्छ भनेर भागबण्डा गर्ने सोचको जुन विकास सत्ताधारीहरूमा भएको छ यो पनि मधेश आन्दोलन कै अर्को कारण हो। पहिलो संविधानसभाको चुनावमा मधेश केन्द्रित दलहरूले जसरी विषय प्राप्त गर्न सफल भए त्यतिखेर समानुपातिक सीटहरूमा तल्लो तहमा रहेका र त्यति चर्चामा नआएका मधेशका महिलाहरूलाई ल्याएर संसदमा उपस्थित गराएका थिए। त्यसले गर्दा मधेशी महिलाहरूमा राजनीतिप्रति सकारात्मक धारणाको विकास भयो। समग्रमा हेर्दा सामाजिक र राजनीतिक रूपमा मधेश आन्दोलनले फाइदा पुऱ्याएको छ भन्ने मेरो बुझाई हो।

**० अबको दिनमा मधेशले के खोजेको छ ?**

– मधेशले खोजेको आत्मसम्मान हो। मधेशी जनताको मेहनत, लगनशीलता, जाँगर एकदम उदाहरणीय रहेको छ। त्यति जाँगरिलो र मेहनती हुँदाहुँदै पनि आत्मसम्मानमा ठेस पुऱ्याउँदाखेरी कहिलेकाँहि पछाडि हट्नुपर्ने अवस्था आउँछ। जब मधेश आन्दोलन भएको थिएन, त्यतिबेला राम्रो ओहदामा पुगेको, धनीमानी अथवा जे पनि काम गर्न सक्छु भन्ने मधेशी साथीहरू नै पहाडी समुदायका व्यक्तिहरूले केही पो गर्छन् कि भनेर डराउने गर्दथ्ये। आवश्यकता र त्रासको कारणले त्यतिबेला सामाजिक सद्भाव रहिरहेको थियो। प्रहरी प्रशासन, कर्मचारी सबै पहाडी समुदायको हुने भएकाले पनि केही कामका आवश्यकता पूरा गर्नका लागि भएपनि आफूलाई भेदभाव गरेको थाहा पाउँदा पाउँदै पनि मधेशी समुदायले उनीहरूलाई सम्मान दिइरहे। त्यो संस्कार अहिले पनि पहाडे मानसिकतामा छँदैछ तर त्यो मान्नेबाला मधेशी समूदाय छैन। नेपालको प्रशासनिक निकायले अहिलेसम्म पनि मधेश र पहाडको बीचमा समान व्यवहार गर्न सकेको छैन। काठमाडौंमा हुने आन्दोलनलाई एकदम मानवअधिकारमुखी बनेर प्रस्तुत हुन्छ सुरक्षा निकायहरू, तर तराईमा हुने आन्दोलनहरूमा उसलाई मानअधिकारसँग मतलब हुँदैन। उसले टाउको ताकेर गोली हानेको देखिन्छ।

**० पहिलेको मधेश आन्दोलन एउटा सम्झौतामा गएर टुँगिएको थियो तर तेस्रो आन्दोलनको अवतरण सुःखद रहेन। यसलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

– पहिलो मधेश आन्दोलनमा सम्झौता भयो त्यसपछि फेरि अन्य केही पार्टीहरूको जन्म भयो र फेरि दोस्रो मधेश आन्दोलन मधेशी मोर्चा गठन भएर भयो। त्यो पनि सम्झौतामा नै गएर टुंगियो। ती सम्झौताहरू पनि लागू भईरहेको अवस्था छैन। सम्झौता जहिले पनि उधारोमा भएकोले गर्दा त्यसलाई कार्यान्यवयन गर्न निकायहरूले बेवास्ता गरिदिएकोले तेस्रो पटकको मधेश आन्दोलनमा सम्झौता नगरेका हुन्। पुराना सम्झौताहरू त कार्यान्यवन नभएको अवस्थामा नयाँ सम्झौता के गर्नु ? पहिलो र दोस्रो मधेश आन्दोलन हुँदा जसले सरकारको नेतृत्व गरिरहेका थिए, तिनीहरू अलिकति मधेशमैत्री भइदिएका भए, तेस्रो आन्दोलन हुने थिएन। तर तेस्रो मधेश आन्दोलन हुँदा जो सत्तामा पुगे तिनीहरू मधेश मैत्री थिएनन् जसले गर्दा सम्झौता हुन नसकेको हो। तेस्रो मधेश आन्दोलन लामो समय चलिरह्यो। यसमा आर्थिक नाकाबन्दी भारतले नेपाललाई लगायो भनेर जुन किसिमको हल्ला भयो, यसले गर्दा सरकारलाई यो आन्दोलनमा विदेशी हस्तक्षेप छ भन्ने प्रचारबाजी गर्न सहयोग भयो। जसले गर्दा पहिलो र दोस्रो आन्दोलनमा सघाएको एउटा ठूलो तप्काले तेस्रो मधेश आन्दोलनलाई नैतिक रूपमा सहयोग गरेन। यसले गर्दा पनि तेस्रो मधेश आन्दोलन सफल हुन सकेन।

**० मधेशी दल र गैरमधेशी दलहरूको मधेशप्रतिको बुझाई कस्तो पाउनुहुन्छ ?**

– संविधानमा दोस्रो पटक संशोधन गर्ने कुरामा भोटिङ गरेर पारित नभएको अवस्था हामीलाई थाहै छ। एमालेले विपक्षमा भोट हालेको हुनाले नै संविधान संशोधन प्रस्ताव असफल भएको हो। प्रष्ट देखिन्छ, मधेशमैत्री पार्टी एमाले होईन। एमाले भित्र रहेका सबै व्यक्तिहरू मधेश विरोधी त होइनन् तर यस पार्टीभित्र रहेका मधेशको मुद्दालाई समर्थन गर्ने व्यक्तिहरूको आवाजले बहुमत प्राप्त गर्न सकेको छैन।

**० आगामी दिनमा मधेश केन्द्रित दलहरूले कस्तो धारणा बनाउन आवश्यक ठान्नुहुन्छ ?**

– मधेश केन्द्रित दलहरूले जसरी कार्यगत एकता गरेर निर्वाचनमा गएका थिए त्यसरी होइन, उनीहरू मिलेर एउटै पार्टी बन्न आवश्यक रहेको छ। जबसम्म मधेश केन्द्रित दलहरू एक ढिक्का हुन सक्दैन तबसम्म भाई फुटे गवार लुटे भन्ने भनाई उनीहरूमा पनि लागु भइरहन्छ। एकैचोटी संविधानमा संशोधन गर्न सकिदैन भन्ने कुरा अहिलेको गतिविधिले देखाइसकेको छ। त्यसैले किस्ताबन्दी गरेर अगाडि बढ्नुपर्छ। के कुरामा एमाले संशोधनको लागि तयार छ, एमालेसँग नजिकिएर वार्ताको वातावरण बनाउनुपर्छ र एमालेसँग मिलेर जान सक्यो भने राम्रो हुन्छ। मधेश केन्द्रित दलले संविधान संशोधनको लागि राखेको केही बुँदाहरूमा एमालेले पनि सहमति जनाउन सक्ने बुझिएको छ। यसमा केही थपघट गरेर मधेश केन्द्रित दलले एमालेको विश्वास जित्न सक्नुपर्छ। अहिले एमाले र माओवादीले आफ्ना सिद्धान्तमा परिवर्तन गर्न खोजिरहेका छन्। सिद्धान्तमा त परिवर्तन गर्न सकिन्छ भने संविधानमा परिवर्तन गर्न नसक्ने भन्ने हुँदैन। सरकार, सिद्धान्त त परिवर्तनशील हुन्छन् भने राजनीतिक पार्टीहरू पनि परिवर्तनशील हुन सक्नुपर्छ। जनताको आवाजहरूले गर्दा पनि उनीहरूले आफ्नो पुरानो सिद्धान्तलाई परिवर्तन गर्दै अगाडि बढ्नुपर्ने हुन्छ। एमालेको समर्थन बिना संविधान संशोधन पहिले पनि हुन सकेन अब पनि हुन सक्दैन। पाँच वर्षभित्रमा नै संविधानमा केही कुराहरू संशोधन गराउनु पर्नेछ र मधेश केन्द्रित दलहरूको माग पूरा गराउनु छ भने जो मधेशको मागहरूमा सबभन्दा विरोधी छ उसैसँग हो। त्यसैले मधेश केन्द्रित दलले एमालेसँग मिलेर अगाडि बढ्नुको विकल्प छैन। नत्र मधेश केन्द्रित दलका समर्थक जनताहरू जो छन् अथवा मधेश केन्द्रित दलले उठाएका आवाजहरूलाई समर्थन गर्ने बौद्धिक समाज जुन छ, उनीहरू पनि प्राविधिक र अंकगणितीय कारणले संसदमा दुईतिहाई नपुगेपछि आन्दोलन कै रूपमा रहेका हुन्छन्।

**० अबको दिनमा मधेशको राजनीतिक कोर्स कस्तो रहला ?**

– मधेशको कुरा नआई नेपालको राजनीतिले अबको दिनमा पूर्णता पाउँदैन। जब नेपालमा सरकार र सत्ता परिवर्तनको खेल हुन्छ, अन्तर्राष्ट्रिय समुदायहरूसँग छलफलको कुनै विषय आउँछ त्यहाँ मधेश केन्द्रित दलको चाहना र भावनालाई बुझेर त्यसलाई पनि समेटेर लैजान सक्नुपर्छ अनि मात्र नेपाल सफल हुन्छ।

**० आन्दोलनका रूपमा मधेशी दलहरू कति सफल भएको मान्न सकिन्छ ?**

– मधेशी जनताहरूले बाध्य भएर अर्को विकल्प नभएर मधेश केन्द्रित दलहरूलाई नै भोट दिएको हो। उनीहरूले मधेश केन्द्रित दलहरूको रवैया यस्तै रहेको छ त्यसलाई बुझिसकेका छैनन्। नातावाद र कृपावाद हटाएर आम जनताको भावनालाई सुन्नुपर्ने हो, जनताको नेता बन्नुपर्ने हो त्यसमा मधेश केन्द्रित नेताहरू चुकेका छन्।

**० मधेश केन्द्रित दलहरूले अबका दिनमा कस्तो रणनीति अपनाउनु पर्ला ?**

– संविधान संशोधन उसको पहिलो मुद्दा भयो र यसलाई सँगसँगै लिएर जानुपर्छ। आर्थिक समृद्धि अहिलेको सबैभन्दा ठूलो आवश्यकता छ, राजनीति अधिकारका मुद्दाहरू धेरै उठे त्यसैले अब आर्थिक समृद्धिको लागि बेरोजगार रहेका युवाहरूलाई स्थानीय स्तरमा नै रोजगारीको अवसर दिलाउनका लागि र महिलाहरूलाई सशक्त बनाएर उनीहरूलाई आर्यआर्जका लागि समक्ष बनाउन जरूरी छ। यस तर्फ मधेश केन्द्रित दलहरू लाग्नुपर्छ।

**० केन्द्रीय राजनीतिमा मधेश केन्द्रित दलहरूको प्रभाव कस्तो रहने पाउनुहुन्छ ?**

– पाँच वर्षको अवधिलाई जनताले जुन जनमत दिएका छन् यसमा वाम गठबन्धनको धेरै हाउगुजी भए पनि एमाले र अर्को कुनै मधेश केन्द्रित दल मिलेर सरकार चलाउन सक्ने स्थिति बनेको छ। यस्तो अवस्थामा वाम गठबन्धन सफल भयो भने मधेश केन्द्रित दलको भूमिका न्यून भएर जान्छ। तर वाम गठबन्धन असफल भयो भने मधेश केन्द्रित दलहरूको राजनीति धेरै महत्वपूर्ण हुनेछ।

- ☞ समावेशी ढंगले हरेक क्षेत्रमा प्रतिनिधित्व हुँदै गएको देख्न सकिन्छ। यसलाई हामीले मधेश आन्दोलनको देन हो भन्न सक्छौं।
- ☞ मधेशले खोजेको आत्मसम्मान हो। मधेशी जनताको मेहनत, लगनशीलता, जाँगर एकदम उदाहरणीय रहेको छ। त्यति जाँगरिलो र मेहनती हुँदाहुँदै पनि आत्मसम्मानमा ठेस पुऱ्याउँदा कहिलेकाँहि पछाडि हट्नुपर्ने अवस्था आउँछ।
- ☞ तेस्रो मधेश आन्दोलन हुँदा जो सत्तामा पुगे तिनीहरू मधेश मैत्री थिएनन् जसले गर्दा सम्झौता हुन नसकेको हो। तेस्रो मधेश आन्दोलन लामो समय चलिरह्यो। यसमा आर्थिक नाकाबन्दी भारतले नेपाललाई लगायो भनेर जुन किसिमको हल्ला भयो, यसले गर्दा सरकारलाई यो आन्दोलनमा विदेशी हस्तक्षेप छ भन्ने प्रचारबाजी गर्न सहयोग भयो।
- ☞ जबसम्म मधेशकेन्द्रित दलहरू एक ढिक्का हुन सक्दैन तबसम्म भाई फुटे गवार लुटें भन्ने भनाई उनीहरूमा पनि लागु भइरहन्छ। एकैचोटी संविधानमा संशोधन गर्न सकिदैन भन्ने कुरा अहिलेको गतिविधिले देखाइसकेको छ।
- ☞ मधेशकेन्द्रित दलले संविधान संशोधनको लागि राखेको केही बुँदाहरूमा एमालेले पनि सहमति जनाउन सक्ने बुझिएको छ। यसमा केही थपघट गरेर मधेश केन्द्रित दलले एमालेको विश्वास जित्न सक्नुपर्छ।
- ☞ मधेशको कुरा नआई नेपालको राजनीतिले अबको दिनमा पूर्णता पाउँदैन।
- ☞ पाँच वर्षको अवधिलाई जनताले जुन जनमत दिएका छन् यसमा वाम गठबन्धनको धेरै हाउगुजी भए पनि एमाले र अर्को कुनै मधेश केन्द्रित दल मिलेर सरकार चलाउन सक्ने स्थिति बनेको छ।

# यसरी भयो जानकी मन्दिरको गुठीमा ब्रह्मलुट

नवीन झा

यसवर्ष विवाह पञ्चमीमा, भारत उत्तर प्रदेशको अयोध्याबाट पुरूषोत्तम रामको जन्ती बनेर ठूलो संख्यामा श्रद्धालु भक्तजन जनकपुरधाम आए। उनीहरू जानकीको माइतीदेशमा बनेको वैदिककालीन रामजानकी विवाह मण्डपमा सजिन पाएनन्। किनभने पवित्र मणिमण्डपको विस्तृत क्षेत्र भूमाफियाको कब्जामा परिसकेको थियो। जनकपुरधामको ऐतिहासिक तथा सांस्कृतिक धरोहर, राम जानकी विवाह मण्डपको विशाल भूमिमा आज मांस–मदिराका व्यापारीहरूको पञ्जामा परेको छ। रानीबजार क्षेत्रमा रहेको पवित्र मणिमण्डप भूमिमा राम र उनका भाइहरूको एकैचोटी स्वयंवर भएको विश्वास गरिन्छ। यो स्वयंवर हेर्न यहाँ लाखौं श्रद्धालु आउँछन्। तर अहिले भने उनीहरू यहाँ उभिन पनि पाउँदैनन्। यस पवित्र भूमिको २५ विगाहा जति जमिन त जानकी मन्दिरका पूर्व महन्थ रामशरणदास वैष्णवले विभिन्न व्यक्तिलाई बेचिदिएका थिए। त्यसैले अयोध्याबाट आउने जन्तीले मणिमण्डप क्षेत्रमा बास पाउँदैनन् ।

महन्थ रामशरणदास वैष्णवले आफ्नो कार्यकालमै विवाह मण्डपको साइनवोर्डमा जानकी मन्दिरको नाम सानो अक्षरमा र छुटगुठी चाहिँ ठूलो अक्षरमा लेख्न थालेपछि मन्दिरको सम्पति महन्थको विर्ता सरह हुन पुग्यो। यस भूमिको बेचबिखन यतिसम्म हुन पुग्यो कि आज जनकपुरधामका धार्मिक र सांस्कृतिक प्रतीकहरू छिन्नभिन्न हुन थाले ।

देवभूमिको जमिनमा जथाभावी अतिक्रमण हुँदा जनकपुर शहर नै नरकपुर हुन लागिसकेको छ। यहाँको अतिक्रमण हटाउन लाग्दा भौतिक योजना तथा पूर्वाधार विकास मन्त्रालयले नै पहल फिर्ता लिनु परेको छ। मन्त्री विमलेन्द्र निधिका प्रियपात्र जीवनाथ चौधरी र देवभूमिको जमिन बेचेर संकट थपिदिने धनकुबेर महन्थहरू तथा भूमाफियाहरूले भौतिक योजना तथा पूर्वाधार विकास मन्त्री विमलेन्द्र निधिको शक्ति प्रयोग गरेर हाललाई अतिक्रमण हटाउने काम रोकिदिएका छन् । जसका कारण जनकपुरधामलाई आधुनिक शहरको स्तरमा पुर्याउन एशियाली विकास बैंकले १ अर्ब ९० करोड रूपैया लगाएर वृहत्तर जनकपुर विकास परिषद मार्फत गर्न लागेको काम पनि रोकिन पुगेको छ। तर मन्त्री निधिले हालै जनकपुरमा आयोजना गरिएको एक कार्यक्रममा भने, म यो विकास कार्यक्रमलाई लागु गराएरै छाड्छु ।

### गुठी खाने धमिरा

जनकपुर नगरपालिका भित्र मात्र १४ वटा राजगुठीहरू छन्। जानकी मन्दिर, सीताकुण्ड र वीरपुर गुठी भने छुटगुठीमा राखिएका छन् । यहाँका सबै गुठीहरू अतिक्रमणमा परेका छन् तर जानकी मन्दिरको जमिनमा सबैभन्दा बढी अतिक्रमण भएको छ ।

नगरपालिका क्षेत्रको गुठीको जमिनमा कति सम्म अतिक्रमण भएको छ भने राममन्दिरको साविक २८६७ विगाहामध्ये २५ सय विगाहा अतिक्रमणमा परेको छ। जानकी मन्दिरको साविक ६०० विगाहा ५३० विगाहा, लक्ष्मण मन्दिरको साविक ४१० विगाहा मध्ये ३९० विगाहा, रत्नसागरको साविक ६५ विगाहा मध्ये ४२ विगाहा, कुवा मठको ४८५ विगाहामध्ये ४६० विगाहा, हनुमान मठको १४३ विगाहा मध्ये १३० विगाहा जमिन अतिक्रमणमा परेको छ। गुठीको शरणमा आएका महन्थहरूले गुठी श्री सम्पति नै विनाश गर्ने खेलको अगुवाइ गरेकाले देवभूमिमा भूमाफियाको व्यापार चलिरहेको छ । यसमा गुठी संस्थान, मालपोत, नापी र महन्थ मात्र होइनन्, अपराधकर्मीहरू समेत सक्रिय देखिएका छन् ।

जनकपुरधामका ७२ तलाउ, १५ कूप (कुवा), १५ शिवालय, २४ देवीपीठ, ५ उपवन, २६ ऋषि आश्रम बनेको रेकर्ड छ। तर ती मठमन्दिर, कुटी, सरोवर र कुण्ड आदि अतिक्रमणमा परेर लोपोन्मुख छन्। रामानन्द सम्प्रदायका उन्नायक सन्त रामानन्दको गुठी जमिन समेत भूमाफियाको हातबाट बेचिई सकेको छ, वैष्णव सन्त रामानन्दको नाममा अहिले सार्वजनिक चोकमात्र बाँकी छ। जानकी माताको लागि बनेको पवित्रतम् पयश्विनी सर (पोखरी) मासेर निरन्जन साहले मानकी होटल खडा गरेका छन्। पवित्र जनक सरोवरलाई वकिल टोलका वासिन्दाले लोप गराई सकेका छन्। अमृतकुण्ड, बलदेवसर र गोपालसर लगायतको जमिनमा व्यापारीहरूले कब्जा गरेर मांस मदिरा बेच्ने बजार बनाएका छन्। तैलघृतिकासर, मण्डनसर, चन्द्रकुप, रामसागर, मुरली–सर, पादप्रक्षालन ( गोडधोई)सर, पुरन्दर–सर, पाकवती–सर, दीर्घिका–सर, लक्ष्मण–सर, सेवामन्तक–सर, धूतपाप–सर, सीताकुण्ड, पापमोचनीसर आदिले निरन्तर अतिक्रमण झेल्दैछन् ।

भारत टिकमगढकी महारानी वृषभानु कुँवरले जानकीको जन्म क्षेत्रलाई धार्मिक र दैविक पहिचान दिन सन् १९९८ मा जानकी मन्दिर बनाई दिएकी थिईन्। यसै मन्दिरको संरक्षणका लागि धनुषा र महोत्तरी जिल्लामा विभिन्न २३ गुठी खडा भै ६ हजार विगाहा भन्दा बढी जमिनको देवगुठी स्थापित भएको थियो । यस गुठीको ५ हजार बिगाहा भन्दा बढी जमिन व्यक्तिको भोगचलनमा पुगिसकेको छ ।

### महन्थलाई लुटको लाइसेन्स

जानकी मन्दिरको जमिन राजगुठी भए पनि छुटगुठी राखेर महन्थको जिम्मा लगाएदेखि जानकीभूमि हरणको खेल सुरू भएको देखिन्छ। यस गुठीको रेखदेख संस्थान आफैंले गर्नु पर्नेमा सो नगरी मन्दिरको कुनै पनि सम्पति कुनै पनि तवरले बेचबिखन, दान दातव्य वा मनखपद्वारा कसैलाई पनि दिन नपाउने शर्तमा गुठी संस्थानले सम्पूर्ण जिम्मेवारी महन्थलाई सुम्पिएपछि गुठीको जमिनमा महन्थको मनोमानी चल्न थाल्यो । गुठी संस्थान भने लुटको साक्षी बस्यो ।

गुठी संस्थान जनकपुर कार्यालयले जानकी मन्दिरको पुरानो श्रेस्ता, अर्थात् सम्वत १९८३ को लागत गायव बनाई दिएपछि यस देवभूमिमा भूमाफियाले कब्जा जमाए। गुठीको पुरानो श्रेस्ता नभेटिएपछि २०२९ सालमा जनकपुर अञ्चलाधीश कार्यालयले तत्कालीन महन्थ रामशरणदास वैष्णवबाट गुठीको जग्गाको फाँटवारी माग्यो। महन्थ रामशरणदास वैष्णवले फाँटवारी दिँदा धेरै जमिन लुकाए । तर गुठी संस्थानले यसै फाँटवारीलाई जानकी मन्दिरको आधिकारिक दस्तावेज मानिदियो ।

रामशरणदासले अञ्चाधीश कार्यालयलाई साविक बेल्ही विर्ताको किशोरनगर, रजौली र पिडारी वरपरको ९७ विगाहा ८ कट्ठा ८ धुर जतिको लगत दिएका थिए । धेरै जमिन लगतमा नपारिएपछि देवगुठी सम्पति वेवारिसे हुन गयो । स्थानीयले गुठी संस्थानलाई हारगुहार लगाएपछि, गुठी संस्थानले छुटगुठी बनाएर रेखदेखको सम्पूर्ण जिम्मेवारी महन्थ रामशरणदास वैष्णवलाई नै सुम्पिदियो ।

यसपछि महन्थले मनोमानी गर्ने आधिकारिकता पाए जस्तो गरेर गुठी जमिन बेचविखन गर्न थाले। रामशरणदासले केँगा शिवपुर गाविसमा रहेको जानकी मन्दिरको जमिन स्थानीय नेता तथा व्यापारीहरूलाई प्रति कठ्ठा २५ हजार देखि ५० हजारसम्ममा बेचबिखन गरेर देवभूमि विनाश शुरू गरेका थिए ।

महन्थको मनखप (खाईपाई तलव), दोकानी (खुद्रा खर्च) तथा पूजा (खर्च) चलाउने वहानामा रामशरण दासले देवभूमिको जमिन २०४४ देखि बेच्न थालेका थिए। २०४६ सालमा व्यवस्था परिवर्तन भएको ५ वर्ष लुटको अवधिमा महन्थको दरबारमा गुठी जमिन किनबेचको ठूलो धन्धा सुरू भयो ।

महन्थले मनखप वापत आफूले गुठीको जमिन लिएर सो जमिन व्यक्तिलाई बेचिदिएको दिएको लिखत बनाई दिन्थे । यसै लिखतको आधारमा २०५१ सालको नापीको मौका छोपेर व्यक्तिहरूले गुठीको जमिन आआफ्नो नाममा गराए । ०५१ सालमा नापी गरिएको जमिन गुठी संस्थान ऐन २०३३ को संसोधन सहितको दफा २५(३) लगाएर रैतानी दर्ता गरिएको थियो । महन्थको जालसाजपूर्ण लिखतलाई गुठी संस्थान, मालपोत कार्यालय र नापी विभागले मान्यता दिएपछि महन्थले स्थानीय भूमाफियासंग मिलेर गुठी जमिनको खुला कारोबार नै चलाए । मनगढन्ते मनखपको आधारमा जानकी मन्दिरको जमिनमा अहिले ४५० भन्दा बढी परिवारले घर–बजार बनाएका छन् ।

घिमिरे आयोगको प्रतिवेदनको २४६औं नम्बरमा जानकीभूमि अतिक्रमणकारी भनेर एमालेका वरिष्ठ नेता रघुवीर महासेठको नाम दिएको छ। दशरथ तलाउको पूर्वको जानकी मन्दिरको जमिनमा रघुवीर महासेठ सहित अशोक महासेठ, रामबाबु महासेठ, विजय महासेठ र मुकेश महासेठहरूको समूहले ६० कित्ता जमिन कब्जा गरेका छन् । पिडारी चोकको गोडधोई पोखरी, अरगजा पोखरी र तेलहा पोखरीको जमिन स्थानीय ३७ परिवारले कब्जा गरेका छन्। मराह पोखरीको २४ कित्ता जमिनमा डा.रामवृक्ष साह समेतले अतिक्रमण गरेका छन् । लक्ष्मण मन्दिरको जमिनमा भने २९ ठूला घरानाले कब्जा जमाएका छन् ।

### जाली मनखप

रामशरणदास वैष्णवको ०५३ सालको असारमा रहस्यमय मृत्यु भएपछि उनका चेला रामतपेश्वर दास जानकी मन्दिरका हर्ताकर्ता बने। यिनले २०५३ सालपछि पनि पुरानै मितिका रामदास वैष्णवका हस्ताक्षरमा नक्कली मनखप लिखत तयार पारेर गुठीको जमिन बेच्ने उद्योग सुरू गरे। घिमिरे आयोगले भनेको छ- '२०५३ सालमा नापी हुँदा सर्वे नक्शामा घर नरहेको र मन्दिरका खाली रहेको जमिनमा पनि मन्दिरका महन्थद्वारा नापी पहिलेको मितिको जालसाजी मनखप कागज तयार गराई घर बनाउन लगाए ।'

यसपछि अरगजा तलाउ, मराहा पोखरी, तेलाहा पोखरी, पाकवती पोखरी, रामानन्दचोक पूर्वको खाली जग्गा,जनस्वास्थ्य कार्यालय पूर्वको जग्गा, देवी चोकको जमिन, दशरथ तलाउ र मणिमण्डप तथा हनुमान मन्दिरको जग्गा रामतपेश्वरले बिक्री गरिदिए । घिमिरे प्रतिवेदनले किटेरै भनेको छ– 'महन्थ रामतपेश्वरदास स्वयंले अनधिकृत रूपमा जानकी मन्दिरको पोखरी, त्यसको डीलको जग्गामा घर, सटर आदि बनाउन लगाए। सर्वे नापी पछि खाली रहेको जग्गालाई पुरानो मितिको कवुलियतको कागज लेखी आफ्ना स्वर्गीय गुरू रामशरणदासको नक्कली हस्ताक्षर गरी छाप लगाई आफूले हालसम्मको मनखप बुझेको भरपाई दिई बिक्री गरेको छ ।'

यसैगरि रामचन्द्र गुठी, लक्ष्मण मन्दिर गुठी र हनुमान मन्दिर गुठीको ४ विगाहा जमिन पनि बिक्री हुन गयो । रानीपाटी (तोत्रादी मठ)को ५ विगाहा जमिन अतिक्रमण गरेर रैकर दर्ता गराई बिक्री गरिसकेका छन् ।

### पृथ्वीमै वैकुण्ठपुरी

२०२६ सालको सर्वे नापीमा ८० विगाहा देखिएको रत्नसागर गुठीको जमिन मध्ये महन्थ बैकुण्ठदास वैष्णवले ५५ विगाहा जति बिक्री गरिसकेका छन्। यस गुठीको १० विगाहा जमिन त राजाका नातेदार कुमार खड्ग विक्रमले हडपेका थिए। उसैबेला ५ विगाहा जमिन रैतान गरे तापनि ५ बिगाहा जमिन भने रैतानी हुन पाएको थिएन। तर यो जमिन पनि बिक्री भैसकेको छ। जनकपुरमा छोटो समय बसेका एसपी विश्व जबरा, स्थानीय नेता वृषेशलाल र ब्रम्हचारी रामबाबुले समेत रत्नसागर गुठीको जमिन लिन भ्याए। रत्नसागर गुठीको १७ बिगाहा जमिन वर्षको ७० हजार भाडा दिने गरी मणिपाल अस्पतालले लिएको छ । रत्नसागर मठका महन्थ वैकुण्ठदास वैष्णवले मनोमानी मनखप बनाई यहाँको जमिन बेचविखन गरी आफ्नो नाममा वैकुण्ठपुरी नामको एक बस्ती बसाएका छन् ।

### पृथ्वीको वैकुण्ठपुरी

रामानन्दचोकको पश्चिम–उत्तरतिरको रत्नसागर मठको खेतमा भूमाफिया लगाएर प्लटिंग गराएपछि सो जमिन विभिन्न व्यक्तिलाई बेचियो। महन्थ वैकुण्ठदास वैष्णवले बेचेको गुठीको जमिनमा नयाँ बस्ती बसेको हुनाले यस बस्तीको नाम वैकुण्ठपुरी रहनगयो। यो बस्ती रामानन्दचोक देखि पश्चिमतिर परिक्रमा सडकसम्म फैलिएको छ। यसको उत्तरमा पिडारी गाउँ छ भने दक्षिणमा महोत्तरीको भमरपुरा । महन्थ वैकुण्ठदास वैष्णव भन्छन्–मैले आफ्नो गुरूको सम्मानकालागि यो गाउँको नाम राखिदिएको हो ।

दशरथ मन्दिरका महन्थ जगरनाथदासले चाहिँ गुठीको जमिन आफ्नो नाममा दर्ता गराएर निजी नम्बरी बनाएर बेचबिखन गरे । लक्ष्मण मन्दिरको ३० कित्ता जमिन पनि भूमाफियाको कब्जामा परिसकेको छ। राम जानकी दुलाहा भगवान बेलाकोटीको जमिनमा जीवनाथ चौधरीको सीता प्यालेस नामको भव्य होटल खडा गरेका छन् । रामजानकी दुलहा भगवान बेलाकुटीको विन्धी गाउँको १०३ कित्ता जमिनमा हीरादेवी ठाकुर, ललन झा, कृष्णकुमार झा, विनोद चौधरी, उदय चौधरी आदिले अतिक्रमण गरेका छन्। ललन झा, मन्त्री विमलेन्द्र निधिको सिफारिसमा संविधानसभा पुगेकी नेपाली कांग्रेस सभासद मिनाक्षी झाका पति हुन् ।

हाल कुवामन्दिरको २० विगाहा जमिनमा बेचबिखन र अतिक्रमण चलिरहेको छ । कुवा फूलबारीको जमिनमा दिगम्बर झा समेत सयभन्दा बढी परिवारले अतिक्रमण गरेका छन्। कुवा फूलबारी गुठीको ६३ कित्ता जमिन चाहिँ राजकिशोर यादव, महेन्द्र चौधरी आदिले लिएका छन्। सीताकुण्डको जमिन चाहिँ महालक्ष्मी देवी, महानन्द सिंह आदिले ओगटेका छन्। यहाँ सीताकुण्ड नै विलोप गराएर व्यापारीले घर ठड्याएका छन् ।

रामसागर पोखरीको जमिनमा २६ परिवार र धनुषसागरको जमिनमा १३ परिवारले घर बनाएका छन् । राम मन्दिरको गिरिनारी कुटीदेखि उत्तरतिरको गोडधोई पोखरीको जग्गामा जगदीश महासेठ, गणेश महासेठ, अरूण महासेठ, महेश महासेठ र सुरेश महासेठ आदिले कब्जा गरेका छन् । राममन्दिरकै पुरण घरसर पोखरीको जमिनमा विश्वनाथ साह, विजय साह, महेश साह, रमेश साह आदि ३४ परिवारले र वडा नं ७ को लवकी पोखरीको जमिनमा ४ परिवारले घर बनाएका छन् । मध्यमासर पोखरीको जमिन धोवीले ओगटेका छन् भने चन्द्रकूप भन्ने देवान पोखरीको जमिन प्रकाशलाल कर्ण आदिले ओगटेका छन् । विषहरा पोखरीको जमिनमा १८ परिवारको घर सहित महेन्द्र नारायण निधि प्रतिष्ठान बनेको छ । कदमचोक, विद्युत कार्यालय पूर्वको जमिनमा मिश्र परिवारले भोगचलन गरेका छन् । पिपरिया माईको जमिनमा सञ्जय साह सहित १३ परिवारले कब्जा जमाएका छन् भने यसै जमिनमा नेपाली कांग्रेसले पार्टी कार्यालय बनाएको छ। हनुमान सिनेमा हलदेखि दक्षिणको राममन्दिरको जमिनमा जालान परिवार बसेका छन् । कपालमोचनी पोखरीको जमिनमा १९ परिवार बसिसकेका छन्। यहाँ बेचबिखन चलिरहेको छ। लक्ष्मण मन्दिरको रजौल बगैचामा महेन्द्र श्रीवास्तव र कृष्णसिंह आदिले ५५ कित्ता हडपेका छन् भने रजौल पूर्वको ३० कित्ता जमिनमा रामसागर यादव आदिले कब्जा गरेका छन् । प्रो पब्लिकले ०५९ सालमा अनुसन्धान रिपोर्ट प्रकाशित गरेर जनकपुरका नेताहरू विमलेन्द्र निधि, रामचन्द्र झा, वृषेशचन्द्र लाल, रघुवीर महासेठ लगायतका सबैले मन्दिरको जग्गा लिएको तथ्यांक दिएको थियो ।

घिमिरे आयोगको रिपोर्टमा भनिएको छ–मन्दिरको नामवाट महन्थ तथा पुजारीले प्राप्त गरेको ठूलो धनराशी पनि मन्दिरको नाममा नभएर महन्थले निजी आर्जनमा लिएको देखिन्छ। अतिक्रमणमा परेका ऐतिहासिक पोखरीहरू तथा तिनको डिलमा महन्थले आफना भाइभतिजा, नातेदारहरूलाई राखेका छन् । जानकी मन्दिर वरिपरिका धार्मिक एवं संवेदनशील स्थानमा महन्थज्यूले आफैं वा आफना व्यक्तिद्वारा अतिक्रमण गरी धार्मिक र सांस्कृतिक धरोहर नष्ट गर्नुभएको छ ।

केही महिना अघि जनकपुरमा बृहतर विकास परिषदको अतिक्रमण गर्ने घर टहराहरू भत्काउन लाग्दा महन्थहरूले राजनीतिक शक्ति लगाएर त्यो काम रोकिदिएका छन् ।

### अपराधको मञ्चन

धनुषाका पूर्वप्रहरी प्रमुख उत्तम सुवेदी भन्छन्– 'मध्य र पूर्वी तराईमा अपराधकर्ममा संलग्न रहेका सशस्त्र समूहका अधिकांश सदस्यहरूको सम्बन्ध जनकपुरधामको जग्गाको बेचबिखन र दलालीबाट आएको अवैध कमाईसँग गाँसिएको पाइएको छ । देवभूमिको जमिन बेच्ने महन्थहरूबीच आपसी रञ्जिस हुँदा सशस्त्र समूहहरू परिचालित भएर अपहरण गर्ने, फिरौती असुल्ने र हत्या गर्नेसम्मको अपराध भएको तथ्य प्रहरी अनुसन्धानबाट देखिएको छ ।'

२०४६ सालपछि जनकपुर क्षेत्रमा जीवनाथ–सञ्जय साहको जोडी ठूलो कारोवारीको रूपमा देखा पर्न गयो । यिनले नेता, महन्थ, मानमहन्थ गुठी कर्मचारी र प्रहरी प्रशासनका हाकिमहरूलाई समेत संयोजन गरेर जनकपुरधामको धार्मिक गुठीको जमिन बेचविखन गर्न थाले। जम्माजम्मी १० वर्षको अवधिमा यी दुई भूलालहरू कौडी कवाडीबाट अरबपति बन्न पुगे ।

२०६२/६३मा मधेश आन्दोलन उठेर तराई–मधेशमा सय भन्दा बढी भूमिगत सशस्त्र समूह स्थापना भए। यी सशस्त्र समूह राजनीतिक उद्देश्यले नभएर आर्थिक अपराध गर्नको लागि भूमाफियाहरूबाट गठन भएको अवैध शक्ति थियो भन्ने कुरा राजन मुक्ति समूहका प्रमुख रंजित झा पक्राउ परेपछि मात्र खुल्न गयो। जीवनाथ चौधरी र सञ्जय साह टक्लाको जोडीले अनेकौं सशस्त्र समूहको निर्माण र सञ्चालन गरेको कुरा जनकपुरको रामानन्दचोक विष्फोट काण्डमा पक्राउ परेका मुकेश चौधरीले अदालतमा बयान दिएर पुष्टि गरे। जीवनाथ उपर बम प्रहार गर्न गएका मुकेशले प्रहरीलाई बयान दिँदै भने, सञ्जय टक्लाको आदेशमा काम गरे तापनि जीवनाथसँग कारोबारी सम्बन्ध रहेकोले उनलाई बचाउन भूमिका खेले ।

धेरैवर्ष सँगै काम गरेका चौधरी–साहको जोडीलाई महन्थहरूबीचको रञ्जिसले फुटाई दिएको थियो । फुट भएपछि राजनीतिक समूह पनि फरक हुन गयो। संजय साह टक्ला, सद्भावना पार्टीतिर लागे भने जीवनाथ चौधरी विमलेन्द्र निधिको संरक्षणमा गए । यसैबीच सञ्जय साहले जीवनाथ चौधरीको हत्या गर्ने योजना बनाएर रामानन्दचौकमा बम विष्फोट गराउँदा नागरिक समाजका निर्दोष मानिस मारिए । अहिले साह यसै अपराधमा सिराहा जेलमा छन् । जीवनाथ चौधरी भने जिल्ला विकास समितिका भ्रष्ट्राचार गरेको आरोपमा अख्तियार धाउँदैछन् ।

### महन्थबीच सुपारी युद्ध

वैकुण्ठदास र रामतपेश्वरदास दुवै अरबपति महन्थ हुन्। वैकुण्ठदासलाई भारतीय भगौडा अपराधी भएको र वतन ढाँटेर नेपाली नागरिकता लिएको तथा गुठीको श्रीसम्पति हिनामिना गरेको आरोप लागेको छ। रामतपेश्वर गरिबका सन्तान हुन्, तर धन कमाउनाका लागि उनीमाथि गुठी मासेको, चोरी गरेको र आपराधिक समूह सञ्चालन गरेको आरोप लागेको छ । यी दुईबीच एकले अर्कालाई सिध्याउने खेल चलिरहेको छ । यस्ता खेललाई जनकपुरवासीले 'महन्थहरूबीचको सुपारी युद्ध' भनेर चर्चा गर्ने गरेका छन् ।

रामानन्दचोक बम विष्फोट काण्डमा पक्राउ गरेका सशस्त्र समूहका राजनमुक्ति (रंजीत झा), पृथ्वी सिंह (श्याम यादव), स्वामीजी (उमेश यादव), अजयमुक्ति (दीपक सिंह) र अर्जुन सिंह (मुकेश चौधरी) जस्ता अपराधीहरू गुठी जग्गाको कारोबार गर्ने माफिया समूहसँग सम्बद्ध थिए। रत्नसागर मठका महन्थ वैकुण्ठदास र जानकी मन्दिरका महन्थ रामतपेश्वरदासवीच शीतयुद्ध परेपछि 'महन्थहरूबीचको सुपारी युद्ध'मा उनीहरू प्रयोगमा आए ।

राजन मुक्ति (रंजित झा)ले अदालतलाई वयान दिँद गुठीका महन्थहरू नै अपराधको केन्द्रमा रहेको खुलासा गरे । उनले वयानमा भनेका छन्–'रत्नसागर मठका महन्थ वैठकुण्ठदासको निर्देशनमा ०६७ कार्तिक ११ गते (मैले) लालकिशोर झाको हत्या गरेको हुँ । लालकिशोर झा मटियानी मठका मानमहन्थ जगरनाथदासका भतिजा थिए । (रामतपेश्वर दासको संरक्षणमा रहेका) जगरनाथदासको कारोबार लालकिशोर झाले हेर्थे । (लालकिशोर)झा र रत्नसागरमठका महन्थ बैकुण्ठदासबीच गुठीको जग्गा बेचबिखनमा मनमुटाव भयो । सोही रिसइबीका कारण बैकुण्ठदासले (लालकिशोर) झालाई मार्न म (राजन मुक्ति) र भाष्करमुक्ति भन्ने दीपक सिंहलाई सम्पर्क गरी, तपाईहरूलाई चन्दा (सुपारी) दिन्छु मेरो काम गरिदिनु भनेर प्रस्ताव गरे । ...बैकुण्ठदाससँग भारतको सीतामढीमा बैठक गरेर १० लाखमा डिल भयो.....सहमति बमोजिम दासले मलाई ७ लाख रूपैया दिए, बाँकी रकम मेरा कार्यकर्ताहरू सुनिल कुमार, राकेश पाण्डे, शिवकुमार ठाकुरलाई दिए ।'

तर रत्नसागर मठका महन्थ बैकुण्ठदास भन्छन्,– 'मलाई फसाउन जानकी मन्दिरका महन्थ रामतपेश्वरदास सहित केही महन्थहरू लागेका छन्। तिनले यस्तो अफवाह फैलाएका छन् । तर तिनको केही चल्दैन ।'

धनुषाको गंगुली गाउँस्थित श्री मिथिला आयुर्वेद कलेज तथा अनुसन्धान केन्द्र शिक्षण अस्पतालका मालिक जानकी मन्दिरका महन्थ रामतपेश्वर दास हुन् । अत्यन्त गरिब परिवारका सन्तान रामतपेश्वर दास अहिले साढे ६ बिगाहा जमिनमा बनाइएको यस भव्य अस्पतालको ६० प्रतिशत शेयरको धनी छन् । यसको बाँकी ४० प्रतिशत शेयर पनि उनकै हो तर नातेदार निर्मला ठाकुरको नाममा राखिएको छ। अस्पतालको जग्गा र भवनको सम्पति मात्रै ३९ करोडको छ । कलेजका निर्देशक राकेश झा पनि महन्थ रामतपेश्वर दासका आफ्नै भतिजा छन्। आयुर्वेद चिकित्सा शिक्षण हुने यस कलेजका विद्यार्थीको शुल्क १० देखि १६ लाख सम्म लिइन्छ। जानकी मन्दिरबाट बार्षिक २ करोड भन्दा वढी उठ्ने भेटी र चढौना समेत रामतपेश्वरले निजी तवरले खर्च गर्छन्। भगवान वेलाकुटीबाट राधाकृष्णको बहुमुल्य मूर्ति चोरी भएपछि केन्द्रिय प्रहरी अनुसन्धान व्युरोले एकवर्ष लगाएर खोजी गर्दा सो मूर्ति रामतपेश्वर दासकै कुटीमा फेला पर्यो। तर प्रहरीले कारवाही चलाउन सकेन । यसबारेमा पत्रकार मनोज साहले पत्रपत्रिका मार्फत खुलासा गरेपछि ०६४ माघ ३ गते पत्रकार साहमाथि प्राणघातक आक्रमण भयो । मनोज साहमाथि संघातिक हमला गर्ने तीनजना आक्रमणकारीलाई प्रहरीले पक्राउ गर्यो । ती अभियुक्तहरूले अदालत समक्ष बयान दिएर आफूहरूलाई महन्थ रामतपेश्वर दासले (सुपारी दिएर) अपराधकर्म गर्न लगाएको खुलासा गरे ।

मनोज साह जानकी मन्दिरको गुठीको वारेमा लेख्ने जनकपुरका पत्रकार थिए । पहिलो संविधानसभाको निर्वाचन पश्चात माओवादी सरकारमा आउदा उनी गुठी संस्थानको केन्द्रीय सदस्य समेत भए। साह भन्छन्, जनकपुरको गुठीको सम्पति विनासमा मन्दिरका महन्थहरूको मुख्य भूमिका छ । यही विषयमा कलम चलाउँदा जानकी मन्दिरका महन्थबाट म माथि संघातिक हमला भयो ।

### राज्यलाई चुनौती

जनकपुरधामका मन्दिर र जमिन गुठी संस्थान अन्तर्गतका भए पनि प्रत्येक ५ बर्षमा महन्थहरूको नियुक्ति गर्छ । तर कुनै पनि महन्थले गुठी संस्थानलाई टेर्दैनन् । गतवर्ष गुठी संस्थानले जानकी मन्दिरमा नयाँ महन्थ नियुक्त गर्ने प्रक्रिया अघि बढाउँदा महन्थहरूले आन्दोलन गरेर संस्थानको प्रयास विफल पारिदिए । नाम उल्लेख नगर्ने शर्तमा गुठी संस्थानका एक अधिकारी भन्छन्–महन्थ रामतपेश्वर दासलाई जीवनाथ चौधरी मार्फत विमलेन्द्र निधिको संरक्षण प्राप्त छ । महन्थ बैकुण्ठ दासको पक्षमा सञ्जय साह थिए, उनी जेल परेपछि महासेठ र रामचन्द्र झाहरूले संरक्षण दिएका छन् । किनभने गतसाल मंसिरमा सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनमा जानकी मन्दिरका महन्थले विमलेन्द्र निधिलाई र रत्नसागर मठका बैकुण्ठ दासले भने सञ्जय साह टक्लालाई चुनावी खर्चमा सघाएका थिए । यस्ता अपराधीहरूलाई परिचालन गरेर बसेका महन्थहरू कानुनी दायरामा आएनन् भने राज्यलाई अझ ठूलो चुनौती थपिने छ ।

### महन्थको अपराधै अपराध

– जनकपुरको वेलाकुटीमा शोभायमान राधाकृष्णको बहुमुल्य मूर्ति चोरी भयो। यस सम्बन्धमा केन्द्रिय प्रहरी अनुसन्धान व्युरोले १ बर्ष अगाडि अनुसन्धान र छानविन गर्दा उक्त मूर्ति जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले लुकाई राखेको फेला पारे ।

– ०६४माघ ३ गते मनोज साहमाथि संघातिक हमला भयो । यस काण्डमा प्रहरीले पक्राउ गरेका तीन जनाले अदालत समक्ष बयान दिँदै आफूहरूले जानकी मन्दिरका महन्थ रामतपेश्वर दासको योजना बमोजिम, पैसा लिएर हमला गरेको बताए ।

– अख्तियारले गुठी संस्थानलाई हालै मात्र अत्यन्त जरूरी सूचना सहितको एक पत्र लेखेर जनकपुरको जानकी मन्दिरको नाममा रहेको हजारौं बिगाहा जग्गा जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले गैरकानुनी रूपमा बेचबिखन गरेको र केही जमिन आफना नातागोताको नाउमा राखेको भन्दै त्यस सम्बन्धी तथ्यसत्य जानकारी दिन आग्रह गर्यो ।

– जनकपुरको अर्को महत्वपूर्ण मठ रत्नसागरका महन्थ बैकुण्ठ दासलाई सशस्त्र समूहका नाइके राजन मुक्तिले हालै अदालतमा बयान दिएर महन्थ बैकुण्ठ दाससँग भएको रू. १० लाखको डिलमा आफूले महोतरीको शिक्षा कार्यलयका अधिकृत लालकिशोर झाको हत्या गरेको स्वीकार गरे ।

– बैकुण्ठ दास भारतीय नागरिक भएर पनि गैरकानुनी रूपमा जनकपुरवाट नेपाली नागरिकता लिएको भनेर अख्तियारले उनी विरूद्ध पक्राउ पूर्जी नै जारी गरिसकेको छ ।

– महन्थ बैकुण्ठ दासले पनि गैर कानुनी तवरले जनकपुरको रत्नसागरका अबौं मूल्य पर्ने जग्गा बेचबिखन गरेको भनेर अख्तियारले गुठी संस्थानलाई त्यस सम्बन्धी छानविन गरी तत्काल जानकारी गराउन पत्र लेखेको छ ।

*(खोज पत्रकारिता केन्द्रबाट साभार)*

## मधेश अपडेट

### चुनावपछि सरकारबाट बाहिरिन्छौं : प्रम

कैलाली । प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रियसभाको चुनावपछि सरकारबाट बाहिरिने बताएका छन् । उनले चुनावपछि संसद्ले पूर्णता पाउने भएकोले त्यसभन्दा अगाडि सरकारबाट बाहिरिन नहुने बताए । सात नम्बर प्रदेश सुदूरपश्चिमको प्रमुख तीर्थस्थलका रूपमा रहेको गोदावरीधाममा आयोजित 'गोदावरी बाह्र राशि मकर मेला, २०७४' को आज उद्घाटन गर्दै उनले राष्ट्रियसभाको चुनावपछि आफूले सरकारबाट बाहिरिने स्पष्ट गरे । उनले आफ्नो व्रतबन्ध भएको ठाउँ कैलालीको गोदावरीधामको विकासका लागि आफ्नो सक्दो सहयोग रहने बताउँदै सो क्षेत्रको पवित्रता र धार्मिक महत्व बढ्दै जानुपर्ने बताए ।

### घरबाट निकालिएपछि वृद्धको विजोग

जनकपुरधाम । धनुषाको जनकनन्दनी गाउँपालिकाको खजुरी प्रखे महुवा निवासी ८० वर्षीय श्रीलाल मण्डललाई छोराहरूले जीवनको अन्तिम अवस्थामा घरबाट निकालेपछि उनको विजोग भएको छ । मण्डललाई उनका छोराहरूले सम्पती आफ्नो नाममा पारी घरबारविहीन बनाएका छन् । छोराहरूले पुस्तेनी घडेरी र जग्गा आफ्नो नाममा गराएर घरबाट निकालेपछि उनी न्यायको गुहार माग्दै बुधबार जिल्ला प्रशासन कार्यालय धनुषामा छोराविरूद्ध निवेदन दर्ता गराएका छन् । मण्डलका दुई छोरा रविन्द्र मण्डल र श्यामसुन्दर मण्डलले २०६६ सालमै अंश बाडँफाँट गरी बुवाको नाममा रहेको सम्पत्ति आफ्नो नाममा गराएका थिए । अंशबण्डाको बेला गरिएको कागजमा दुवै छोराले घरको जग्गा मध्येको केही भागमा बुवालाई बसोबास गर्न दिने सहमति समेत भएको थियो । तर, जग्गा छुट्याएर मंजुरनामा कागजमा सहिछाप लगाएको आठ वर्ष वितिसक्दा पनि छोराहरूले मण्डललाई न त खेतीपातिको उब्जनीबाट केही दिएका छन् न त घरमै बस्न दिएका छन् ।

### लायन्स क्लबद्वारा चिया वितरण

वीरगंज । लायन्स क्लबले वीरगंजमा आठ सय जनालाई निःशुल्क चिया वितरण गरेको छ । लायन्स क्लबका संस्थापक मेल्विन जोनको जन्मोत्सवको छैठौं दिन आइतवार माइस्थान मन्दिर अगाडीको चौकमा एक कार्यक्रमको आयोजना गरी लायन्स क्लव वीरगंज ग्रीन क्याम्पस आदर्शनगर, राइजिंग, गेटवे, डायमण्ड, मिलिनियम, एमजेएफ, द वाकिंग टिम एनएलएफ एवं अल लायन्स क्लव वीरगंज-जितपुर-सिमराले संयुक्त रूपमा आठ सय कप चिया वितरण गरेको लायन्स क्लवका एम्बेसडर अफ गभर्नर एवं कार्यक्रम संयोजक उमेश साह कानुले बताए । उनले यो कार्यक्रम मेल्विन जोनको १३९ औं जन्मओत्सवको अवसरमा राखिएको साताव्यापी कार्यक्रम अन्तर्गतको एक रहेको बताए । लायन्स क्लवले हरेक वर्ष लायन्स सप्ताहयपी कार्यक्रम गर्दै आएको समेत उनले बताए ।

### जउवा संघमा नयाँ कार्यसमिति

जनकपुरधाम । जनकपुर उद्योग वाणिज्य संघ नयाँ कार्यसमिति निर्वाचित भएको छ । संघको अध्यक्षमा ललितकुमार साह विजयी भएका छन् । उनले एक हजार पाँच सय ३९ मत प्राप्त गरी विजय हासिल गरेका हुन् । उनका प्रतिद्वन्द्वी पवन ठाकुरले चार सय ३५ मत प्राप्त गरे । यस्तै, संघको वरिष्ठ उपाध्यक्षमा जितेन्द्रप्रसाद साह, उपाध्यक्षमा सुरेन्द्रकुमार भण्डारी, महिला उपाध्यक्षमा दीपिका राय निर्वाचित भएका छन् । संघको महासचिवमा जितेन्द्रकुमार महासेठ, सचिवमा विकास साह र कोषाध्यक्षमा अशोककुमार चौधरी विजयी भएका छन् । महिला सदस्यमा आशाकुमारी यादव र एशोसिएटमा राजीवकुमार साह निर्विरोध निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

### इन्डो-नेपाल सामाजिक मन्चद्वारा कम्बल वितरण

इमरान खान, कपिलवस्तु । कपिलवस्तु जिल्लाको कृष्णानगर नगरपालिकामा रहेको इन्डो-नेपाल सामाजिक मन्चका अध्यक्ष अकरम अब्दुल रहेमान खान उर्फ अकरम पठानले समाजसेवी भई धेरै नै समाजिक कार्यहरू गर्दै अएका छन् । विगतका दिनमा पनि समाजसेवीकै रूपमा अग्नीपिडित तथा बाढिपिडितलाई रहात बितरण जिल्लाका विभिन्न विद्यालयहरूमा पुगी विपन्न बालबालिकाहरूलाई शैक्षिक सामग्री वितरण गर्ने तथा मुस्लिम समुदायहरू हज गर्न जादा मेलमिलाप कार्यक्रम गरी मुस्लिम समुदायहरूका मानिसहरूको मन पनि जितेकोछन । अब समाज सेवा गर्दै कपिलवस्तु जिल्लामा बिगत केहि दिन देखि ब्यापक रूपले चिसो बढेकोले असहाय बृद्ध तथा गरिबहरू लाई धेरै समस्या भोगनु परिरहेकोमासंघिय समाजवादी फोरम नेपाल पार्टिका युवा नेता एवम इन्डो नेपाल सामाजिक मचंका अध्यक्षअकरम अब्दुल रहेमान खान उर्फ अकरम पठान र मिडिया प्रवक्ता राहुल मोदनवाल र सदस्यहरू अरबिदंमोदनवाल, इकरार खान, वसिम पठान हैदर अलि आदि इन्डो नेपाल सामाजिक मचंका सम्पुर्ण परिवारले एक चोटि फेरि समाजिक कार्य गर्दै ब्यापक रूपले चिसो बढेकोले बिजयनगर गाउंपालिकाकामा बसने सबै असहाय बृद्ध तथा गरिबहरूलाई कम्बल बितरण गरेका छन । अध्यक्षपठानका अनुसार मैले सानै देखि समाजिक कार्यमा रूचि रहेकोले हामिले निरन्तर रूपले हरेक गाउंमा पुगी असहाय बृद्ध तथा गरिबहरू लाई सक्दो अफनै स्रोतबाट सहयोग गर्नेछौ ।

### सडक सरसफाइ अभियानमा सांसद

चन्द्रकान्त खनाल, रूपन्देही । माघे संक्रान्ति पर्वको दिन बिहानीपख जाडो जाडो र पर्वको दिनलाई वेवास्ता गर्दै सोमबार तिलोत्तमा नगरपालिकाको ड्राईभरटोल चोकमा बिहानै एक हुल मानिसहरू जम्मा भए । एकैछिनमा उनीहरूले पञ्जा र माक्स लगाए । त्यसपछि उनीहरू सबै जना सडक सरसफाईमा नारिए । कतिले फोहोर टिप्न थाले त कतिले सडक बढार्न । सरसफाई अभियन्तालाई प्रतिनिधिसभा सदस्य घनश्याम भुसाल र प्रदेशसभा सदस्य लिला गिरीले साथ दिए । तिलोत्तमा नगरपालिकाले सञ्चालन गर्दै आएको समुदायमा आधारित सरसफाई अभियानमा सोमबार प्रतिनिधिसभा सदस्य भुसाल र प्रदेशसभा सदस्य गिरी सहभागी भएर सुरूदेखि अन्तसम्म अरूसरह सरसफाई कार्यमा जुटे ।

### चिकित्सक संघद्वारा निःशुल्क स्वास्थ्य शिविर

विराटनगर । नेपाल होमियोपैथिक चिकित्सक संघले सुनसरीको बर्जु गाउँपालिकाको अमडुवामा स्वास्थ्य शिविरको आयोजना गरेको छ । डा टिएन रायको ४१ औं पुन्यतिथिको उपलक्ष्यमा बुधबार सम्पन्न स्वास्थ्य शिविरमा संघले निःशुल्क मोतियाबिन्दु, कान, दातलगायतका बिरामीलाई स्वास्थ्य सेवा उपलब्ध गराएको छ । होमियोपैथिक चिकित्सा पद्धतिबाट आँखा, कान, दातलगायतका एक हजार बिरामीको स्वास्थ्य परीक्षण गरी औषधि वितरण गरिएको संघले जनाएको छ ।

### प्रादेशिक महोत्सवको तयारी तीव्र

नेपालगन्ज । माघ ११ गतेदेखि आयोजना हुने प्रादेशिक महोत्सवका लागि गठित २२ वटा उपसमितिले आफ्नो जिम्मेवारीलाई सक्रियतापूर्वक निर्वाह गरिरहेको जनाएका छन् । नेपालगन्ज उद्योग वाणिज्य संघको आयोजनामा माघ २२ गतेसम्म आयोजना हुने प्रादेशिक महोत्सवको ९० प्रतिशत तयारी पूरा भएको मूल समिति संयोजक नन्दलाल वैश्यले जानकारी दिए । वैश्यका अनुसार, स्टल तयारी पनि पूरा भएको छ । संघले प्रथम उपाध्यक्ष अब्दुल वाहिद मन्सुरीको संयोजकत्वमा स्टल बुकिङ्ग व्यवस्थापन उपसमिति बनाएको छ । महोत्सवको सम्पूर्ण सुरक्षा व्यवस्थापनको जिम्मा पनि उपाध्यक्ष मन्सुरीलाई नै छ ।

### प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै प्रदर्शन

बर्दिया । तराई, मधेश, थरूहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरूको सत्यतथ्य छानबीन सम्बन्धी गठित उच्च स्तरीय छानबीन आयोगले नेपाल सरकारलाई बुझाएको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै बर्दियाको गुलरीया प्रदर्शन गरिएको छ । सर्वोच्च अदालतका अवकास प्राप्त न्यायाधीश गिरिशचन्द्र लालको अध्यक्षतामा गठित आयोगले आफ्नो प्रतिवेदन नेपाल सरकार समक्ष बुझाइसके पनि नेपाल सरकारले सार्वजनिक नगर्नु दुखद कुरा भएको निर्वातमान संविधान सदस्य काशीम सिद्धिकिले बताए । उनले अबिलम्ब प्रतिबेदन सार्वजानिक नगरिए बिगतमा भएका घटना भन्दा ठूलो घटना हुन सक्ने भन्दै तत्काल सार्वजानिक गर्न माग गरे । यस्तै तराई मानव अधिकार रक्षक संजाल थर्ड एलायन्स ५ र ६ नम्बर प्रदेशको सम्पर्क कार्यालय नेपालगंजका प्रमुख आलम खानले आयोगले मधेस आन्दोलनका क्रममा आन्दोलनकारीहरू उपर अत्यधिक बल प्रयोग गर्ने सुरक्षाकर्मी तथा जिम्मेवार अधिकारीहरूलाई कारवाहीको सिफारिस तथा पीडित परिवारहरूलाई क्षतिपुर्तीको समेत सिफारिस गरेका कारण नेपाल सरकारले उक्त प्रतिवेदन सार्वजनिक गर्न नचाहेको आरोप लगाए ।

## सन्दर्भः गजेन्द्र नारायण सिंहको १६औं स्मृति दिवस

# सच्चा राजनेता गज्जुबाबु



श्रीमन नारायण मिश्र

गाउँ, समाज एवम् राष्ट्रको निम्ति आफ्नो जीवन तथा सर्वस्व समर्पित गर्ने वीर सपूतहरू मरेर गए पनि समयसमयमा श्रद्धा एवम् आदरका साथ स्मरण गर्ने गरिन्छन् । नेपाली राजनीतिको क्षितिजमा जाज्वल्यमान एक यस्तै ताराको रूपमा गजेन्द्रनारायण सिंहलाई पनि स्मरण गर्न सकिन्छ । वि.सं.१९८५ मा चैत्र रामनवमीका दिन उनको जन्म सप्तरीको एक मध्यमवर्गीय जमिन्दार परिवारमा भएको थियो । उनको निधन हुँदा देशको राष्ट्रिय राजनीतिमा अशान्ति, असुरक्षा एवं अस्थिरताको वातावरण थियो तर उनीजस्ता नेताहरूकै निरन्तरको त्याग एवम् समर्पणको कारण देश निरन्तर अग्रगमनको बाटोमा लम्किरहेको छ । इमानदारिता, त्याग, समर्पण, सहिष्णुता एवम् लोकतन्त्रको उच्च आदर्शलाई आत्मसात् गर्दै देशमा सामाजिक न्यायको स्थापनाको निम्ति उनले चलाएका अहिंसक एवम् शान्तिपूर्ण आन्दोलनका कारण उनले चर्चामा ल्याएका समानता तथा सामाजिक न्यायलगायत क्षेत्रमा उल्लेखनीय परिवर्तन भएका छन् ।

१६ वर्ष अघि भौतिकरूपमा उनी मरेर गए पनि देशको राष्ट्रिय राजनीति अहिले पनि उनले उठाएका राजनीतिक मुद्दाहरूकै वरिपरि केन्द्रित छ भन्दा अतिशयोक्ति नहोला ।

जनान्दोलन-२ को सफलतापश्चात् देशको राष्ट्रिय राजनीतिमा धेरै परिवर्तन भए । एक दशकसम्म सशस्त्र सङ्घर्ष गरेको नेकपा माओवादी पार्टीले शान्तिपूर्ण राजनीतिमार्फत् राष्ट्रिय राजनीतिको मूलधारमा आफूलाई प्रवाहित गर्न सहमति व्यक्त गऱ्यो भने २४० वर्ष पुरानो राजसंस्थाको इतिहास बोकेको नेपालले गणतन्त्र आत्मसात् गऱ्यो । हिन्दू राष्ट्रको रूपमा विश्वमैं ख्यातिप्राप्त गरेको नेपालले धर्मनिरपेक्षता स्वीकार गऱ्यो भने २०६४ सालको मधेस आन्दोलनका कारण देशको अन्तरिम संविधानमा संशोधनपश्चात् सङ्घीयता स्वीकार गरियो । २०६४ सालको मधेस आन्दोलनका कारण देशको राजनीतिमा नयाँ-नयाँ अभियन्ताहरू आफूलाई मधेसी आन्दोलनका एकमात्र सच्चा नेतृत्वकर्ताको रूपमा परिभाषित गर्न थाले । वि.सं २०५८ साल माघ १० गते उनको निधन हुँदा अहिलेका अधिकांश ठूला मधेसवादी नेताहरू नेपाली काँङ्ग्रेस, नेकपा एमाले र नेकपा माओवादीमा नै थिए । त्यतिबेला महन्थ ठाकुर, विजयकुमार गच्छेदार तथा शरद सिंह भण्डारी नेपाली काँङ्ग्रेसमा थिए जबकि उपेन्द्र यादव नेकपा माओवादीमा र महेन्द्र यादव नेकपा एमालेमा थिए । अहिलेका अधिकांश मधेसवादी नेताहरू त्यतिबेला ठूला दलमा नै थिए ।

२००९/०१० सालतिर नै कुलानन्द झा एवम् रामजनम तिवारीजस्ता नेताहरूले तराई काँङ्ग्रेसको स्थापना गरी मधेसको समस्या उठाउने काम गरिसकेका थिए । सङ्घीयताको मुद्दालाई पनि तराई काँङ्ग्रेसले २०१० सालमा नै उठाएको थियो । २०१५ सालको आम निर्वाचनमा त्यस पार्टीको प्रमुख राजनीतिक मुद्दा नै सङ्घीयता थियो । २०४६ सालको परिवर्तनपछि गजेन्द्रनारायण सिंहले नेपाल सद्भावना पार्टी स्थापना गरे तथा नागरिकता आरक्षण (समानुपातिक समावेशिता), सङ्घीयता, नेपाली सेनामा समावेशीकरण, जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्रको गठन तथा सबै भाषा एवम् संस्कृतिले राजकीय संरक्षण पाउनुपर्ने मुद्दा उठाएका थिए । गजेन्द्रनारायण सिंहले उठाएका मुद्दाभन्दा फरक तथा थप विषयलाई कुनै पनि नयाँ मधेसवादीहरूले उठाएका छैनन् ।

सप्तरीको उच्च मध्यमवर्गीय किसान परिवारमा जन्मेका गजेन्द्रनारायण सिंहले लोकतन्त्र, सामाजिक, न्याय तथा समानताको निम्ति आफ्नो सम्पूर्ण जीवन समर्पित गरेका थिए । उनको निधन भएको १६ वर्ष बितिसकेको छ । सैद्धान्तिक राजनीतिमा विश्वास राख्ने गजेन्द्रनारायण सिंहले राजनीतिलाई विशुद्धरूपमा समाजसेवाको पवित्र माध्यम मान्दथे । भ्रष्टाचार एवम् अनियमितताको आरोपबाट मुक्त उनीजस्ता नेताको राजनीतिक यात्रा तथा उच्च विचार वर्तमान पुस्ताको निम्ति प्रेरणाको स्रोत हुन सक्दछ ।

विद्यालयस्तरको अध्ययनका बखत नै दक्षिणी छिमेकी राष्ट्र भारतमा जारी स्वाधीनता प्राप्तिको आन्दोनल तथा स्वयं आफ्नो देशमा पनि जारी राणाविरोधी आन्दोलनको गहिरो प्रभाव उनको मन-मस्तिष्कमा परेका कारण उनले आफूलाई पनि आन्दोलनमा होमी दिए । राणाविरोधी आन्दोलनमा सहभागी हुन उनलाई विपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, सुवर्ण शम्शेर आदि नेताहरूले प्रेरकको काम गरेका थिए । नेपाली राजनेताहरूमा सुवर्ण शम्शेरबाट उनी सर्वाधिक



स्व. गजेन्द्र नारायण सिंह

प्रभावित थिए । राजविराजस्थित गणेन्द्रबाबूको निवास सप्तरी सेवा आश्रममा प्रत्येक वर्ष सुवर्ण जयन्ती धूमधामका साथ पर्वको रूपमा मनाउने गरिन्थ्यो । नेपाली काँङ्ग्रेस सप्तरीको जिल्ला अध्यक्षसमेत रहिसकेका गजेन्द्रबाबूले आफ्नो जीवनको अधिकांश समय (तीन दशक) नेपाली काँङ्ग्रेसमैं बिताए । काँङ्ग्रेसमा रहेर हतियार उठाउनुदेखि जेलनेलको कठोर यात्रा एवम् निर्वासनसमेत उनले भोग्नु पऱ्यो । उनी जेलमैं हुँदा उनको आमाको निधन भएको थियो तथा जेलमैं हुँदा एक मात्र पुत्रको पनि निधन भएको थियो । उनी सन्तानविहीन भएर बाँचे । वि.सं. २०४० सालमा जनसङ्ख्याविद् डा. हर्कबहादुर गुरूङ्गको बसाइँसराइ सम्बन्धी जनसङ्ख्या प्रतिवेदन चर्चामा आएपछि त्यसको विरोध गर्न उनले आफ्नो मातृपार्टी नेपाली काँङ्ग्रेस परित्याग गरे तथा नेपाल सद्भावना परिषद् नामक सामाजिक सङ्गठन खोलेर पर्सा, वीरगंजका पुराना मधेसी नेता रामजनम तिवारीलाई त्यसको संयोजक बनाएर गोप्यरूपमा मधेसका बुद्धिजीवीहरूसँग सम्पर्क एवंम् सहकार्य गर्न थाले । आखिरकार त्यो प्रतिवेदन कार्यान्वयनमा आउन सकेन । २०४३ सालमा उनी तत्कालीन संसद् (राष्ट्रिय पञ्चायत)को सदस्यको रूपमा सप्तरीबाट ठूलो मतसहित विजयी भए । राष्ट्रिय पञ्चायत सदस्यको रूपमा राजसंस्थाको प्रशंसा गरे पनि आफ्नो प्रत्येक भाषणमा मधेसीको समस्यालाई राष्ट्रिय पञ्चायतमा पनि उठाउने गरेका थिए ।

गजेन्द्रनारायण सिंहले वि.सं. २०४६ सालको परिवर्तनपछि आफ्नो सामाजिक सङ्गठन नेपाली सद्भावना परिषद्लाई नेपाल सद्भावना पार्टीमा परिणत गरेर त्यसको अध्यक्ष भए । लगातार तीनपटक उनी पार्टीको अध्यक्षको रूपमा निर्विरोध निर्वाचित भएका थिए । उनी बाँचुन्जेल नेकपा माओवादीको सशस्त्र सङ्घर्षलाई राजनीतिक समस्याको रूपमा परिभाषित गरेका थिए, जतिबेला सरकारले माओवादीका नेताहरूलाई आतङ्ककारी घोषित गरी तिनका टाउकोको मूल्य तोक्ने काम गरेको थियो । त्यतिबेला पनि उनले माओवादी आन्दोलनलाई भोक, गरिबी, बेरोजगारी, अशिक्षा एवम् पछौटेपनका कारण उत्पन्न राजनीतिक समस्याको रूपमा विश्लेषण गरेका थिए । माओवादी समस्याको समाधान शान्तिपूर्ण वार्ताको माध्यमबाट मात्रै हुन सक्दछ भन्ने उनको अडान अन्ततः सत्य नै साबित भयो ।

दक्षिणी छिमेकी राष्ट्र भारतसँग विशेष सम्बन्धको वकालत गर्नेगरेका गजेन्द्रनारायण सिंह नेपाल एवम् भारतबीच परम्परागत बहुआयामिक सम्बन्धलाई अवसरको रूपमा विकसित गर्नुपर्ने वकालत गर्दथे । हालै आएको एक अध्ययन अनुसार नेपालले सन् २०४५ सम्म बिजुली बेचेर प्रतिवर्ष रू १० खर्ब ६९ अर्ब कमाउन सक्नेछ । गजेन्द्रनारायण सिंहले दुई दशक अघि नै भनेका थिए कि हामीले आफ्नो जलसम्पदाको सदुपयोग गर्ने हो भने देशको पानीलाई 'वाटर डलर' को रूपमा विकसित गर्न सकिन्छ । अरब राष्ट्रहरू आफ्नो सम्पदा पेट्रोलियम पदार्थको सदुपयोग गरेर 'पेट्रो डलर' कमाएजस्तै नेपालले पनि 'वाटर डलर' कमाउन सक्ने विश्लेषण उनको थियो ।

२०४७ साल वैशाखको पहिलो साता नेपाल सद्भावना पार्टी स्थापना गरेका उनले आफ्नो पार्टीको प्रमुख एजेन्डाको रूपमा नागरिकता, आरक्षण (समानुपातिक समावेशिता), जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्रको गठन तथा सङ्घीयता अघि सारेका थिए । उनी बाँचुन्जेल उपरोक्त राजनीतिक मुद्दाहरूले देशमा व्यापक चर्चा पाए पनि समाधान हुन सकेको थिएन । नेपालजस्तो बहुजातीय, बहुभाषी एवम् विभिन्न संस्कृति भएको मुलुकमा सबै जातजाति एवम् भाषाभाषीले आफ्नो भाषा एवम् संस्कृतिको विकासको निम्ति राजकीय संरक्षण पाउनुपर्ने उनको मान्यता थियो । भाषा एवम् संस्कृतिको मान्यताको क्षेत्रमा धेरै हदसम्म काम पनि भएको छ भने भाषा आयोगको प्रतिवेदनपछि भाषा समस्या पनि समाधान हुने ठम्याइ विश्लेषणकहरूको रहेको छ । उनले साढे दुई दशक अघि शुरू गरेको समतावादी आन्दोलन अब लक्ष्यसम्म पुग्ने अवस्थामा आइसकेको छ ।

गजेन्द्रनारायण सिंहले एघार वर्षसम्म नेपाल सद्भावना पार्टीको नेतृत्व गरे । उनी बाँचिरहेको अवस्थामा पनि पार्टीकै वरिष्ठ नेताहरू रामजनम तिवारीको नेतृत्वमा वि.सं २०५० सालतिर नेसपा (आ) को तथा २०५५ सालमा रामेश्वर राय यादव, राजेन्द्र महतो एवम् हृदयेश त्रिपाठीहरू मिलेर समाजवादी जनता दल गठन गरेका थिए तर आफ्नो जीवनकालमैं उनले ती सबै पार्टीलाई पुनः नेपाल सद्भावना पार्टीमैं विलय गराए । काँङ्ग्रेसबाट राजनीतिको थालनी गरेका कारण नेपाली काङ्ग्रेसप्रति उनको खास मोह अन्त्यसम्म थियो ।

उनको निधनपश्चात् देशमा अनेकौं मधेसवादी दलहरू अस्तित्वमा आए तर उनले खोलेको नेपाल सद्भावना पार्टी अस्तित्वमा रहे पनि उनको निधन पश्चात् अनेकौ पार्टी मधेसमा खुले तर पाँच वर्षसम्म कुनै पनि मधेसवादी पार्टी एकजुट रहन सकेन ।

गजेन्द्रनारायण सिंहको निधन हुँदा उनको बैंक खातामा साञ्है न्यून रकम थियो । उनी चढ्ने गाडी पनि अरूकै नाममा दर्ता रहेको कारण त्यो पनि उनको पारिवारिक हुन सकेन । उनको श्राद्धभोजको खर्च पनि देशका एक प्रसिद्ध उद्योगपतिले बेहोरेका थिए । वि.सं. २०५१ सालको मध्यावधि निर्वाचनको खर्च धान्न नसकी उनले आफू चढ्ने गाडी पनि बेच्नुपरेको थियो । दुई वर्षपछि मात्रै उनले नयाँ गाडी खरिद गर्न सके । उनले काठमाडौंसहित देशको कुनै पनि बजारमा घरजग्गा खरिद गरेका थिएनन् । राजविराजको सेवा आश्रममा पनि टीनकै छाना थियो । गजेन्द्रनारायण सिंहले आफ्नो पार्टीको अभिवादनको नारा पनि 'जय मातृभूमि' नै रोजेका थिए । स्पष्टतः यो मातृभूमि नेपालको जयकार हो । उनी राष्ट्रप्रति समर्पित थिए । उनको निम्ति राष्ट्र सर्वोपरि थियो । मधेसी समस्याको समाधान पनि नेपालको भूगोलभित्रै खोजेका थिए । उनी मूल्य, मान्यता एवम् निष्ठा आधारित राजनीतिमा विश्वास गर्दथे । राजनीतिमा उनी परिवारवादका घोर विरोधी थिए । गजेन्द्र नारायण सिंहको त्याग, समर्पण एवं सैद्धान्तिक प्रतिबद्धता उच्च कोटीको थियो । नेपाली लोकतन्त्रको सुदृढता तथा मूल्य एवम् मान्यतामा आधारित राजनीतिका लागि गजेन्द्रनारायण सिंह जस्ता नेताहरूको खाँचो देशलाई आज पनि छ ।

## संक्षिप्त समाचार

### सम्बन्ध थप उचाइमा पुग्ने : प्रचण्ड

काठमाडौं । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वाम गठबन्धनको नेतृत्वमा बन्ने सरकारले नेपाल-भारतबीचको सम्बन्ध थप उचाइमा पुग्ने बताएका छन् । उनले नयाँ सरकार गठनपछि नेपाल-भारतबीचको सम्बन्ध थप सुम्धुर हुने दाबी गरे । नेपाल-भारत प्रबुद्ध व्यक्ति समूहको नेपाली प्रतिनिधिमण्डलसँग पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा भएको भेटमा नेपाल-भारतबीच विगतमा भएका सन्धिसम्झौतालाई नयाँ आधारमा पुनरावलोकन गर्न आवश्यक रहेको समेत बताए ।

### राजदूत पुरीद्वारा निरीक्षण

इलाम । नेपालका लागि भारतीय राजदूत मञ्जिवसिंह पुरीले पूर्वी सीमानाको स्थलगत भ्रमण गरेका छन् । भ्रमणको क्रममा उनले इलामको पूर्वी पशुपतिनगरमा अध्यागमन कार्यालय राख्न पहल गर्ने बताएका छन् । राजदूत पुरीले स्थानीयले वर्षौंदेखि राखिरहेको अध्यागमन कार्यालयको मागबारे आफूले केन्द्र तहसम्म पहल गर्ने बताएका हुन् । उनले नेपाल-भारत व्यापार प्रवर्द्धनका लागि समेत आफूले पहल गर्ने विश्वास दिलाए । दुई देशको सीमा क्षेत्रको भौतिक संरचनाको विषयमा दुवै क्षेत्रका नागरिक र व्यापारका लागि सहज बनाउने प्रयत्न गर्ने प्रतिबद्धता जनाएका हुन् ।

### बुटवलमा दीप प्रज्वलन

चन्द्रकान्त खनाल, रूपन्देही । सरकारले प्रदेश नं. ५ को अस्थायी राजधानी बुटवलमा तोकेको खुशियालीमा विभिन्न राजनीतिक दलहरूले बुटवलमा दीप प्रज्वलन गरेका छन् । नेपाली कांग्रेस नेकपा एमाले लगायतअन्य व्यसायी संघ संस्थाहरूले पनि दिप प्रज्वलन गर्दै शुखीयाली मनाएका हुन् । नेपाली कांग्रेसले बुटवलको मिडियाचोकमा दिप प्रज्वलन गरि कांग्रेसनेतृत्वको सरकारले रूपन्देहीलाई नै अस्थायी राजधानी तोकेर लुम्बिनी अञ्चलका जनताको भावना बुझेको जनाएको छ ।

### शीतलहरपीडितलाई राहत

भैरहवा । कोशिश फाउण्डेशनका डा.सरिता यादवको संयोजकत्वमा १६ जनाको एक टोलीले रूपन्देही जिल्लास्थित मायादेवी गाउँपलिकाका ९६ जना शीतलहरपीडितलाई राहत वितरण गरेको छ । गरिब, वृद्धवृद्धा तथा बच्चाहरूलाई ९६ वटा कम्बल र हरेकलाई जाडो मौसमका लागि टोपी राहत स्वरूप प्रदान गरिएको जनाइएको छ । ४ ओटा कम्बल शहीद परिवारलाई दिने जिम्मा कोशिश फाउण्डेसनका सुभाष गुप्तालाई दिएका छन् । यस कार्यक्रममा थर्ड एलायन्सका अग्नि शक्ति यादव तथा स्थानीयवासीले सहयोग गरेको फाउण्डेशनका संस्थापक सुभाष गुप्ताले जनाएका छन् ।

### शुभकामना आदानप्रदान

नेपालगन्ज । मधेशी एकता समाज बाँकेले जिल्लामा माघी/खिचडी पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ । नेपालगन्ज बजारको महेन्द्र पुस्तकालयको सभा हलमा महेन्द्र प्रसाद थारूको अध्यक्षयतामा कार्यक्रम गरिएको छ । कार्यक्रममा प्रमुख अतिथि राजनीतिक विश्लेषक कैलाश महतो थिए । वक्ताहरू स्वतन्त्र मधेश गठबन्धनका राष्ट्रिय प्रवक्ता अब्दुल खान, नवनिर्वाचित विधायक संघीय समाजवादी फोरम नेपालका विजय यादव, युवा नेता ईरफान शेख, राजपाका केन्द्रीय सदस्य अधिवक्ता राम कुमार दिक्षित, ममता बनिया आदिले शुभकामना दिएका थिए ।

### बालकको मृत्यु

मोरङ । सुन्दरहरैंचा-६ स्थित भित्री सडकखण्डमा ट्र्याक्टरको ठक्करबाट टेकबहादुर राईका तीन वर्षीय छोरा क्षितिजको मृत्यु भएको छ । घर नजिकै खेल्ने क्रममा पूर्वबाट पश्चिचतर्फ जाँदै गरेको को२त ६००६ नंको ट्र्याक्टरले ठक्कर दिँदा सो दुर्घटना भएको र ट्र्याक्टरलाई नियन्त्रणमा लिइए पनि चालक फरार रहेकाले खोजी भइरहेको इलाका प्रहरीले जनाएको छ ।

### ट्याक्टर दुर्घटनामा एकको मृत्यु

कैलाली । जोशीपुर गाउँपालिका-२ गढीस्थित सडकमा से.१ त ६८०७ नम्बरको ट्याक्टर अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । भजनी नगरपालिका-१ बस्ने ३४ वर्षीय राजाराम चौधरी र सोही ठाउँ बस्ने हरिप्रसाद चौधरी घाईते भई उपचारार्थ कोहलपुर मेडिकल कलेज बाँके लगिएकोमा उपचारको क्रममा राजारामको आइतबार मृत्यु भएको छ । फरार चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### महिला मृत फेला

रौतहट । चन्द्रपुर नगरपालिका-७ मा एक महिला मृत फेला परेकी छन् । सार्किटोल बस्ने ६३ बर्षीया सरस्वती अधिकारी आइतबार आफ्नै घरमा मृत फेला परेकी छिन् ।

### आगो ताप्ने क्रममा महिला घाईते

धिरेश दत्त, जनकपुरधाम । आगो ताप्ने क्रममा एक ९ महिने गर्भवती महिला घाहिते भएकिछिन् । धनुषा जिल्लाको धनुषाधाम नगरपालिका वार्ड नम्वर ७ किशानपुर भगवानपुरकी अन्दाजी २२ वर्षकी रामसफल मण्डलकी श्रीमति प्रियंका देवी मण्डल आईतबार बेलुकी करिब साढे ६ बजे आगो ताप्ने क्रममा साडिमा आगो सल्केर शरिरभरि नै पोलेर सिकिस्त घाहिते भएकीछिन् । उनलाई स्थानियहरूको सहयोगमा एम्बुलेन्सले जनकपुर अञ्चल अस्पताल पु-याईएको छ ।

### ट्र्याक्टरको ठक्करबाट बालकको मृत्यु

नारद कोहार, कपिलवस्तु । ट्र्याक्टरको ठक्करबाट एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा महाराजगंज नगरपालिका वडा नं. ११ वडे गाउंको ५ वर्षीय महेन्द्र यादवको मृत्यु भएको प्रहरीले जनाएको छ । घर नजिकैको चौकमा खेलिरहेका बेला आइतबार साँझ भे. १ त ६९७७ नम्बरको ट्र्याक्टरको ठक्करबाट मृत्यु भएको प्रहरीले जनाएको छ । तीव्र गतिमा आएको ट्र्याक्टरले चौकमा घुमाउने क्रममा बालकलाई ठक्कर दिंदा बालकको घटना स्थलमै मृत्यु भएको स्थानीयले बताएका छन् । कचालक र ट्र्याक्टर ईलाका प्रहरी कार्यालय महाराजगंजको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

**सडकमा सवारी चलाउँदा र सडक तथा फुटपाथ प्रयोग गर्दा निम्न कुराहरु ध्यान पुऱ्याउन हुन सम्बन्धित सबैलाई अनुरोध छ**

- दुई वा दुईभन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालन गरौं ।
- सडकमा बाटो काट्नुपर्दा जेब्रा क्रसिङ्ग, आकाशेपुल, सब-वे अथवा पेलिकन बत्ती वा कुनै नभएको ठाउँमा सुरक्षित ठाउँबाट बाटो काटौं ।
- चोक बत्ती भएको ठाउँमा पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ती तथा सवारीचालकको सवारी साधनका लागि व्यवस्था गरिएको हरियो बत्ती बलेपछि ात्र सवारी अगाडि बढाऔं ।
- सवारी चलाउँदा वा बाटो काट्दा मोबाइल फोनको प्रयोग नगरौं ।
- जथाभावी ओभरटेक नगरौं, दाहिनेपट्टिबाट अथवा अगाडिको गाडीले संकेत दिएपछि मात्र ओभरटेक गरौं ।
- विपरीत दिशाबाट आउने सवारी साधनको लेनमा प्रवेश नगरौं ।
- पैदलयात्रीले जान-अन्जानमा बाटो काट्न लागेको छ भने गाडी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔं ।
- निश्चित तोकिएको ठाउँ (बसस्टप तथा टेम्पो स्टम) बाट मात्र यात्रु चढाउने र ओरोल्ने काम गरौं ।
- सडक विभागको मापदण्ड तथा सवारी साधनको क्षमता भन्दा बढी यात्रु/वजन नबोकौं ।

**हामी सबैले ट्राफिक नियमको पालना गरौं र गर्न लगाऔं दुर्घनाबाट बचौं र बचाऔं।**

*सार्वजनिक हितका लागि:*

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग

सडक सुरक्षा तथा ट्राफिक शाखा

चाकुपाट, ललितपुर

**क्यान्सर**

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

जिल्ला जनस्वास्थ्य कार्यालय,
काठमाडौं, टेकू

# काशीप्रसाद श्रीवास्तव र लोकतान्त्रिक आन्दोलन -१३

**कांग्रेसको मतभिन्नता :**
विराटनगरको मजदूर आन्दोलनको जगमा टेकेर मुलुकभर राष्ट्रव्यापी सत्याग्रह आन्दोलन विस्तारित भैरहेको थियो । मजदुर वर्गको दमन र सत्याग्रहीहरूको घरपकडका विरूद्धमा सर्वसाधारण जनता पनि राणाशासनको विरूद्धमा सक्रिय हुन थालेका थिए । यसमा महिला वर्गको समेत उत्साहप्रद सहभागिता थियो । सत्याग्रहको महाअभियान नेपाली कांग्रेसको अगुवाईमा देशव्यापी बनिरहेकै बेला संगठनभित्र खिचातानी सुरू भयो । नेतागणहरूले आ-आफ्नो पक्षीय तर्कहरू दिएर सत्याग्रहलाई कमजोर पार्न सक्ने किसिमका अभिमतहरू प्रकट गर्न थाले ।
विश्वेश्वरप्रसाद कोइराला सशस्त्र क्रान्तिबाट मात्र निरकुंशताको जग भत्काउन सकिन्छ । शान्तिपूर्ण अहिंसात्मक आन्दोलको बलमा यस किसिमको अधिनायकवादी शासनको संजाल समाप्त पार्न सकिदैन र यसका लागि बामपन्थी दलसँग सहकार्य गर्न हुँदैन भन्ने विचारमा अडिग थिए । उनले व्यक्त गरेको विचारमा समसामयिक राजनैतिक परिस्थितिको सटिक मूल्यांकन थियो । डिल्लीराम रेग्मी नेपाली राष्ट्रिय कांग्रेसका सभापति थिए । कार्यकर्ताको समर्थन वि.पी बाबुप्रति थियो । नेतागण र भारतीय नेतृत्व मातृकाप्रसाद कोइरालाप्रति निकटस्थ थिए । अर्कोतिर सुवर्णशमशेर राणा सशस्त्र क्रान्तिभन्दा शान्तिपूर्ण आन्दोलनबाट राजनैतिक अधिकार प्राप्त गर्दै जानुपर्छ भन्ने विचारमा थिए । उनले यही अधिमतबाट कार्यकर्तालाई पूर्णकालिन सदस्यता विस्तार गरेर निकै ठूलो शक्ति तयार पारेका थिए । कार्यकर्ता माथि उनले ठूलो आर्थिक लगानी गरेका थिए । नेपाल भारत बोर्डर क्षेत्रमा कार्यालय खोलेर संगठनात्मक हिसाबले उनले अभूर्तपूर्व काम गरेका थिए । वि.पी बाबुको समूहमा नेताहरू पनि थिए । कार्यकर्ताको त्यस्तो कमी पनि थिएन तर आर्थिक संकटले गर्दा भोकभोकै यत्रतत्र पुगेर प्रचार गर्नुपरेको थियो । यसरी सत्याग्रहको यस अभियान मुलुक भित्र चलिरहेकै समयमा नेपाली राष्ट्रिय कांग्रेस, नेपाल प्रजातन्त्र कांग्रेस जस्ता गुट-उपगुट जन्मिएका थिए । कांग्रेस नेतागणमा पैदा भएको मतभिन्नता पछिल्ला दिनमा पनि कायम थियो । डि.आर. रेग्मीले त नेपाली राष्ट्रिय कांग्रेसलाई एकल नेतृत्वमै कायम राखिरहे भने वि.पी बाबु र सुवर्ण शमशेर राणाहरूले परिस्थितिको व्यापक मूल्यांकन गरेर दुवै पार्टीलाई एक बनाए र नेपाली कांग्रेसको जन्म दिए । मातृकाप्रसाद कोइरालाको नेतृत्वमा कांग्रेस एक भयो । यद्यपी उक्त दलभित्र नेतृत्वलाई लिएर पटक-पटक अस्वभाविक संकट उत्पन्न भई नै रह्यो । मत विभाजन मात्र भएन दलपनि विभाजित भयो । स्थापनाकालको मतभिन्नता पछिल्ला दिनहरूमा समेत देखिन्थ्यो । यद्यपि नेपाली कांग्रेसका नेतृत्वमा प्रजातान्त्रिक आन्दोलनका अनेकन संघर्षहरू उत्कर्षमा पुगे र परिणाममुखी परिवर्तनहरू समेत यसैको अगुवाईमा सम्पन्न भए ।
दलभित्रका अन्य हस्तीहरूमध्ये कृष्णप्रसाद भट्टराइ अहिंसावादी सिद्धान्तकै भरणपोषणमा विश्वास गर्दथे । उनको सैद्धान्तिक निष्ठा र अडान अविचलित जस्तै थियो । निरकुंशताको पर्याय बनेका दरबारलाई हजारौं-लाखौं जनताले घेरेछन् र एकदिन प्रजातन्त्रको सुन्दर बिहानी हामीले देख्न पाउँछौं भनेर विश्वासका साथ आफ्ना अभिमत प्रकट गर्दथे । महेन्द्रनारायण नीधि, सि.के प्रसाई, काशीबाबु पनि अहिंशाव्रती धारमा नै थिए । काशीबाबुले विशेषत नेपालका नेतृत्व वर्गलाई भारतीय सरकारको तर्फबाट सहयोग, सद्भाव, नैतिक समर्थन लगायत संकटका बेला राशन पानीकै व्यवस्थापन गर्न र आवश्यकीय क्रियाशिलता जुटाउन मध्यस्थ भूमिका समेत खेल्ने गरेका थिए । भारतमा बसेर आर्थिक संकट व्यहोरेका, सुरक्षाको जोखिम उठाएका, बसोबासको सुरक्षित सेल्टर नपाएका नेता तथा कार्यकर्ताहरूलाई दिल्ली दरबार गुहारेर संकटमा रहेका राजनैतिक अभियान्ताहरूलाई संरक्षण गर्दथे । कहिलेकाँही भारतीय नेता र नेपाली नेताहरूमा मनोमालिन्य उत्पन्न हुँदाका बखत पनि काशीबाबुले दुवै पक्षलाई राखेर सटिक निष्कर्ष र उपयुक्त निर्णय मान्न सहमत गराउँथे । त्यसैले नेतृत्वपंक्ति र कार्यकर्ताको तहमा काशीबाबुको भूमिका सर्वसम्मत र निर्णायक हुने गर्दथ्यो ।

**बन्दीगृहमा अनशन :**
सत्याग्रहीहरूलाई अमानुषिक व्यवहार गरेर राणा सरकारले आफ्नो सुकिलो अनुहार प्रदर्शन गरिरहेको थियो । यद्यपि आन्दोलनकारीहरू सत्याग्रहका पूर्ण सफलताका लागि कुनै कशर बाँकी नराखी जेल भराउ अभियानमा स्वत: सक्रिय भैरहेका थिए । देशका महत्वपूर्ण स्थानहरूमा सत्याग्रहीहरूले जेल भरौं आन्दोलनमा स्वइच्छाले भाग लिए । राणा सरकारद्वारा निर्मित बन्दीगृह, धर्मशाला, तालिम केन्द्र आदिमा उनीहरूलाई निर्ममता पूर्वका राखिएको थियो । सबैजसो यस्ता जेलखानाहरू भरिभराऊ भएका थिए । सरकारको टाउको दु:खाई भएको थियो । जिम्मेवार प्रशासकहरू अब के गर्ने ? बन्दीहरूलाइ कहाँ राख्ने ? प्रशासकहरूलाई कसरी सुरक्षा प्रदान गर्ने भन्ने विषयमा सरकारी संयन्त्रमा व्यापक छलफल चलिरहेको थियो । यसै बीच सत्याग्राहीहरूलाई तर्साउन लाठ्ठीचार्ज, पानीको फोहरा, गोलीप्रहार जस्ता दमनचक्र चलाएर सरकारी पक्ष जनतालाई आक्रोशित तुल्याई रहेका थिए । यति गर्दा पनि सत्याग्रहप्रति जनताको सहभागिता निरन्तर वृद्धि भईरहेको थियो ।
सरकारले अमनचक्र चलाएर महिला, वृद्ध लयागतका सत्याग्रही माथि कुरतापूर्ण व्यवहार गरेको विरोधमा विश्वेश्वरप्रसाद कोइरालाले सत्याग्राहीहरूलाई नि:शर्त रिहा गर्न, घाईतेहरूलाई नि:शुल्क उपचार गर्न, पीडितहरूप्रति उचित क्षतिपूर्ति प्रदान गर्न र राजनैतिक सुधार कार्य तुरून्त प्रारम्भ गर्न मागहरू राखेर समयसीमा तोकिदिए । उक्त समयभित्र माग पूरा नभए बन्दीगृहमै ‘आमरण अनशन’ प्रारम्भ गर्ने घोष्णा गरे । तर राणा प्रशासकहरूले दमन चक्रलाई झन् कठोर बनाए । सुधार कार्यमा कुनै ध्यान दिएनन् । बन्दीलाइ रिहाई गर्ने कुरामा पनि कुनै वास्ता गरेनन् ।
श्री ३ मोहनशमशेर राणाले सबै जिल्लाका बडाहाकिमहरूलाई आन्दोलनकारीहरू प्रति बढी बल प्रयोग गरेर दबाउन निर्देशन दिए । केन्द्रमा नरशमशेर राणाको अध्यक्षतामा दमनकारी सशक्त शक्ति तयार पारियो । उनले राणाशासनलाई सुदृढ गर्नका लागि दमनीय प्रवृत्तिलाई बढवा दिए । मोहनशमशेर राणाले आफ्ना निकटतम भक्त र नितान्त विश्वासिला मानिसहरूलाई भारत पठाई भारत सरकारको तर्फबाट पनि दमनीय कदमका लागि समर्थन जुटाउन कोशिस गरे । वि.पी बाबुका पुजनीय आमालाई बोलाएर वीपीलाई राम्ररी सम्झाउन र अनशन तोड्न सहयोग गर्न बल प्रयोग गरे । दिव्या कोइरालाले निडर र निर्भयका साथ कडा जवाफ दिइन् । मैले मेरो श्रीमान् कृष्णप्रसाद कोइरालालाई राणा शासनको निरकुंश पंजाभित्र दागबत्ती दिएर बिदा गरे । यदि सरकारी पक्षबाट जनताका माग पूरा नगर्ने र प्रजातन्त्रको स्थापना नगर्ने हो भने मेरा कुनैपनि सन्तानले जनताको मौलिक अधिकार प्राप्तिका लागि गरेका आन्दोलनहरूमा आफु पनि सघाउने छु । प्रजातन्त्रका लागि लड्दा-लडदै वीरगति प्राप्त गऱ्यो भने पनि जनताको राजनैतिक अधिकारका लागि सहीद भएकोमा गर्व गर्नेछु । मेरा सन्तानले निरंकुशता र अधिनायकवादी सत्ताका लागि सम्झौता गर्दैनन् र म पनि उनीहरूलाई शीर झुकाउन दिन्न भनेर ठाडो जवाफ दिइन् ।
वीपी कोइरालाले बन्दीगृहबाट आन्दोलनलाई बल पुग्ने अनेक किसिमका सामाग्रीहरू सलाईको खोल, साबुनको कभर, पेपर, अखबारका खाली ठाऊँ आदिमा जेल भित्रका दिनचर्याहरू सबै लेखेर चौकिदार, महिला, भेटघाटमा आएका मानिसहरू आदिलाई प्रयोग गरेर आफ्ना विचारहरू बाहिर पुऱ्याउँथे । लामा थरका सैनिक, चौकिदार, झाडु लगाउने महिला तथा भेटघाटमा आउने आफन्तले गोप्य तरिकाले ती सूचनाहरू बाहिर ल्याई पूर्णबहादुर ब्राम्हणलाई दिन्थे । उनले तिनीहरूलाई गोप्य तवरले भारततर्फ पठाई तरूण गोर्खा, गोर्खा संसार, राष्ट्रपुकार, युग, युगवाणी जस्ता प्रवासी नेपालीहरूले भारतको भूमिमा प्रारम्भ गरेका नेपाली भाषाका पत्रपत्रिकाहरूमा छपाउन लगाउँथे । ती सामग्रीहरू छापिएका लेख, रचना, विचार र आन्दोलनलाई उत्कर्षमा पुऱ्याउने खालका विविध सामग्रीहरू विभिन्न तरिकाले नेपालका कुना-कन्दरामा पुऱ्याइन्थ्यो । कतिपय सामग्रीहरू भारतीय अखबारहरूमा हिन्दी तथा अंग्रेजी भाषामा अनुवाद गरेर प्रकाशन गरिएका थिए । वीपीले लेखेका ती सूचनाहरू मोजाभित्र, सुरूवालको नेफाभित्र, जुत्ताको तलुवाभित्र, ब्वाउनभित्र, कुचोभित्र, खानेकुराका बट्टाभित्र राखेर पनि पठाउने गरेको थियो । यसरी पठाइएका सामाग्रीहरू आकर्षक तरिकाले पत्रिकामा छापिन्थे, छापिएका ती सामाग्रीहरूले नेपाली जनमानसमा सनसनीपूर्ण सूचना प्रवाह गरेका थिए । वीपिले जेलभित्र अनसनका २९ दिनहरू प्रत्येक दिनको दैनिकी जस्तै गरेर बाहिर निष्काशन गरेका थिए । उनको स्वास्थ्यको बारेमा पनि सूचना बाहिरिनथ्यो । जाडो कठ्याङरिएर बसेको, शरीरलाई तातो र न्यायो बनाउन उठबस गर्दा गर्दै बेहोस भएको, एउटै कम्बललाई ओड्ने-ओछ्याउने बनाएको र चौकाको ईटाँलाई तकया बनाएर सुतेको कुरा पनि ती विवरणमा परेका थिए । आफूले कुन-कुन दिन कस्ता किताब पढेको हो, को-को मानिस भेट्न आए, खाना रूची, अची, शरीरको सञ्चो बिसञ्चोका सूचनाहरू पनि कुनै तरिकाले बाहिरिन्थे । यसरी बाहिरिएका विपीका विचारहरूलाई पत्रिकाको माध्यमबाट सम्प्रेषण गर्ने दिल्ली दरबारसम्म आवाज पुऱ्याउन र समर्थन जुटाउन, संकट साम्य पार्ने आवश्यकीय सहयोग जुटाउन काशीबाबुले अनेकौं प्रयास गरेका थिए ।
कतिपय दिन वि.पी.को बन्दीगृहमै मृत्युवरण गरेको समाचार समेत हल्लाको रूपमा देश विदेशमा फैलिनथ्यो । यस्तो हल्लाका बीचमा सुशील कोइराला, गरिजाप्रसाद कोइराला, शैलजा आचार्य आदि जेलमा भेट्न पुग्थे । जनता वीपीलाई केही नहोस् भनेर प्रार्थना गर्दथे । यदि केही भैहाले आन्दोलन भयावहका रूपमा अगाडि बढ्ने आकलन गर्दथे । भारतीय नेताहरूले मोहन शमशेरलाई चिट्ठी लेखेर विपीलाई रिहाई गर्ने र सुधार कार्य अविलम्ब अपनाउने आसय व्यक्त: गर्दथे । जहवाललाल नेहरू, महात्मा गान्धी, मदनमोहन मालविय, राममनोहर लोहिया जस्ता नेताहरूले सरकार, राजनैतिक नेता र कार्यकर्ता पंक्तिमा समेत पत्राचार गरेका थिए । विपीको जीवन रक्षाका लागि उनीहरूले समाचार माध्यमबाट अपील समेत गरेका थिए ।


डा.जगतप्रसाद पराजुली

वि.पी. निकै बिमारी भएका थिए । उनको घाँटीको समस्या बल्झिरहन्थ्यो । असाध्य रोगको प्रकोपबाट उनी पीडित भैरहेका थिए । सरकारले लाजगाल चिकित्सक पठाएर उपचारको देखावटी नाटक गरेपनि उनले स्वास्थ्य लाभ गर्न सकिरहेका थिएनन् । यस्तो अवस्थामा देशभित्र र बाहिर पनि वीपीको रिहाईको ठूलो दबाब पर्न थाल्यो । भारतले धम्कीपूर्ण भाषामा विपीलाई मुक्त: गर्न आह्वान गरेको थियो । बन्दीगृहमा राजबन्दीको मृत्यु भएमा कलंकको टीका लाग्ने हुनाले त्यो अपराधको भागीदार नहुन सम्झाइन्थ्यो ।
२९ दिने अनशन कार्यबाट विपी नेपालका मात्र लोकप्रिय भएका थिएनन्, उनी भारतको भूमिमा पनि रोलमोडल बनिरहेका थिए । विश्वव्यापी राजनैतिक रंगमञ्चमा विपीको लोकप्रियता अभिवृद्धि भैरहेको थियो । प्रजातन्त्र, संघर्ष र राजनैतिक स्वतन्त्रताको भरणपोषण, पक्षपोषण र परिस्करण गर्ने आदर्श व्यक्तित्वका रूपमा उनको उचाई आकाशिएको थियो ।
काशीबाबुले विपीको स्वास्थ्य स्थिती, उपचार प्रक्रिया , अन्य राजबन्दीको सवाल, नेपालमा प्रजातन्त्रको स्थापना आदिका विषयमा भारतीय नेताहरूसँग बहस चलाए । नैतिक समर्थनले मात्र परिस्थिती नसम्हालिने यथार्थता जाहेर गरे । गान्धी, नेहरू, राजेन्द्र प्रसाल, वीपी लगायतका नेतहरू हजारीवाग जेलमा बसेको र भारतलाई स्वतन्त्रता प्रदान गर्न र उपनिवेशवादी अंग्रेजहरूलाई भारतबाटपलायन गराउन नेपाली सेना तथा कार्यकर्ताले ज्यानको बाजी लगाएर साथ दिएको अनेक उदाहरण प्रस्तुत गरेर काशीबाबुले भारतीय नेतृत्वको आँखा उघारी दिए । यदि भारतले तत्कालै गहकिलो कदम नचाल्ने हो भने विपीलाइ गुमाउनुपर्ने स्थिती आउँछ । यसले राजनैतिक परिवेशमा ठूलो हलचल उत्पन्न गर्न सक्छ । काबुबाहिर राजनीति प्रवेश गऱ्यो भने त्यसले ठूलो दुर्घटना निम्त्याउँछ भन्ने अनेकन सम्भावनाहरूको परिचर्चा गरेर उनले भारतीय नेतृत्व र सरकार पक्षलाई नेपाल र नेपालीहरूको हितमा पहलकदमी थाल्न सुझाए । फलस्वरूप सबै जसो भारतीय नेताहरूले मोहन शमशेर, बबरशमशेर, विजयशमशेर जस्ता तत्कालीन पदीय जिम्मेवारीमा रहेका अधिकारीहरूलाई पत्राचार गरे । तुरून्त रिहाइ गरेर भारत प्रस्थान गर्न मार्ग प्रशस्त गर्ने आसयका चिट्ठीहरू नेपालका पदाधिकारीहरूलाई प्रेषित गरे । परिणामस्वरूप मोहशमशेरले बाध्य भएर विपीलाई जेलमुक्त गरे । विपी मुक्त: हुने बित्तिकै भारत सरकारको सहयोगमा वैभवको क्यान्सर अस्पतालमा उनको स्वास्थोपचार सम्पन्न भयो । यस सन्दर्भमा भारत सरकारबाट सहयोग जुटाउन काशीबाबुको निकै प्रत्यन गरेका थिए ।

*क्रमश....*

## दिल्लीमा इपीजी बैठक सम्पन्न

काठमाडौं । नेपाल भारत प्रबुद्ध समूहको संयुक्त बैठक भारतको राजधानी नयाँ दिल्लीमा सम्पन्न भएको छ । दिल्लीको इन्स्टिच्युट फर डिफेन्स एण्ड एनालाइसिस ( आइडीएसए) भवनमा दुई दिने बैठक बिहीबारदेखि शुक्रबारसम्म चलेको थियो । नेपालमा नयाँ राजनीतिक परिवर्तनपछि बसेको इपिजीको यो पहिलो बैठक हो । बैठकको पहिलो दिन पाँचौ बैठकसम्म छलफल भएका विषयहरूको समीक्षा र दोश्रो दिन छलफल गरिने एजेण्डा तय भएको थियो । नेपाली पक्षका संयोजक डा. भेषबहादुर थापाले नेपालको बृहत्तर हितलाई ध्यानमा राखेर दुई मुलुकबीचको सम्बन्धलाई मजबुत बनाउने गरी छलफल अघि बढाउन समूह तयार रहेको बताए । प्रधानमन्त्री शेरबहादुर देउवाले प्रबुद्ध समूहलाई बैठकमा सहभागी हुन आउनु अघि सोही अनुरूप निर्देशन दिएका थिए । बैठकमा सन् १९५० को शान्ति तथा मैत्री सन्धिको विषयमा आएका राय र चासो लगायत सीमा, डुबान, व्यापार सम्झौतालगायत विषयमा थप छलफल भएको छ । दोश्रो दिन शुक्रबार भारतका तर्फबाट प्राध्यापक महेन्द्र पी. लामाले नेपालमा भारतीय सहायताका बारेमा प्रस्तुति दिएका थिए ।

## सन्धि पुनरावलोकन गरिने



काठमाडौं । नेपाल भारतकाबीच विभिन्न ठाउँमा देखिएका सिमा समस्या समाधान गर्न दुई देश सहमति भएका छन् । त्यस्तै सन् १९५० मा नेपाल भारतबीच भएको सन्धि पुनरावलोकन गर्न समेत दुई देश सहमत देखिएका छन् । भारतको नयाँ दिल्लीमा भएको प्रबुद्ध व्यक्ति समूह ईपिजीको बैठकले यस्तो निष्कर्ष निकालेको नेपाली समूहका प्रतिनिधि डा. राजन भट्टराईले जानकारी दिए ।
भट्टराईले सन्धिमा रहेका असमान बुँदाहरूलाई धारावाहिक रूपमा छलफल गर्दै आगामी बैठकले अन्तिम रूप दिने सहमति भएको बताए । नेपाल भारत सिमाका विषयमा पनि गम्भीर छलफल भएको नेपाली टोलिका अर्का प्रतिनिधि निलाम्बर आचार्यले बताए । छलफल निक्कै सकारात्मक भएको उनको भनाई थियो । सिमा समास्या यथावत् नरहनेमा दुबै पक्ष सहमत भएका छन् । अर्को बैठक आगामी फेब्रुअरी २४ र २५ मा काठमाडौंमा गर्ने सहमति गर्दै बैठक सकिएको छ । बैठकमा नेपाली समूहको प्रतिनिधित्व डा.भेषबहादुर थापा, नीलाम्बर आचार्य, सूर्यनाथ उपाध्याय र डा.राजन भट्टराई तथा भारतका तर्फबाट भाजपाका नेता भगतसिंह कोस्यारीसहित जयन्त प्रसाद, महेन्द्र पी लामा, बिसी उप्रेती सहभागी थिए ।

## सीमामा अतिक्रमण रोक्न तयार

काठमाडौं । पूर्वी नेपालको ताप्लेजुङ्देखि झापा हुँदै सुनसरीसम्मको सीमा पिलर भित्र पर्ने दशगजा अतिक्रम रोकथामका लागि नेपाल-भारत दुवै देशका सुरक्षा निकाय सहमत भएका छन् । भारतको बिहार राज्यस्थित किशनगंज जिल्लामा आयोजित प्रदेश नम्बर १ स्तरीय नेपाल-भारत बोर्डरको प्रशासन तथा प्रहरी प्रमुखसँग भएको सीमासम्बन्धी बैठकमा दुवै देशका सुरक्षा निकाय सीमा अतिक्रम रोक्न सहमत भएका हुन् । दशगजा भित्रको जमिन अतिक्रमण भए भारतसँगको सहकार्यमा त्यसको स्थलगत सर्वे गरी अतिक्रमण हटाइने सहमति भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक बिष्णुकुमार केसीले जानकारी दिए ।
यस्तै, सीमासम्बन्धी कुनै मुद्दा बल्झिए दुवै देशका प्रशासनिक तथा प्रहरी प्रमुखले त्यस बारेमा छलफल गरेर मुद्धा टुंगो लगाउने सहमति पनि भएको छ । बिहार सुपौल डिएम बैद्यनाथ यादवको अध्यक्षता भएको बैठकमा नेपालको तर्फबाट झापाका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारी, ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी जिल्लाका प्रशासन तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी प्रमुखको सहभागिता जनाएका थिए । भारतको तर्फबाट सुपौल, दार्जिलिङ, सिक्किम, किशनगंजका प्रशासन, एसएसबी, भारतीय प्रहरी प्रमुखको सहभागिता थियो ।

## गङ्गासागर मेलामा नेपाली स्वास्थ्य शिविर

काठमाडौं । संयुक्त नेपाली केन्द्रीय सेवा सङ्घ कोलकाताको आयोजनामा आउट्रामघाट( बाबुघाट)मा गङ्गासागर मेला तीर्थयात्री नि:शुल्क स्वास्थ्य सेवा शिविरको आयोजना गरिएको थियो । शिविरको उद्घाटनका क्रममा कोलकाताका नेपाली महावाणिज्यदूत एकनारायण अर्यालले शिविर सञ्चालन गरेर कोलकाताका नेपालीहरूले भारत तथा नेपालबाट तीर्थयात्रा गर्न गएका श्रद्धालुहरूको सेवा गरेकामा खुशी व्यक्त गर्दै महावाणिज्यदूतावासले शिविरलाई आर्थिक सहयोग गरिने घोषणा गरे । सङ्घका सभापति नरविक्रम थापाले माघेसङ्क्रान्तिका अवसरमा लाग्ने मेलालाई लक्ष्य गरी २९ वर्षदेखि सो शिविर सञ्चालन गरेर आफूहरूले नेपाली तथा भारतीयहरूलाई सेवा दिइरहेको जानकारी दिए । भारत नेपाल जनमैत्री सांस्कृतिक मञ्चका उपसभापति बद्रीविक्रम थापाले नेपाल र भारतबीच सामाजिक तथा सांस्कृतिक सहयोग विकासमा मञ्चले भूमिका खेल्ने बताए ।
शिविरमा भारतीय चिकित्सक र नर्स तथा नेपाली स्वयंसेवकले बिरामीलाई स्वास्थ्योपचार र औषधि उपलब्ध गराएको दिलीप थापा डान्स स्कुल, हाउडाका प्रमुख दिलीप थापाले जानकारी दिए । शिविरमा नेपाली जनकल्याण समिति, गोरखनाथ सेवा समिति, श्रीश्रीजानकीमाता नेपाली धार्मिक सङ्घ, प्रवासी नेपाली समाज सेवा सङ्घ, जगतसुधार बौद्ध समिति, श्रीसत्यवती धार्मिक नेपाली समिति, कोलकातालगायतका प्रतिनिधि स्वयंसेवक बनेका थिए ।


**शीत-लहरी के समय ठण्डा के कारण आदमी के मृत्यु भी हो सकेला ओही से,**

- गरम कपडा के जोगाड समय में ही करल जाओ ।
- शीत-लहरी के समय घर के बाहर खुला जगह पर बहुत समय ना बितावल जाओ, घर बाहर निकलेके परला चाहे बहुत समय बितावेके परला पर गरम कपडा पेन्हल जाओ ।
- रात के समय सिरक, कमर जइसन गरम कपडा ओढल जाओ । घर के भितर रात में सुतला पर देह के आउर अंग के साथे साथ अनिवार्य रूप से छाती आ मुडी तोपेके व्यवस्था कएल जाओ ।
- शीत-लहरी के समय आगी ताप के देह के गरम राखल जाओ, छाती आ मुडी के ठण्डा से बचावल जाओ ।
- ठण्डा के समय देह के जरूरी परेवाला गरम चिज खाएके आदत बनावल जाओ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**


## आरक्षण आन्दोलनमा मधेशी विद्यार्थीलाई सफलता

काठमाडौं । लामो समयदेखि त्रिभुवन विश्वविद्यालय अध्ययन संस्थान लगायतका क्षेत्रमा आरक्षणका लागि संघर्ष गर्दै आएका मधेशी विद्यार्थी संगठनहरू सफलता पाउने बाटोमा अग्रसर भएका छन् । आरक्षणका लागि पटकपटक आन्दोलित र सम्झौतासमेत गर्दै आएका मधेशी विद्यार्थीहरूको हकमा सर्वोच्च अदालतले फैसला गरेको छ । चिकित्सा शास्त्र अध्ययन संस्थानमा विगत कयौं वर्षदेखि राज्यले अंगीकार गरेको र संविधानमा व्यवस्था भएको राज्यको हरेक निकायमा ४५% आरक्षणको व्यवस्था गर्नुपर्दछ भनि मधेशी विद्यार्थी संगठनहरूले आन्दोलन गर्दै आएका छन् । आरक्षण आन्दोलनका नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका राष्ट्रिय जनता पार्टी नेपालका विद्यार्थी संगठनका अध्यक्ष मनिष मिश्रले सर्वोच्चको आदेश स्वागत योग्य रहेको बताएका छन् । सर्वोच्च अदालतले निवेदकको माग बमोजिम आदेश किन जारी हुनु नपर्ने हो, आदेश जारी हुनु नपर्ने भए कारणसहित १५ दिनभित्र विपक्षीहरूले जवाफ पठाउनुपर्ने आदेश दिएको छ । आइओएमका केही भ्रष्ट कर्मचारीले नियतवश नचाहदा चाहदै मजबुरीमा यसपाली देखी २०% मात्र लागु हुन्छ भनि आधार बनायो तर त्यति मै कहाँ मान्थ्यो र खस मानसिकता भएका मानवहरू अन्तत: उक्त २०% पनि दिनु हुदैन भनेर विभिन्न बहाना देखाई आरक्षित कोटामा निवेदकले मापदण्ड पुरा गर्न सकेन भनेर संपूर्ण सिटलाई खुला गरी काउन्सिलिन गराउन समयसिमा तोकिएको विद्यार्थी नेता मिश्र बताउँछन् । त्यसको विरूद्धमा मधेशी विद्यार्थीहरूले शिक्षा मन्त्रालयलाईसमेत विपक्षी बनाई सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । नेता मिश्र भन्छन्, ‘यो लडाई हामीले कुनै एउटा समुदायका लागि मात्र नभई सम्पूर्ण उपेक्षित, पछाडि पारिएका मधेशी, आदिवासी जनजाति, दलित लगायतका विद्यार्थीहरूका लागि हो । यो आन्दोलनमा सबैले साथ दिनुपर्छ ।’

## आन्दोलनमा राजपाको ऐक्यबद्धता

काठमाडौं । नेपाल सामाजिक परिचालक संघको चरणबद्ध आन्दोलन र संघर्षको कार्यक्रमप्रति राष्ट्रिय जनता पार्टी नेपालले ऐक्यबद्धता जनाएको छ । राजपाका संयोजक महन्थ ठाकुरले शुक्रबार एक विज्ञप्ति जारी गरी ऐक्यबद्धता जनाएका हुन् । हाल नेपाल सरकारको राज्यमन्त्री स्तरीय निर्णयबाट सामाजिक परिचालिकालाई सेवामा निरन्तर नरहने गरी गरिएको पत्राचारमा पार्टीको गम्भिर ध्यानाकर्षण भएको ठाकुरले जनाएका छन् । नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको स्थानीय स्वायत्त शासन ऐन २०५५ अन्तर्गत नेपाल सरकारबाट “सामाजिक परिचालन कार्यविधि, २०७१”बमोजिम स्थानीय सेवा प्रदायक संस्था छनौट गरी संस्था मार्फत हरेक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका हरेक वडामा १-१ जना सामाजिक परिचालक नियुक्ति भएका थिए । सामाजिक परिचालिकाहरू जनताको वीचमा रहेर स्थानीय तहबाट नै गरिबी न्यूनीकरण र दिगो विकासको कार्यमा सहयोग गर्ने सामाजिक परिचालिकालाई अवकास गरिएको निर्णयलाई अविलम्ब सच्याउन राजपाले सरकारसँग माग गरेको छ ।

## टुडेज युथ एशिया सूचीकृत


सन्तोष

काठमाडौं । अमेरिकास्थित युनिभर्सिटी अफ सान डिएगोको इन्स्टिच्युट फर पीस एन्ड जटिस (आईपीजे) ले अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूको सूचीमा काठमाडौंस्थित टुडेज युथ एशियालाई सूचीकृत गरेको छ । विश्वका विभिन्न देशका संस्थाहरूसँग सहकार्य गर्दै आएको आईपीजेले नेपालका लागि टुडेज युथ एशियालाई छनोट गरेको हो । आईपीजेले नेपालको द्वन्द्व व्यवस्थापनका लागि नेपालका राजनीतिक दल, नागरिक समाज र महिला नेतृहरूसँग मिलेर काम गर्दै आएको छ । नेपालको राजनीति तथा सामाजिक सुरक्षाका बारेमा नागरिक समाजसँग औपचारिक तथा अनौपचारिक छलफल, गोष्ठी आदि सञ्चालन गर्ने काम आईपीजेले गर्दै आएको छ । टुडेज युथ एशियाको स्थापना सन् २००२ मा काठमाडौंमा भएको हो । यसले डिप्लोम्यासीको क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा काम गरिरहेको संस्थाका अध्यक्ष सन्तोष साहले जानकारी दिए । खासगरी अमेरिका र एसिया टुडेज युथ एशियाको कार्यक्षेत्र हो । टुडेज युथ एशियालाई यो स्थानसम्म ल्याउन मद्दत पुर्याउने सबैलाई धन्यवाद दिँदै साहले आगामी दिनमा पनि सहयोगको अपेक्षा राखेको बताएका छन् । टुडेज युथ एशियाले अमेरिका-एशिया संवाद शृङ्खला, एशिया-वर्ल्ड संवाद शृङ्खला तथा पावर टक्स टेलिभिजन शो सञ्चालन गरिसकेको छ ।

## अर्गानिक जिल्ला बनाउन सघाउने

काठमाडौं । विश्वको पहिलो जैविक राज्य (अगार्निक स्टेट) घोाषित भारतको सिक्किम राज्य सरकारले नेपालको दोलखालाई अर्गानिक जिल्ला बनाउने अभियानमा सघाउने भएको छ । सिक्किम राज्यका मुख्यमन्त्री पवन चाम्लिङले दोलखा जिल्लाका जनप्रतिनिधिहरूसँगको भेटमा दोलखालाई अर्गानिक जिल्ला बनाउन प्राविधिक तथा जनशक्ति व्यवस्थापनमा सहयोग गर्ने बताएका हुन् । विश्वको पहिलो अर्गानिक राज्यको उपाधी पाएपछि सिक्किममा हरेक वर्षको जनवरी १८ मा अर्गानिक दिवस मनाउने गरिएको छ । सोही अवसरमा नेपालका प्रतिनिधिसभा सदस्य पार्वत गुरूङ र दोलखा जिल्लाका निर्वाचित नगर प्रमुख र गाउँपालिका प्रमुखहरूलाई भेट गरी मुख्यमन्त्री चाम्लिङले सिक्किम र दोलखाबीच भातृत्व सम्बन्ध गाँस्न चाहेको पनि बताएका छन् ।

## छिमेक वरपर...

# के ट्रम्पले दिएको चेतावनी कार्यान्वयन होला ?

-मंजूर अहमद

के संयुक्त राज्य अमेरिकाले प्रतिबन्धित गर्दै पाकिस्तानलाई आतंकवादी राज्य घोषणा गर्छ त ? के त्यसले अफगानिस्तान-पाकिस्तान सीमासम्म हलचल मचाउने आतंकवादीहरूलाई लखेट्न निमित्त पाकिस्तानी भू-भाग भित्र तर्साउने गरी आक्रमणकारी कारबाहि गर्छ त ? अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा नयाँ वर्षको अवसरमा रिसाएर जुन धोखाधड्डीपूर्ण र झूठो अभिव्यक्ति दिईए पछि त्यस सम्बन्धमा धेरै प्रकारका प्रश्नहरू विश्व समुदाय तथा सैनिक एवं कूटनीतिक विश्लेषकहरूद्वारा उठाउन थालिएका छन् ? पाकिस्तानमाथि विश्वका सबभन्दा शक्तिशाली राष्ट्रका राष्ट्रपतिद्वारा लगाईएको त्यस्तो सबभन्दा उग्र र कडा निन्दनीय आरोप सम्बन्धमा कारबाहि गर्न निमित्त उनका अधिकारीहरूले यस महिनामा बैठक गर्ने अपेक्षा गरिएको छ । जहिले पनि त्यस बारे जे जस्तो कारबाहि गरिए पनि ट्रम्पले दिएका चेतावनी अनुरूपको कारबाहि चालू गर्ने अपेक्षा गरिएको छ । ट्रम्पले आफ्ना छिमेकी इरान माथि लक्षित गर्दै भनेका थिए - "ओबामा प्रशासनद्वारा इरानसँग गरिएको भयानक सम्झौता विपरीत इरानले हरेक स्तरमा कार्य गर्न असफल रहेको छ ।" ट्रम्पको त्यस भनाईबाट यो देखिन थालिएको छ कि ट्रम्पले पाकिस्तानमाथि लगाएको गम्भीर आरोपको यस विशाल क्षेत्रमाथि समेत गम्भीर असर पर्ने सम्भावना समेत देखिएको छ । ट्रम्पले आफ्ना पूर्ववर्त्तीहरूको कार्यकाल बारे समेत निन्दा गरेको कारण इरानका जनमानसमा विद्रोह फैली सकेको छ ।

इरान जस्तो बढी प्रतिपस्पर्धी राष्ट्रमाथि गरिएको आलोचनाबाट कुनै सुरक्षा विशेषज्ञ आश्वश्त हुन सक्दैन कि त्यस आलोचना तथा आरोपको असर व्यापक रूपमा नवाज शरीफ सत्ताबाट बाहिरिए पछि राजनीतिक रूपले अस्थिर बन्न पुगेको पाकिस्तानमाथि नपर्न सक्नेछ किनकि अन्तरिम प्रकृतिको सरकारद्वारा हुने पाकिस्तानको निर्वाचनमा सेनाले नागरिक सरकार बन्न लायक स्थितिलाई अवरोधित पार्ने बलियो सम्भावना देखिएको छ ।

ट्रम्पले पाकिस्तानलाई बिलियनो अमेरीकी रकम प्राप्त गरेको स्मरण गराउने क्रममा आफ्ना पूर्ववर्त्ती राष्ट्रपति ओबामा तथा जर्ज डब्ल्यू.बुश जुनियर प्रति टिप्पणी गर्दै यस प्रकार भनेका थिए - "संयुक्त राष्ट्र अमेरिकाले गत १५ वर्षमा मूखर्तापूर्ण ढंगले पाकिस्तानलाई ३३ बिलियन डलर भन्दा बढी सहयोग दिए पनि तिनीहरूले हाम्रा नेताहरूलाई मूर्ख ठान्दै झूठो आश्वासन र धोका बाहेक अरू केही दिएन । तिनीहरूले अफगानिस्तानलाई सुरक्षित स्वर्ग जस्तै ठानेका आतंकवादीहरूलाई संरक्षण नै दिएका थिए ?" डोनाल्ड ट्रम्पले लिविआक पूर्व उग्र तानाशाहा मोअमार गद्दाफी अथवा उत्तरकोरियालाई संरक्षण दिने चीन विरूद्ध केही बोलेका छैनन् ? उनले खाली पाकिस्तानविरूद्ध मात्र बोलेका छन् जसले केवल अमेरिकाबाट प्रभावित अन्तर्राष्ट्रिय वित्तीय संगठनहरूबाट केवल ठूलो जमानत खोजेको छ । ट्रम्पप्रशासनले पाकिस्तानलाई प्रदान गर्ने सैनिक प्रशिक्षण तथा सामग्री सम्बन्धी सहयोग राशि अमेरीकी २५५ मिलियन डलरलाई रोक्का गर्ने सोच समेत लिएको छ । पेन्टागनद्वारा अमेरीकी कंग्रेसमा डिसेम्वर १७ का दिन सार्वजनिक गरिएको एक प्रतिवेदन मार्फत वाशिंगटनले मिल्दो-जुल्दो उद्देश्य र हकहितका लागि मात्र पाकिस्तानसँग 'एकपक्षीय कारबाहि' का आधारमा सहयोगको आदान-प्रदान गर्ने कुरो सार्वजनिक गरिएको छ । त्यसै क्रममा अमेरीकी उपराष्ट्रपति माइक पेन्सले २२ डिसेम्वरका दिन अफगानिस्तानको बाग्राम विमानस्थलको आकस्मिक भ्रमण गर्ने क्रममा चेतावनी दिएका थिए कि ट्रम्पले "पाकिस्तानमा निगरानी राखेको छ", जो १६ वर्षअगाडी शुरू भएको अफगान मुद्दा पछिको इस्लामाबादमाथि अमेरीकाको सबभन्दा कडा चेतावनी रहेको छ । ट्रम्प पाकिस्तानसँग किन रिसाएको सम्बन्धमा पूर्णरूपले जाहिर हुन केहि समय लाग्नेछ । त्यस मध्येको एक कारण, पाकिस्तानको अन्तरिम सरकारले मुम्बईमाथिको आतंकी आक्रमणका संचालक लश्कर-ए-तैयबाका प्रमुख हफीज सईदमाथि भारतले कारबाही गर्न माग गर्दा पनि त्यसलाई संरक्षण दिएकोछ ?

पाकिस्तान स्पष्ट रूपमा आश्वाश्त रहेको छ कि राजनीतिक र निर्वाचकीय अपूरो क्रियाकलापले सईदलाई वैधानिकता प्रदान गरी उसका हिमायती आतंकवादी पुत्रमाथि लागेको आतंकवादको आरोपबाट मुक्त गर्नेछ, तर ट्रम्प प्रशासनले पाकिस्तानको अन्तरिम सरकारको त्यस प्रयासविरूद्ध चेतावनी दिदै सईद अमेरिकाद्वारा घोषित आतंकवादी हो, जसका लागि पुरस्कार समेतको घोषणा गरिएकोछ । ट्रम्प प्रशासनको बढ्दो दबाबका बाबजूद पनि पाकिस्तान आफ्ना संरक्षकहरू चीन र साउदी अरबिआका राजनीतिज्ञ र जनरलहरूको निरन्तर सहयोग र सल्लाहबाट आश्वश्त भै प्रतिरोधी गतिविधि गर्दै आएकोछ - के त्यसले गर्दा अमेरीकी आक्रोशबाट पाकिस्तान सुरक्षित रहन सक्छ त ? पाकिस्तानका सेना प्रमुख जनरल जाबेद कमार बज्वा रियादको भ्रमण गरेको लगत्तै शरीफ बन्धुद्वयले वर्षौंसम्म रियादको भ्रमण गरेर राष्ट्रिय महत्वका मुद्दाहरू माथि छलफल गरेका थिए । अमेरीकाले आतंक अनुरूपको जे जति दबाब पाकिस्तानी प्रशासन माथि दिनेछ, त्यो भारतका लागि अनुकूल नै हुनेछ, खासगरीकन भारतले आतंकलाई मात दिने क्रममा निर्वाह गर्दै आएको सर्तकतापूर्ण काम कारबाहिका दृष्टिले ? आफ्नो प्रख्यात "प्रेसलर एमेण्डमेन्ट" का लागि दक्षिण एशियामा चिरपरीचित रहेका पूर्व रिपब्लिकन सिनेटर लैरी प्रेसलरको पटक-पटक यो माग गरेका छन् कि अमेरीकाले पाकिस्तानलाई आतंकवादको संचालक राज्यको रूपमा घोषणा गर्नु पर्छ । उनले डिसेम्वर २५ मा एक अन्तर्वार्ताका क्रममा भनेका थिए कि यो अमेरिकाका लागि ज्यादै कठिन र सख्त हुन जानेछ किनकि पाकिस्तानले वाशिंगटनमा आफ्नो प्रचारबाजीमा मिलियन्स एण्ड मिलियन्स डलर खर्च गर्दै आएकोछ ? उनले यस्तो पनि भनेका छन् - "मलाई डर छ कि सायद हामी त्यस्तो गर्दैनौ तर मेरो जीवनमा पहिलो पटक हामीले लामो समय यो भनेका थिएनौं कि कूटनैतिक दृष्टिले भारत र पाकिस्तान बराबर छ ।" जबसम्म अमेरीकाले सहीरूपमा आफ्नो कारबाहि संचालन गर्दैन तबसम्म त्यो भारतकालागि झिनो आश्वासन मात्र हुनेछ । लैरी प्रेसलरले यो पनि भनेका थिए कि चीनले पाकिस्तानले त्यसरी सघाउनु छैन जसरी कि तिनीहरू भन्दै आएका छन् किनकि तिनीहरूलाई महशूश गरी सकेका छन् कि पाकिस्तान एउटा ज्यादै अविश्वसनीय निकाय हो र अन्ततः तिनीहरू बेइमान भएको अवस्थामा नै समेत समाति सकेका थिए ।

चीनको चिन्ता र चाहना पाकिस्तानलाई विस्तारै थिच्दै जाने कुरो प्रख्यात रहेकोछ, खासगरीकन भारत आएको बखतमा तर त्यो भारतका लागि कुनै महत्व राख्दैन ? बेजिङ्गले इस्लामाबादलाई बलियो देखाउन चाहन्छ यदि उसले त्यसको ईशारामा अफगानिस्तानमा कूटनैतिक दृष्टिले शान्ति ल्याउनमा सघाउँछ भने ? एकातिर पाकिस्तानी जनतामा अमेरिकाविरोधी र चीन समर्थित भावना बढ्दो रूपमा रहेको छ भने पाकिस्तानी गुप्तचर संस्थाहरूले अमेरीका र चीनले उनीहरूको देशमा निर्वाह गर्दै आएको भूमिका प्रति बढी चासो राखेको छ । समयले मात्र त्यस वास्तविकता र चाहना बारे बताउनेछ ।

पाकिस्तानी सुरक्षा विश्लेषक मुहम्मद अमीर भन्नु हुन्छ कि अमेरीका र चीन आफ्नो नीति र गति अनुरूप काम गर्दै आएको छ - अमेरीका रूखो र चीन नरम रहे पनि दुबैको उद्देश्य अफगानिस्तानमा शान्ति र स्थायीत्व कायम गर्नु रहेको छ । जनवरी १ को 'डान' पत्रिकामा रानाले यसरी लेखेका छन् - "अमेरीकाले पाकिस्तानलाई अपेक्षित सहयोगका लागि कडा दबाब दिएको थियो तर चीनले आफ्नो दबाब खुकुलो मात्र राखेन बरू उसले इस्लामाबादलाई अफगानिस्तानमा विश्वासको अभाबलाई कम पार्न सहयोग समेत गरेको थियो । अमेरीका र चीनले क्रमशः कडा र नरम रूख अपनाएको स्पष्ट छ र त्यसको उद्देश्य अफगानिस्तानमा स्थायीत्व ल्याउनु नीतिहरूको सहभागितापूर्ण उद्देश्य रहेको छ ।" उनी स्पष्ट रूपमा पाकिस्तानको विभ्रान्तिपूर्ण दृष्टिकोण बारे भन्छन् - "कडा र नरमबीचको सन्तुलनलाई सावधानीपूर्वक सन्तुलित गर्दै अफगानिस्तानमा शान्ति ल्याउने कुरो पाकिस्तानका लागि कठिन प्रश्न रहेको छ । जबकि अफगानिस्तानमा स्थायीत्व बहाल गर्नु क्षेत्रीय शान्तिका लागि पूर्वाधार हो र त्यो सबै साझेदारीहरूको जबाफदेही हो -यस्तो लाग्छ कि विषयवस्तुको देशमा निर्धारण गर्नु पाकिस्तानको महत्वपूर्ण जवाफदेहिता बन्न गएको छ ।"

रानाले क्रियाकलापलाई सन्तुलित गर्दै सुझाएका छन् - "यो स्पष्ट छ कि पाकिस्तानले चीनसँग सहभागितालाई प्राथमिकता दिनुको कारण बहुउद्देशीय रणनीति, आर्थिक र राजनीतिक कारणहरू रहेकाछन् तर उसले अमेरीकासँग स्पष्ट उद्देश्य प्राप्तिका लागि आफूलाई अलग राख्न सक्दैन । प्रतिरक्षा र आर्थिक सम्बन्धका दृष्टिले अमेरीकाको बहुद्देशीय कूटनैतिक दृष्टिकोणहरू रहेकाछन्, जसले गर्दा उसले पाकिस्तानमाथि दबाब दिन सक्छ । ती दृष्टिकोणहरू मुख्यरूपले रियाद, दुबई र लण्डन मार्फत संचालित रहेका छन् । जबसम्म त्यो अधिकारीक रूपमा छलफल गरीदैन तबसम्म पाकिस्तानी नेतृत्वले त्यसलाई अनुपालन गर्न गाह्रो रहेको छ ।" रानाले चीनको प्रारम्भिक हस्तक्षेपबारे एक्ल्याउँदै बहस गर्न चाहेको छ तर यो निश्चित छैन कि चीनमा कूटनीतिले पाकिस्तानलाई कति सहयोग प्रदान गर्नेछ ? जबसम्म त्यसले अमेरिकाको आक्रमक दृष्टिकोणलाई प्रभावित पार्दैन र काबुललाई चीनको बदलिँदो प्रभावबारे पूर्णरूपमा आश्वश्त पार्नुका साथै पाकिस्तानसँगको द्विपक्षीय बारे समेत खुलासा गर्दैन तबसम्म चीनले आफ्ना प्रयासहरूलाई बढाउँदै लैजानेछ र काबुललाई त्रिपक्षीय संलग्नताको उपादेयता र फाइदाबारे आश्वश्त पार्दै जानेछ ।"

रानाले धमिलो भविष्यवाणी यस शब्दमा गरेका छन् - "वर्ष २०१८ ले पाकिस्तानका लागि अफगानिस्तान सम्बन्धी चुनौतीलाई झन् जटिल बनाउन सक्नेछ यदि पाकिस्तानमा भित्रैबाट छद्म हड्तालहरू बढ्न गयो भने ? यस वर्ष गत चौथाई अवधिमा पाकिस्तान, अमेरिका र अफगानिस्तानबीच जुन प्रकारको त्रिपक्षीय विश्वास केही मात्रामा बनेको थियो, त्यो खुश्किन जानेछ ।" यस प्रक्रियाको बारे आन्तरिक स्तरमा राजाले एक रोचक टिप्पणी यस प्रकार गरेका छन् :- "यसले मूलरूपमा पाकिस्तानमा हुने निर्वाचनमाथि असर पार्नेछ । यहाँसम्म कि मूलधारका पार्टीहरूलाई अमेरिका-भारत-अफगानिस्तान विरोधी नाराको निर्वाचकीय अभियानहरू संचालित गर्न बाध्य पारिनेछ । सही होस वा गलत त्यस्तो अवस्थामा हुने निर्वाचन रोचक र चुनौतीपूर्ण हुनेछ । हरेक पटक अमेरिका-भारत-अफगानिस्तान संयुक्त प्रसंगबाट पाकिस्तानका धार्मिक संगठनहरू लाभान्वित हुँदै आएका छन् ।" *– एजेन्सीबाट*

# क्वेटा आक्रमणले पाकिस्तानी सेनाको दम्भपूर्ण दाबीलाई नकार्छ ?

हालै क्वेटाको चर्चमाथि गरिएको बम आक्रमणमा नौ जना भन्दा धेरै मारिएको प्रसंगले एक पटक फेरी पाकिस्तानी सेना र त्यस देशभित्रका आतंकवादीहरूलाई परास्त गरेको बहादुरीपूर्ण दाबी भएको छर्लङ्ग पारी दिएको छ । आतंकवादीहरूले विभिन्न शहरहरूमा रहेको खासगरीकन अल्पसंख्यक समूहहरूमाथि लक्षित गरी आएका आक्रमणकारी सेनाको दाबीलाई गम्भीर शंकाको प्रश्न मात्र तेर्स्याएको छैन कि त्यसले वास्तवमा देशमा रहेका विभिन्न अल्पसंख्यक समुदायहरूलाई आतंकित र त्रश्त पार्न छानिएका आतंकवादी संगठनहरूलाई समेत सेनाले संरक्षित गर्दै आएको शंकास्पद प्रसंगलाई समेत उजागर गरेको छ । आतंकवादी संगठनहरूले इसाई, शिया, बलोच र अन्य अल्पसंख्यक समुदायहरूमाथि आक्रमण गर्नुको उद्देश्य ती समुदायहरू पाकिस्तानलाई सुन्नी-वहाबी समुदायको देशव्यापी रूपमा परिवर्तित गर्ने क्रममा अवरोध रहेको ठम्याएको छ । पाकिस्तानी संगठन हालै सुन्नी-वहाबी आतंकवादी तथा लश्कर-ए-तैयबा जस्ता आतंकवादी संगठनलाई नयाँ राजनीतिक संगठनको रूपमा निर्माण गर्न सघाएको प्रसंगले त्यस प्रकारको जटिलताको सम्भावनालाई बलियो तुल्याई दिएको छ । पाकिस्तानको जनसंख्याको २ प्रतिशत जति रहेको ईसाई समुदायमाथि पहिलो पटक मात्र यो आक्रमण गरिएको होइन किनकि सन् २०१३ मा एक जुड्वा आत्मघाती बमवर्षकले पेशावरमा ८५ जना भन्दा बढीको हत्या गरेको थियो भने सन् २०१६ मा लाहौरमा इस्टर मौसमको अवधिमा एक आत्मघाती बमवर्षकले ७० जनाभन्दा बढीलाई मारेको थियो, जसमा केटा-केटीहरू थुप्रै रहेको थिए ?

अंग्रेजी दैनिक 'डेल्ली टाइम्स' ले आक्रमणको सम्बन्धमा एकदम सरल तरीकाले उल्लेख गरेको छ कि सैनिक संचालनको गतिविधि नियमित रूपमा पनि आतंकवादीहरूले आक्रमण गर्दै जाने क्रम संचालित रहनुको अर्थ आतंकवादीहरू छूट पाउनुको अर्थ सुरक्षा नीति निर्धारित नगरिएर पनि स्पष्ट पार्दछ । देशको नेतृत्वले उग्रवादीहरूमाथि आतंकविरोधी गतिविधिहरू संचालित गरिएको दावी गर्दै आए तापनी आतंकवादीहरूले त्यस्ता आक्रमक गतिविधि संचालित गर्दै आएको अर्थ तिनीहरूको संगठनलाई समाप्त नपारिएकोबाट सत्तासीन वर्गको नीति र मानसिकता स्पष्ट नरहेको समेत स्पष्ट हुन आउँछ । अल्पसंख्यक समुदायहरूविरूद्ध हिंसात्मक गतिविधिहरूलाई संरक्षण दिने संगठनलाई उद्धृत गर्ने नीति सम्बन्धमा सो समाचारपत्रले यसरी प्रश्न तेर्स्याएको छ - "ती संगठनहरू जसले अल्पसंख्यक समुदायहरूविरूद्ध हिंसात्मक गतिविधिहरू संचालित गर्दै आएकोछ, दुर्भाग्यले तिनीहरू सरकारद्वारा मात्र प्रोत्साहित गरिएका छैनन् कि तिनीहरूले सरकारी संस्थाहरू भन्दा बढी शक्तिशाली रहेको समेत प्रतीत हुन्छ । यस बाहेक यो पनि अपेक्षा गर्न सकिन्छ कि त्यस्ता रक्तपात गर्नेहरू संरक्षित र मूलधारमा समेत समाहित गरिएका छन् ?"

आक्रमणको जिम्मेवारी दावी इस्लामिक स्टेटको खोरासन निकायले वा अन्य जुन कुनै आतंकवादीले गरे पनि पाकिस्तानले खासगरिकन आतंकवादीहरूलाई 'नराम्रा र राम्रा' दुई आतंकवादी श्रेणीमा विभाजित गरेको प्रायः सबैलाई थाहा भै सकेको छ । 'राम्रा आतंकवादी' मा हफिज सईदलाई र पाकिस्तानका अल्पसंख्यक र बाहिरका अफगानी र भारतीयहरूमाथि आक्रमण गर्नेहरूलाई राखिएको छ भने 'नराम्रा' मा सुरक्षाबल र आफ्ना संचालकहरूको नियन्त्रणमा नरहनेलाई राखिएको छ । सन् २०१४ को पेशावर आक्रमणमा १४० भन्दा बढी विद्यालयमा पढ्ने केटा-केटीहरू मारिए पछि प्रधानमन्त्री नवाज शरीफले तिनीहरूलाई 'राम्रा र नराम्रा' मा नछुट्याई आतंकवाद विरूद्धको अभियानमा अन्तिम आतंकवादीलाई समाप्त नपारेसम्म त्यो अभियान संचालित राख्ने भनेका थिए । त्यस दुखद घटनाको तीन वर्षपछि पनि पाकिस्तानले विध्वंशकारी र खतरनाक आतंकवादीहरू विरूद्धको उपयुक्त निर्णय गर्न सकेको छैन ?

जनरलहरूले आफ्नो पुरानो नीति त्याग्न नसकेका कारण देश बर्बाद हुने अवस्थामा आई पुगेको छ । तिनीहरूको मुख्य उद्देश्य र नियत सँधै आफ्नो प्रशंसा र सुरक्षा गर्नेमात्र रहँदै आएको छ । तिनीहरू दीर्घकालसम्म सत्तासीन जस्तै बनी रहने प्रदर्शन गर्दै आएका छन् जबकि भारतीय सैन्यवलसँग पटक-पटक मात खाँदै मोल-जोल गर्ने क्रममा आफ्नै भू-भाग गुमाई पनि सक्का छन् । तिनीहरू यस्ता बाठा विध्वंशकारी रहेका छन् जसले संचारमाध्यमहरूलाई बंग्याएर र तिनको सहयोग लिएर जनरलहरू आफ्ना सैनिकहरूका असफलता लुकाई पाकिस्तानकै अस्मिता जोगाउने सेना नै रहेको झूठो वातावरण निर्माण गर्दै आएका छन् ? लडाईका मैदानमा आफ्ना नागरिकहरूकै हित संरक्षण नगर्ने जनरलहरू नराम्रा आतंकवादीहरूमाथि समेत केही गर्न नसेकोले पाकिस्तानी सेनाको असक्षमता र कुटिलतालाई प्रदर्शन गर्छ । हफिज सईद जस्ता राम्रा आतंकवादी तिनीहरू (सेना) कै संरक्षणमा पलाउँदै आएको स्पष्ट छ । जनरलहरूले आतंकवादीहरूमाथि विजय प्राप्त गरेको दावी गर्नु बडो दुष्टतापूर्ण मजाक बनी सकेको छ किनकि पाकिस्तानका मुख्य शहरहरूमाथि ठूला आक्रमण भै रहनुको अर्थ रक्षक भनिने सेनाले नै अधिकांश पाकिस्तानीहरूको जीवन त्रासदीपूर्ण बनाई सकेको छ ? क्वेटा आक्रमण मात्रले तिनीहरूको गैरजिम्मेवारी क्रियाकलाप स्पष्ट पारी दिए पनि जनरलहरू अर्को राजनीतिको खेल खेल्नमा व्यस्त रहेको देखिएका छन् ? –एजेन्सीबाट

## पत्रपत्रिकाबाट...

### सहुलियत ऋणबारे छलफल

काठमाडौं । भूकम्पपछिको पुनर्निर्माणमा ७५ अर्ब सहुलियत ऋण दिने भारत सरकारको प्रतिबद्धता कार्यान्वयनबारे दुई देशकाअधिकारीबीच छलफल सुरू भएको छ ।भारतको मुम्बईमा सुरू भएको छलफलमा भारत सरकारले एक्जिम बैंक (एक्सपोर्ट इम्पोर्ट बैंक अफ इन्डिया) मार्फत दिने भनिएको सहुलियत ऋण कार्यान्वयनबारे छलफल भइरहेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले जनाएको छ । तीनदिने यो छलफलबाट सहुलियत ऋणबापतको रकम कसरी कार्यान्वयनमा लैजाने भन्ने निष्कर्ष आउने अपेक्षागरिएको छ ।२०७२ वैशाख १२ को भूकम्पपछि नेपाल सरकारले आयोजना गरेको दाता सम्मेलनमाभारतले पुनर्निर्माणका लागि एक खर्ब ४० अर्ब रूपैयाँ सहयोग गर्ने घोषणा गरेको थियो । पछि उसले २५ अर्ब रूपैयाँअनुदान र ७५ अर्ब रूपैयाँ सहुलियत ऋण सहयोग गरी कुल एक खर्ब रूपैयाँदिने प्रतिबद्धता जनायो । तर, प्रतिबद्धता जनाएको दुई वर्षसम्मपनिउक्त रकमप्राप्तहुन सकेन । प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण क्रममागतभदौमा सम्झौताभएसँगै अनुदानतर्फको २५ अर्ब रूपैयाँकार्यान्वयनमाआएको छ । सम्झौताबमोजिमनिजीआवास पुनर्निर्माणमा १० अर्ब, विद्यालयपुनर्निर्माणमा पाँचअर्ब, स्वास्थ्य संस्थापुनर्निर्माणमा पाँचअर्ब र सम्पदापुनर्निर्माणमा पाँचअर्ब रूपैयाँखर्च भइरहेको प्राधिकरणले जनाएको छ ।सहुलियत ऋणतर्फको ७५ अर्ब रूपैयाँको भने हालसम्म सम्झौताहुन सकेको छैन ।

### नेपालीको खोजी गरिने

काठमाडौं । भारतका विभिन्न राज्यमाथुनामा रहेका नेपालीको उद्धार गर्न भारतस्थित नेपाली दूतावासले पहल सुरू गरेको छ । दूतावासले भारतीय जेलमा रहेका नेपालीको प्रारम्भिक तथ्यांक संकलनगर्ने कार्य सुरू गरेको कार्यवाहक राजदूत भरतकुमार रेग्मीले जानकारी दिए । दूतावासले एक महिनाअघि भारतका केही संस्थासँग मिलेर तथ्यांक संकलनथालेको थियो । दूतावासका अनुसार पछिल्लो चार वर्षमा भारतका जेलबाट ७३ जना नेपालीको उद्धार गरिएको छ । तीमध्ये ४८ जनाको हिमाञ्चल प्रदेशको जेलबाट उद्धार गरिएको छ । अधिकांश नेपाली स्थानीय प्रहरीको कपोलकल्पित आरोपको सजाय भोग्दै आइरहेको बुझिएको छ ।

### बुद्धको काठमाडौं-कोलकाता उडान

काठमाडौं । निजी वायुसेवा कम्पनी बुद्ध एयरले काठमाडौंबाट भारतको कोलकाता उडान गर्ने घोषणा गरेको छ । यसका लागि कम्पनीले तीव्र गतिमा काम अगाडि बढाएको छ । कोलकाता-काठमाडौं रूटमा बुद्धले ७२ सिट क्षमतायुक्त जहाज प्रयोग गर्ने जनाएको छ । अर्को वर्ष भदौबाट भारतको कोलकाताका लागि काठमाडौंबाट नियमित व्यापारिक उडान सुरू गर्ने र यसका लागि आवश्यक तयारी तीव्र गतिमा चलिरहेको बुद्धका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले बताए ।उनका अनुसार कोलकाताका लागि प्रत्येक साता तीन उडान गर्ने योजना छ । कोलकाताका स्थानीय (बंगाली) पर्यटक लक्ष्य गरी उडान गर्न लागिएको बस्नेतले बताए । हाल यस्तै प्याकेज बनाएर भारतकै बनारस उडान पनि गरिरहेको बुद्धले कोलकातालाई थप महत्व दिएको छ ।

### तेस्रो साउथ एसिया ट्राभल अवार्ड भारतमा

काडमाडौं । दक्षिण एसियाको पर्यटकीय होटललाई व्यवस्थित र सशक्त बनाउने उद्देश्यका साथ साउथ एसिया ट्राभल अवार्ड (साटा) तेस्रो संस्करण भारतमा हुने भएको छ । सटाटा कमिटि माल्दिभ्सले साटा अवार्ड २०१८ भारतमा हुने घोषणा गरेको हो । आयोजक कमिटिमा अनुसार नेपालबाट २०१८मा अझ धेरै होटल, रिसोर्ट, एयरलाइन्सहरूले सहभागिता जनाउने छ । उक्त अवार्डमा नेपाल पर्यटन बोर्डले समेत सहकार्य गरेको छ । यस वर्ष श्रीलंका, माल्दिभ्स, भारत, नेपाल र भुटानका दुई हजार होटलबीच प्रतिस्पर्धा हुने अनुमान छ । यसका लागि नेपालमा विभिन्न होटल तथा पर्यटजसम्बद्ध कम्पनीको प्रस्तुतीकरण हुनेछ ।

## जिल्ला समाचार

### सीमास्तम्भ निर्माण प्रगतिबारे समीक्षा

वीरगन्ज । भारतको पूर्वी चम्पारणको मोतिहारीमा बसेको पहिलो फिल्ड सर्भे टिमको बैठकमा क्षतिग्रस्त भएका र हराएका पिल्लरको निर्माणमा भएको प्रगतिबारे समिक्षा भएको छ । बैठकमा नेपाली पक्षबाट पर्साका प्रमुख जिल्ला अधिकारी विनोद प्रकाश सिंह र भारतीय पक्षबाट पूर्वी चम्पारणका डीएम रमनकुमार कर्णले प्रगति विवरण प्रस्तुत गरेका थिए । तर, भारतीय पक्षको पिलर मर्मत तथा निर्माण सुस्त गतिमा भएको पाइएको छ । बारा र पर्सासँग भारतको सीमा जोडिएको क्षेत्रका १ हजार ७४४ पिल्लर क्षतिग्रस्त भएका वा हराएका छन् । अध्ययनअनुसार पर्साको सीमा क्षेत्रमा १०५९ र बाराको सीमा क्षेत्रमा ६८५ पिल्लर क्षतिग्रस्त भएका र हराएको पाइएको छ । त्यसमा नेपालले जोर र भारतले विजोर नम्बर गरी आधाआधा पिल्लर बनाउने सहमति भएको थियो । तर, भारतीय पक्षले हालसम्म करिव १ सय पिल्लर मात्र निर्माण तथा मर्मत गरेको पाइएको छ । जबकी सम्झौता अनुसार सन् अप्रिल २०१८ सम्म सबै पिल्लर बनिसक्नुपर्छ । पर्साका प्रजिअ सिंहका अनुसार भारतीय पक्षले समयमै काम पूरा गर्ने आश्वासन दिएको छ । 'नेपाल र भारतले आधा(आधा पिलर मर्मत तथा निमाण गर्ने सहमति भएकोमा भारततर्फ निर्माण कार्यमा सुस्तता देखिएको छ,' प्रजिअ सिंहले भने, 'बजेटको अभावमा कामले गति नलिएको बताउँदै समयमै पूरा गर्छौं भनेका छन् ।'

### नेपाल-भारत सीमा सर्वेक्षण

जनकपुरधाम । नेपाल र भारतका नापी विभागका प्राविधिकहरूले सीमा सर्वेक्षण गरिरहेका छन् । दुवै देशका सीमा सुरक्षा अधिकारीहरूको समेत उपस्थितिमा सर्वेक्षकहरूले सिमानामा रहेका पिलरहरूको सर्वेक्षण गर्न थालेका हुन् । प्रदेश नं. २ को पूर्वी जिल्ला सप्तरी र भारती सीमावर्ती सुपौलको कोसी नदीदेखि प्राविधिकहरू पिल्लरहरूको सर्वेक्षण गर्दै धनुषा आइपुगेका हुन । उनीहरूले विदेह नगरपालिका र धनौजी गाउँपालिकामा रहेका सिमानाको सर्वेक्षण गरेको हो । नेपाल र भारतको पूर्व-मेचीदेखि पश्चिम महाकालीसम्म रहेका सीमा सर्वेक्षणका लागि दुवै देशका ४ वटा संयुक्त टोली यस कार्यमा खटेको भए पनि टोली नम्बर २ ले कोसी नदीको २ सय ११ नम्बरको प्रमुख पिल्लरदेखि सुरू भएको सर्वेक्षण चितवनको ३ सय ५६ नम्बरको पिल्लरसम्म सर्वेक्षण गर्ने जिम्मेवारी पाएको जनाइएको छ ।

### "भारतको सहयोग निरन्तर रहने"

झापा । नेपालका लागि भारतीय राजदूत मन्जिवसिंह पुरीले नेपाल भारत सीमा नाकालाई व्यवस्थित बनाएर दुई देशबीचको व्यापार व्यवसाय सरल र समयानुकुल बनाउन भारत तयार रहेको बताएका छन् । भद्रपुर नगरपालिकाले आयोजना गरेको स्वागत सम्मान कार्यक्रममा बोल्दै उनले सीमालाई सहज र सरल बनाएर अधिकतम रूपमा दुई देशले फाइदा लिन सक्नु पर्ने बताए । नेपालको विकास र आर्थिक क्षमता हेर्न भारत आतुर रहेको भन्दै यसअनुसार नै भारतको सहयोग निरन्तर रहने पनि राजदूत पुरीले स्पष्ट पारे । उनले झापाको प्रमुख नाकामा रूपमा रहेको मेचीनगरको मेची खोलामा पुल निर्माण गरेर एसियन मार्गमा जोड्न योजनामा हस्ताक्षर भइसकेको पनि स्मरण गरे ।

### जेसिसको विवाद अदालतसम्म पुग्यो

वीरगंज । विधान विपरीत वीरगंज जेसिसको अधिवेशन सम्पन्न गरी स्वघोषित नया़ नेतृत्वको पदास्थापन समारोह समेत लज्जास्पद रूपमा सम्पन्न भएको आरोप लागेको छ । विधान विपरीत अधिवेशन गरेको भन्दै प्रेम झा सहितको टोलीले अधिवेशन खारेजको माग गर्दै जिल्ला प्रशासन हुदै पुष १३ गते उच्च अदालतमा मुद्दा दायर गरेपछि विवादित बनेको वीरगंज जेसिसको इतिहास फेरि विवादित पदास्थापन कार्यक्रमले चर्चा पाएको छ । वीरगंज जेसिसको बिहीबार साझ सम्पन्न पदस्थापन समारोहमा नेपाल जेसिसका अध्यक्ष तथा पदाधिकारीहरूको अनुपस्थिती, प्रमुख अतिथिका रूपमा आमन्त्रण गरिएका वीरगंज महानगरपालिकाका नगरप्रमखु विजय सरावगी समेत वीरगंज जेसिसको विवादलाई बुझेर कार्यक्रममा अनुपस्थित भएपछि काम चलाउ व्यक्तिबाट पदस्थापन सम्पन्न गरिएको थियो ।

### फाउण्डेशनद्वारा राहत वितरण

महोत्तरी । चिसो तथा शीतलहर पीडितहरूलाई धुर्मुस सुन्तली फाउण्डेशनले महोत्तरीमा पनि राहत सामग्रीहरू वितरण गरेको छ । भङ्गाहा नगरपालिकाका ७० घरपरिवारका लागि धुर्मुस सुन्तली फाउण्डेशन र स्थानीय संघ सँस्थाहरूले राहत वितरण गरेको गरेका छन् । भङ्गाहा नगरपालिका( ४ स्थित विपन्न ३९ मुसहर घरपरिवार र ३१ बातर परिवारलाई न्यानो बितरण गरिएको हो । भंगाह नगरपालिका( ४ स्थित रामनगरका अतिबिपन्न परिवार र मुसहर समुदायका ३९ परिवारलाई नगर पत्रकार संजाल बर्दिवास, भङ्गाहा नगरपालिका र नेपाल रेडक्रस बर्दिवास उपशाखाले न्यानो कपडा, कम्बल बितरण गरेको हो । यस्तै ३१ बातर परिवारलाई धुर्मुससुन्तली फाउन्डेसनले शीतलहरबाट बच्न न्यानो ब्लाङ्केट बितरण गरेको नेपाल रेडक्रस बर्दिवास उपशाखाका उपसभापति सुमन भुजेलले बताए ।

### विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण

कपिलवस्तु । स्थापनाकालको छोटो समयमै समाजमा सामाजिक काम गरी अत्याधिक चर्चा कमाउन सफल चेतनशील प्रतिष्ठान कपिलवस्तुले आफ्नो कार्यालयको उद्घाटन तथा साविकको गजेहडा स्रोतकेन्द्रअन्तर्गत रहेका सार्वजनिक विद्यालयमा अध्ययनरत ५० भन्दा बढी गरीब तथा जेहनदार विद्यार्थीलाई देउसीभैलो खेली उठेको रकमबाट रू १०००००/– एक लाख बराबरको शैक्षिक सामाग्रीबितरण गरेको छ । कपिलवस्तु जिल्ला शिक्षा कार्यालयका प्रमुख सुरेन्द्रराज पराजुलीको प्रमुख आतिथ्यता सहायक जिशिअको विशिष्ठ अतिथि संस्थाका अध्यक्ष असीम भट्टराईको अध्यक्षता संस्थाका संरक्षक समिर सायरको संचालनमा उक्त कार्यक्रम संचालन भएको हो । उक्त कार्यक्रममा बोल्दै प्रमुख जिल्ला शिक्षा अधिकारी पराजुलीले युवाहरू जाग्यो भने समाजमा जस्तोसुकै परिवर्तन पनि गर्न सकिने बताए । नामबाट नै प्रष्ट हुने चेतनशील प्रतिष्ठानले समाजमा चेतना हुने किसिमका काम गरेको भन्दै प्रशंसा गरेका छन् ।

### छाडा चौपाया नियन्त्रण सुरू

वीरगंज । वीरगंज महानगरपालिकाले नगरभित्र छोडिएका छाडा चौपाया नियन्त्रण अभियान शुरू गरेको छ । सुरक्षित सडक सवारी सञ्चालनका लागि विशेष अभियान सञ्चालन गरी नगरभित्र छाडा छोडिएका चौपायानगर रक्षकद्वारा नियन्त्रणमा लिने अभियान महानगरपालिकाले सुरू गरेको हो । महानगरपालिकाले माघ १ गतेदेखि अभियान सञ्चालन गरेर छाडा चौपाया नियन्त्रणमा लिने गरेको जनाएको छ । महानगरभित्र गाई, बाख्रा, सुंगुर र साँडे छाडा छोडने गरिएको छ । वीरगंज महानगरपालिकाको साँघुरो सडकमा सिटी रिक्सा, रिक्सा तथा अन्य सवारीसाधन सञ्चालनमा छाडा चौपायाका कारणा बाधा उत्पन्न भई सडक जाम हुने गरेको छ । विगतमा महानगर प्रतिनिधिविहीन भएको अवस्थामा छाडा चौपाया खुल्ला छाड्ने प्रवृत्तिमा वृद्धि भएको कारण नगरमा सवारी दुर्घटना बढेको थियो । यसरी नियन्त्रणमा लिएका छाडा गाईलाई रू ५००० , बाछ्लालाई रू ३००० जरिवाना लिएर छाड्ने गरिएको महानगरपालिकाले जनाएको छ ।

### खानेपानी निर्माण विवाद सहमतिमा टुंगियो

राकेश यादव, रौतहट । खानेपानी निर्माणको विषयमा कायम रहेको विवाद समाप्त भएको छ । ग्रामीण खानेपानी तथा सरसफाई विकास कोष समिति काठमाडौंको सहयोग र हेल्प नेपाल रौतहटको सहकार्यमा स्थानीय गरूडा नगरपालिका वार्ड नम्बर ७ पिपरिया दोस्तिया स्थित रामकविर मंदिरको जग्गामा निर्माण भइरहेको खानेपानी ओभरहेड टंकी निर्माणको कार्य पुनः सुचारू गर्ने सर्वपक्षीय बैठकबाट सहमति भएपछि विवाद टुङ्गिएको हो । गरूडा नगरपालिका कार्यालयमा नगरप्रमुख इन्नु राय यादवको अध्यक्षतामा भएको बैठकमा निर्माण स्थलको जग्गा नापजांच गरी टंकी निर्माणको कार्य अगाडी बढाउने सहमति भएको सहयोगी सस्था हेल्प लाइन नेपालका डाइरेक्टर राम प्रताप यादवले जानकारी दिएका छन । नगर प्रमुखले विकासको कार्यमा कसैले बाधा अवरोध पुर्याउने कार्य गरे त्यों क्षम्य नहुने बताएका छन् ।

### साइकलयात्रीको मृत्यु

मोरङ । मोरङको रतुवामाई नगरपालिका- १० स्थित उर्लाबारी-बरडंगा सडकखण्डमा यात्रुवाहक बसको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ । उर्लाबारीबाट आमबाडीतर्फ जाँदै गरेको को१ख १९६४ नंको यात्रुवाहक बसले सोही दिशाको साइकलयात्रीलाई ठक्कर दिँदा रतुवामाई- ९ बस्ने ४८ वर्षीय काशीराम धामी थारूको मृत्यु भएको हो । ठक्कर दिने बस र त्यसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।


प्रदेशका अस्थायी केन्द्र तोक्ने क्रममा संघीयताको मर्म विपरित दल र नेताका निजी स्वार्थ हावी हुनु अत्यन्त दुःखद र खेदजनक छ । खासगरी प्रदेश १, ५ र ७ (केही हदसम्म ३) मा पंचायतकालको विकास क्षेत्रको अवधारणा जत्तिको सन्तुलन पनि नदेखिनु अत्यन्त आपत्तिजनक छ । अब बस्ने प्रदेशसभाले मिलाओस् । **डा. बाबुराम भट्टराई**


अनुराधाजीको नाम प्रदेश प्रमुखमा आएको छ । उनको विरूद्धमा मैले भन्नु पर्ने केही छैन । उहाँ अन्तराष्ट्रिय ख्याति प्राप्त महिला हुनुहुन्छ । धेरै महिलाको उद्धार गर्नुभएको छ । तर मैले राज्यसँग संवाद गर्नुपर्दछ । **सरिता गिरी**


शहीद जत्ति जनताको घरमा थपिउन्, उपलब्धी आफ्नो घरमा भित्रियोस् भन्ने नियतका अगुवाहरूले गर्ने आन्दोलनमा लागेर अनाहकमा जीवन नगुमाऊँ, प्रदेशको राजधानी मागेर गरिने आन्दोलन आवेगमात्र हो, प्रदेशसभाको दुई तिहाईले सम्बन्धित प्रदेशको नाम र राजधानी तोक्ने संवैधानिक अधिकार प्रयोग हुन बाँकी नै छ । **मात्रिका पौडेल**


जसले जे भने पनि प्रदेशको अस्थायी राजधानी तोकिएका हेटौंडा, रूपन्देही र धनगढी सम्बन्धित धेरै जिल्लाबासीका लागि पायक पर्ने स्थान होइनन् । संयोग नै होला प्रदेशका पोखरा बाहेक सबै राजधानी दक्षिणमा परेछन् । **बबिता बस्नेत**


एक भाषा, एक धर्म र एक भेष (पोशाक) लाई राजाहरूले राष्ट्रिय प्रतिकको रूपमा विकाश गरे । तसर्थ हिन्दु खष आर्यहरूले आफ्नो बाहेक अरू समुदायको उन्नती देखेमा अनौठो मान्ने, अवरोध गर्ने र नेपाली नै होइनस् भनेर अपमान गर्ने लिगेसी स्थापित भएको हो । **दिल निशानी मगर**


एक समय काठमाडौंले संविधानको खुसियाली मनाउँदा तराई-मधेश रूँदै थियो । अहिले जनकपुरमा खुसियाली मनाईरहदा वीरगन्ज दुःखी हुँदा मन खिन्न छ । **किरण कुमार**


अहिले तोकिएका मुकामहरू अस्थायी हुन् । यसको समर्थन वा विरोधमा आफुलाई अनि अरूलाई दुःख नदिऔं । प्रदेशको स्थायी राजधानी तपाईकै निर्वाचित सांसदले तोक्नेछन् । विरोध, बन्द, हडताल नगर्न आफ्ना कार्यकर्ता अनि आम नागरिकलाई आह्वान गर्न प्रमुख दलका प्रमुख नेताहरूलाई अनुरोध । नेतृत्व लिनुहोस् । **मिलन पाण्डे**


'मेरो जिल्लामा प्रदेश राजधानी राख्न पाइदैन' भनेर आन्दोलन हुनु पर्ने हो तर भैरहेको छ त्यसको ठीक उल्टो । राजधानी भएर काठमाडौंको हविगत जगजाहेर छ, भोलि प्रदेश राजधानीको दुरावस्था नि त्यस्तै हुन्छ । राजधानी र विकास फरक चीज हुन । **महेश चौरासिया**


वीरगन्ज पछिल्लो समय एक एक गरेर सबथोक गुमाउने सहर बनेको छ । त्यत्रो ऐश्वर्य खरानी बन्दै छन् । बाबुआमाविहीन सन्तानजस्तो बनेको छ मेरो सहर । **गिरिश गिरी**


'मधेशको १ भोटको तुलनामा पहाडको १ भोटको 'वेटेज' किन बेशी ?' सोध्दा 'पहाडी भूगोललाई पनि बिकास चाहिन्छ' भन्ने, अनि 'पहाड-मधेश मिश्रित प्रदेश किन?' सोध्दा 'सबैको समान विकास होस् भनेर' भन्नेले ६ मध्ये ५ यस्ता मिश्रित प्रदेशका राजधानी मधेशमा तोकेको छ । पहाडमा विकास कसरी गर्ने अब ? **आशिष झा**

# सुनैनाको एकल चित्रकला प्रदर्शनी



काठमाडौं । मिथिला कलाबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म जगेर्ना जनाउँदै आएकी महोत्तरीकी सुनैना ठाकुरको एकल चित्रकला प्रदर्शनी गरेकी छन् । नेपाल कला परिषद्मा सोमबारदेखि सुरू भएको मिथिला कला प्रदर्शनी शुक्रबार सम्पन्न हुनेछ । मिथिला कलाकारितामार्फत् महिलाको समानताको अधिकारका साथै महिलाको क्षमताबारे उजागर गर्दै आएकी छन् । उनले खासगरी मधेशका महिला घुम्टोमा मात्र सीमित नरहेको बताउँछिन् । उनी भन्छिन्, 'मधेशका महिलाले अवसर पाए मुलुकको हरेक निकायमा सक्षम र सक्रिय जिम्मेवारी निर्वाह गर्न सक्छन् ।' बबरमलस्थित आर्ट काउन्सिलमा 'समानता' विषयमा उनको दोस्रो एकल चित्रकला प्रदर्शनी भइरहेको छ । उनको पहिलो कला प्रदर्शनी सन् २०१६ मा अमेरिकामा भएको थियो । उनले अन्तर्राष्ट्रिय अवार्डसमेत पाइसकेकी छन् । उनको एकल कला प्रदर्शनीमा लगभग २८ चित्रकलाहरू रहेका छन् । जसमा नारीको समस्त रूप, होलिका दहन, भगवान बुद्ध, माछा, गोदना रास लगायतका रहेका छन् । उनले अहिलेसम्म काठमाडौं, पोखरा, भारतका केही शहर लगायतका स्थानमा एकल चित्रकला प्रदर्शनीको आयोजना गरिसकेकी छन् । उनले नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानबाट ललितकला विशेष पुरस्कार, अमेरिकाबाट कमन ग्राउण्ड अवार्ड पाइसकेकी छन् ।



उनले आफूमा भएको चित्रकला गाउँघरका अन्य महिलालाईसमेत सिकाउने गरेकी छन् । उनले महिला आत्मनिर्भरताका लागि यसले सहयोग पुऱ्याउनुका साथै चित्रकलामार्फत् मिथिला कलाको महत्वसमेत बढ्ने बताउँछिन् । उनले मिथिला कला आफैमा विशाल भएकोले यस क्षेत्र लगनशीलताका साथ लाग्ने हो भने महिला परनिर्भरता हटाउन सहयोग पुग्ने भावना व्यक्त गरेकी छन् ।

# उपराष्ट्रपति र भारतीय राजदूतबीच भेट



काठमाडौं । उपराष्ट्रपति नन्दबहादुर पुन र नेपालका लागि भारतीय राजदूत मञ्जिव सिंह पुरीबीच भेटवार्ता भएको छ । उपराष्ट्रपतिको कार्यालय, बहादुरभवनमा मंगलबार भएको भेटमा दुई देशबीचको सम्बन्ध र समसायिक राजनीतिक अवस्थाबारे छलफल भएको हो ।
भेटका क्रममा उपराष्ट्रपति पुनले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनपछि नेपाल राजनीतिक स्थिरता र आर्थिक समृद्धिको यात्रामा अगाडि बढेको बताए ।
उनले नेपाल र भारतबीचको युगौंदेखिको सम्बन्ध साँस्कृतिक, धार्मिक, भाषिक हुँदै जनस्तरसम्म प्रगाढ रहेको भन्दै दुई देशबीचको सम्बन्धलाई अझै बलियो बनाउनुपर्ने धारणा राखे । उपराष्ट्रपति पुनले आउँदै गरेको भारतको गणतन्त्र दिवसको अवसरमा राजदूतमार्फत भारतीय राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, नेताहरू र भारतीय जनतामा शुभकामना व्यक्त गरेका छन् ।
भेटमा भारतीय राजदूत सिंहले अब बन्ने सरकारसँग सहकार्य गर्न भारत आतुर रहेको बताए । भर्खरै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन नेपाली जनताको सार्वभौम निर्णय भएकोले भारत त्यसलाई स्वागत र सम्मान गर्ने बताउँदै उनले निर्वाचनले नेपालको लोकतन्त्रलाई सुदृढ गरेको धारणा राखे ।

## आर्थिक समाचार

### एनसेल मेला सम्पन्न

काठमाडौं । एनसेल प्रा.लि.ले आयोजना गरेको एनसेल मेला २०७४ शनिवार जाउलाखेल, ललितपुरमा आयोजना पश्चात बिट मारेको छ । ग्राहक तथा शुभचिन्तकहरूसँग थप नजिक हुँदै खुसियाली साटासाट गर्न र द्रुतगतिको मोवाइल ब्रोडव्याण्ड सेवा लङ्ग टर्म इभोलुसन/फोरजीको अनुभव प्रदान गर्न, कम्पनीले पोखरा, विराटनगर र ललितपुरमा एनसेल मेला आयोजना गरेको हो । तीनै शहरहरूमा हजारौको संख्यामा दर्शक तथा आगन्तुकहरूले सहभागिता जनाई गीत(संगीत, फोरजी थिममा आधारित गेमहरू लगायत विविध क्रियाकलावहरूबाट भरपुर मनोरञ्जन लिएका छन् । एनसेल मेला पुष ८ गते पोखराको प्रदर्शनी केन्द्र, नयाँ बजारमा, पुष १५ गते विराटनगरको हाटखोलामा र पुष २९ गते ललितपुरको जावलाखेल फुटबल मैदानमा आयोजना गरिएको थियो । मेलामा आगन्तुकहरूको भरपुर मनोरञ्जनका लागि प्रख्यात कलाकार तथा सांगीतिक समुहहरूको प्रस्तुति, फोरजी थिममा आधारित विभिन्न गेमहरू, किड्स जोन, जादु र फुड स्टलहरू लगायत विविध रोचक क्रियाकलापहरू समावेश गरिएका थिए । मेलाको मुख्य आकर्षण कन्सर्ट रहेको थियो । मेलामा कलाकारहरू जस्तै शिव परियार, इन्दिरा जोशी, आषिश राना (लाउरे), अनि सांगीतिक समुहहरूमा कबवेभ र द एज ब्याण्डले आफ्नो प्रस्तुतिहरू राख्दै दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए । दर्शकहरूले उनीहरूको प्रस्तुतिसँगै नाच्दै झुमेका थिए । रोडिज्का विजेता समन श्रेष्ठ र उपविजेता अनिमेश शाहीको सहभागिताले मेलामा आकर्षण थपिएको थियो ।

### सगुनको मोबाइल एप सार्वजनिक

काठमाडौं । सोसल कमर्स साइट सगुनको मोबाइल एप भारतको राजधानी नयाँ दिल्लीमा सार्वजनिक गरिएको छ । बलिउड अभिनेत्री श्रद्धा कपुर र टेलिभिजन हस्ती मन्दिरा बेदीले सो एपको शुभारम्भ गरे । सगुनले आफ्नो बहुप्रतिक्षित एप सार्वजनिक गर्न नयाँ दिल्लीको बाह्रखम्बा रोडस्थित द ललित होटलमा भव्य समारोह आयोजना गरेको थियो । श्रद्धा समारोहको प्रमुख अतिथि बनेकी थिइन् । उदघाटनका क्रममा सगुनका संस्थापक गोविन्द गिरीसँग संवाद गरेकी श्रद्धाले यो एप आ-आफ्नो दैनिकीलाई व्यवस्थित गर्न सबैका लागि उपयोगी भएको बताइन् । संस्थापक गिरीले सगुन एउटा नेपालीले सुरू गरेको सामाजिक सञ्जाल भन्ने दायरामा मात्र सिमित नरही अमेरिका, भारत र नेपाललाई जोड्ने सेतु बनेको बताए । आफ्ना ब्राण्डमा विशेष छुट सहित आज सिजीका ब्राण्डहरू बिक्रीका लागि राखिएको छ ।

### नेपालगन्जमा सिजीको योजना

बाँकेका आधिकरिक बिक्रेता युसिपी कोहलपुर, कान्तिपुर ईलेक्ट्रोनिक्स् प्लाजा नेपालगञ्ज, टि.भि.हाउस नेपालगञ्ज, श्रेष्ठ टिभी नेपालगञ्ज र श्री स्वर्गद्वारी ट्रेडर्स नेपालगञ्जमा सिजी इलेक्ट्रोनिक्सले विभिन्न छुट सहित आफ्ना सामानहरू बिक्रीमा राखेको हो । 'आज तपाईको सहरमा' नामक योजना सहित १५ देखि १७ प्रतिशत सम्म सिजी ब्रान्डका प्रत्येक केल्भिनेटर तथा टोशिबाको खरिदमा छुटको व्यवस्था गरिएको ब्रान्डका म्यानेजर भोगेन्द्र चौधरीले जानकारी दिए । टिभी रोजे जस्तो मुल्य खोजे जस्तो स्तरको नारा सहित सिजीले नया मोडलका आकर्षक टिभीहरू टोसिबा, सेन्सीइ ब्रान्ड बजारमा ल्याएको उनले जानकारी दिए ।

## मधेशमा चीन सरकारको राहत सामग्री



राकेश यादव, रौतहट । रौतहट जिल्लामा पहिलो चोटी चीन सरकारको आएको राहत सामग्री अनलाइन मार्फत वितरण हुने भएको छ । गएको साउन महीनामा आएको विनाशकारी बाढीबाट क्षति भएका परिवारका लागि दिने राहत सामग्री अनलाइनमा पोस्ट गरेपछि वितरण गरिने समाज उत्थानका लागि सहकार्य यूनेस्को नेपालका अध्यक्ष दिलीप कुमार झाले बताएका छन् ।
रौतहटको मत्सरीमा आयोजना गरिएको पत्रकार सम्मलेनमा बोल्दै अध्यक्ष झाले बाढीपीडित ४ हजार गरीव, विपन्न, दलित, एकल महिलालाई राहत वितरण गरिने बताए । गणतन्त्र चीनको सहयोग र युएनडीपी र समाज उत्थान नेपालको सहकार्यमा रौतहट क्षेत्र नम्बर १ को मत्सरी, भलोहिया, गंगापीपरा, छतौना, चिकना, जेठरहिया, माधव नारायण नगरपालिकाको गढो गाउँका बाढी पीडितहरूलाई राहत सामग्री वितरण गरिने छन् । २४ हजार प्रभावित रहेका मध्ये पहिलो पटकमा ४ हजार प्रभावितहरूलाई राहत वितरण गरिने कार्यक्रम रहेको अध्यक्ष झाले बताएका छन् । १२ महिनासम्म प्रयोग गर्न सकिने सामग्रीहरू भएकोले पीडित परिवारलाई सहयोग पुग्ने झाले विश्वास व्यक्त गरेका छन् । राहत सामग्रीमा ऊनि पछ्यौरा २ थान, ऊनि कम्बल २, विर्को सहितको प्लास्टिकको बाल्टिन र जग २ थान, भाड़ाकूड़ा अल्मुनियमका भाड़ा ३ थान, खाना खाने प्लेट ३ थान, कप २ थान, डाडु र पन्यु गरी २ थान, कीटाणु प्रतिरोधी झूल २ थान, धुवाँरहित खाना पकाउने स्टोभ २ थान, फिलटर १ थान र स्वच्छता सामग्री दुइ महिलालाई पुग्ने सामान रहेको पत्रकार सम्मेलनमा जानकारी गराएको छ ।

## मधेश आन्दोलनको...

आन्दोलनमा अन्ततः उसले के पायो र के गुमायो, बहसको विषय यहि हो ।
सर्वप्रथम २० जिल्लामा रहेको मधेश आठ जिल्लामा झरेको छ । २० जिल्लामध्ये अधिकांश जिल्लामा पहिलो मधेश आन्दोलन चर्केको थियो । तर, अहिले जम्मा आठ जिल्लामा मधेश खुम्चिए पछि, मधेशले आफनो समगै पहिचान गुमाएको छ ।
मधेशी दलको उपस्थिति मात्र आठ जिल्ला रहेको प्रदेश २मा रहेको छ । त्यस बाहेकका जिल्लामा उनीहरू अत्यन्त न्यून या कमजोर छ ।
२०६३ को मधेश आन्दोलनले खोजेको कुरा २०७२ को संविधानले नदिएको एउटा यर्थाथ हो भने त्यहि संविधानबाट निर्मित कानुनअन्तर्गत भएको निर्वाचनहरूबाट निर्वाचित भएर मधेशी नेताहरू प्रतिनिधिसभा र प्रदेशसभाको संसाद बनेका छन् । २०६४ सालमा मधेशीहरूले अन्तरिम संविधानमा पाएको उचित प्रावधान २०७४ सम्म आउँदा गुमाएको छ । अब मधेशको प्रतिनिधित्व त्यस रूपमा सदनमा हुने छैन ।
मधेश आन्दोलनले मधेशका एजेण्डाहरू परिपक्व भएको छ । तर मधेशको नेतृत्व परिपक्व नहुँदा समग्रमा मधेशको आन्दोलनबाट प्राप्त उपलब्धीहरूले पनि संस्थागत हुन सकिरहेको छैन ।
दश वर्षमा मधेशको आन्दोलनबाट उदाएका नेताहरू लगभग सत्तामा पुगिसकेका हुन र उनीहरू आन्दोलनमार्फत सत्तालाई महत्व दिइरहेका कारणले पनि आन्दोलनले लक्ष्य हासिल गर्न सकको छैन ।

## मधेशीमाथि...

एक मधेशी नागरिकलाई डिउटीमा रहेका ट्राफिक प्रहरीको अभद्र व्यवहार राज्यले मधेशसँग कुन रूपमा गर्दो रहेछ छर्लङ भएको छ । ती ट्राफिक प्रहरीले औला देखाएर जुन रूपमा मधेश र मधेशी समुदायप्रति लक्षित गरेर अभद्रताको परिचय दियो, त्यससम्बन्धमा राज्यको मौनता रहस्मय छ । किनकी अहिलेसम्म ट्राफिक प्रहरी महाशाखाले ती प्रहरीप्रति कुनै प्रकारको कारवाही गरेको छैन, जबकी त्यसको भिडियो सामाजिक सञ्जालहरूमा भाइरल भइसकेको छ । राज्यले नै विभेदलाई प्रश्रय दिइरह्यो भने त्यसले भोली विखण्डनको बिउ रोपिन सक्छ भन्नेमा राज्यसहित सबै किन बेलामा सचेत नहुने ?

## फाँसीलाई...

नियन्त्रणमा लिएर उनलाई फाँसी झुण्ड्याएर मृत्युदण्ड दिएको थियो ।
पुरनेन्दु झा कृत 'काशीदेवी' पुस २७ गते बिहीबारदेखि काठमाडौंको सर्वनाम थिएटरमा प्रदर्शन भइरहेको छ । काशीदेवी नाटकको लेखक नीराजन झा रहेका छन् भने निर्देशन सरिता साहले गरेकी छिन् । नाटक हेर्नका लागि दैनिकजसो राजनीतिक दलहका उच्च पदस्थ नेताका साथै लेखक, पत्रकार, समाजसेवी, अनुसन्धानकर्ता समेतको उत्साहजनक सहभागिता रहने गरेको छ । नाटकमा सरीता शाह, सरस्वती अधिकारी, उत्पल झा, सुरभि सापकोटा, अर्जुन पौडेल, राज शर्मा, कृष्ण महतो, ध्रुवकुमार झा, प्रीति झा, सुलभ पाण्डे र अनिल कुर्मीले अभिनय गरेका छन् । नाटकको प्रकाश परिचालन प्रकाश खत्री, सङ्गीत परिचालन सरोज खडका र नृत्य निर्देशन प्रकाश कार्कीले गरेका छन् ।
निक्कै मेहनतका साथ तयार पारिएको उक्त नाटकमा कलाकारहरूको जिवन्त अभिनयले दर्शकहरूको मन जित्न सफल भएको छ । मधेशको वास्तविक परिवेश तथा स्थिति देखाउने उद्देश्यका साथ मञ्चको साजसज्जा तथा प्रकाशमा विशेष ध्यान दिईएको छ । नाटकमा विश्व काफ्लेको गीत, दिलीप महर्जन र विनोद बञ्जाराको मुरली र तबलाको धुनले दर्शकलाई झन दृष्यलाई जिवन्तता दिने कार्यमा सफल भएको दर्शकहरूको प्रतिक्रिया रहेको छ । मृत्युदण्ड दिँदै गरेको दृष्यले अधिकांश दर्शकहरूको आँखामा आँशु आउने गरेको युवा सिजन यादवले प्रतिक्रिया दिएका छन् ।

**दुर्गानन्द झाको संक्षिप्त जीवनी**

वि.सं. १९९९ साल बैशाख १४ गते धनुषाको दक्षिणी गाउँ जटहीमा आमा सुकुमारी देवी झा र बाबु देवनारायण झाका सुपुत्रको रूपमा दुर्गानन्द झाको जन्म भएको थियो । उनी सानैदेखि राम्रो फूटबल खेलाडीका साथै गीतसँगीतसमेत रूची राख्थे । गाउँमा प्राथमिक शिक्षा पाएपछि अगाडिको पढाइ त्यहाँ नहुने भएकोले उनी माध्यमिक तहको अध्ययनको लागि भारतको उमगाउँको एउटा विद्यालयमा भर्ना भए ।
१८ वर्षे दुर्गानन्दले जानकी मन्दिर नजिक सेना र गुप्तचरका आँखा छल्दै ग्रिनेड प्रहार गरेका थिए । प्रहारबाट राजा महेन्द्र चढेको ल्याण्डरोभर गाडीको पछाडिपट्टि सामान्य क्षति भएपनि राजालाई केही भएन । त्यसपछि दुर्गानन्द झा भागेर भारतमा रहेको सशस्त्र क्याम्पमा पुगे ।यता दुर्गानन्दका परिवार, आफन्त, इष्टमित्र, छरछिमेक, कांग्रेस नेता लगायत ५६ जनालाई पक्राउ गरी ठूलो यातना दिइयो । दुर्गानन्द आफन्त, इष्टमित्रले पाएको यातनाबाट दुःखी भएर तत्कालीन सरकारलाई चिट्ठी लेख्दै गिरफ्तारी दिए । गिरफ्तार गरी जलेश्वर जेलमा एक रात राखेपछि परकौली सैनिक क्याम्पबाट उनलाई सेनाको हेलिकोप्टरबाट काठमाडौं ल्याई सुन्धारास्थित भद्रगोल जेलमा राखियो । यो केसको छानविन गर्नका लागि एक विशेष अदालतको गठन गरिएको थियो । २०१९ भदौ १९ मा उनलाई कुनै सुनुवाईको मौका नै नदिई मृत्युदण्डको सजाय तोकिएको थियो । उनलाई २१ बर्षको उमेरमा २०२० साल माघ १५ गते मध्यराती केन्द्रीय कारागारमा पञ्चायत सरकारले मृत्युदण्ड दिएको थियो । मृत्युदण्डको अघिल्लो दिन २०२० साल माघ १४ गते उनले आमा सुकुमारी देवी र पत्नी काशीदेवी झालाई केही बेर भेटेर सान्त्वना दिए । दुर्गानन्दलाई विभिन्न शारिरीक र मानसिक यातना दिएर माफी मागी बिन्तीपत्र लेख्न भन्दा पनि उनले मानेनन् । फलतः उनलाई मृत्युदण्ड दिइयो । आमा लगायत परिवारले शव मागदा पनि पञ्चायति सरकारले दिएन । कुशको लास बनाएर भारतको गयामा उनको दाहसंस्कार भयो । दुर्गानन्दकी आमाको २०६० भदौ ३१ गते निधन भएको विकिपिडियामा उल्लेख छ ।

## "राधा सँग मोहन" को विशेष शो


*मैथिली चलचित्रको विशेष शोमा मन्त्रीद्वय जितेन्द्र नारायण देव र महेन्द्र यादव लगायत ।*

काठमाडौं । मैथिली भाषामा निर्माण भएको चलचित्र 'राधा सँग मोहन' को काठमाडौंमा एक विशेष शो प्रदर्शन गरिएको छ । कार्यक्रममा प्रमुख अतिथिको रूपमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जितेन्द्रनारायण देव र अतिथि खानेपानी तथा सरसफाईमन्त्री महेन्द्र यादव उपस्थित भएका थिए ।
विशेष शो पश्चात् मन्त्री देवले प्रतिक्रिया दिँदै मैथिली भाषाका चलचित्रहरूको उत्थान तथा विकासका लागि आफूले सक्दो प्रयास गर्ने प्रतिबद्धता जनाए । उनले मैथिली चलचित्र काठमाडौंमा प्रदर्शन हुनु गर्वको कुरा भएको बताए ।
यस्तै, अर्का मन्त्री यादवले मैथिली भाषाप्रति आफ्नो बढी झुकाव भएकोले यो सराहनीय कार्य भएको बताए । उनले मैथिली भाषाका चलचित्रले मैथिली संस्कृतिको जगेर्ना गर्ने बताए । जमल नाचघरमा प्रदर्शन गरिएको विशेष शोमा करिब ८० जनाको उपस्थिति भएको जनाइएको छ । सो कार्यक्रममा कलाकार, समाजसेवी तथा पत्रकारहरूको बाक्लो उपस्थिति रहेको थियो ।
चललिचत्रमा कथा-गीत डिपी शास्त्री, गायक उदितनारायण झा, दीपा झालगायत रहेको जनाइएको छ । चलचित्रको निर्माता दिपेन्द्र देव, निदेर्शक धर्मेन्द्र धर्मात्मा रहेका छन् । कलाकारहरू अमरेश सिंह, वीरेन्द्र गुवा, डीपी शास्त्री, दीपेन्द्र देव लगायत रहेका छन् ।
सो कार्यक्रममा कलाकर्मी योगेन्द्र देव, कमल मण्डल, ममता देव, इन्द्रदेव मण्डल, सन्तोष सरकार, परशुराम चौधरी लगायतले चलचित्रको सफलताको कामना गरेका थिए । सो चलचित्र फाल्गुण महिनामा हलहरूमा प्रदर्शन ल्याउने तयारीमा रहेको निर्माण समूहले जनाएको छ ।




**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं